## कर्णाली प्रदेश सरकार

# मध्यमकालीन खर्च संरचना

**(आ.व. २०८१/८२–२०८३/८४)**

कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

२०८१

कर्णाली प्रदेश सरकार

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८१/८२–२०८३/८४)

कर्णाली प्रदेश सरकार
**कर्णाली प्रदेश योजना आयोग**
वीरेन्द्रनगर, सुर्खेत
२०८१

# कर्णाली प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री, श्री यामलाल कंडेल | अध्यक्ष |
| माननीय श्री | उपाध्यक्ष |
| माननीय श्री | सदस्य |
| माननीय श्री | सदस्य |
| श्री चूडामणि पौडेल, प्रमुख सचिव, कर्णाली प्रदेश सरकार | सदस्य |
| श्री रविलाल शर्मा, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य –सचिव |

**कर्णाली प्रदेश सरकार**

# कर्णाली प्रदेश योजना आयोग

**वीरेन्द्रनगर, सुर्खेत**

**नेपाल**

## भूमिका

यस मध्यमकालीन खर्च संरचनालाई प्रदेशको आवधिक योजना अनुरुप आगामी आर्थिक वर्ष २०८१/८२ को व्ययको अनुमान र त्यसपछिको दुई आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ को स्रोत प्रक्षेपण सहितको तीन आर्थिक वर्षको चक्रीय बजेटको रुपमा प्रदेशका मन्त्रालय एवम् निकायहरुबाट प्राप्त वित्त र नतिजा सम्बन्धी सूचक एवम् बजेट अनुमान र प्रक्षेपण समावेश गरी प्रस्तुत गरिएको छ।

आवधिक योजना र बजेटबीच तादाम्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यस मध्यमकालीन खर्च संरचनालाई कर्णाली प्रदेशको आवधिक योजना र बजेटबीच तादाम्यता कायम राख्ने महत्वपूर्ण औजारको रहने अपेक्षा गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनामा आर्थिक वर्ष २०८१/८२-२०८३/८४ मा कर्णाली प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा प्रत्येक मन्त्रालय एवम् निकायबाट निक्यौल गरिएका कार्यक्रम समावेश गरिएको छ। प्रदेशको आवधिक योजना, नेपाल सरकारको सोहौं योजना, दिगो विकास लक्ष्य २०३०, प्रदेशस्तरका मन्त्रालहरुको दीर्घकालीन सोचलाई आत्मसाथ गर्दै दिगो, फराकिलो र उच्च आर्थिक विकासमा मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ ।

यो मध्यमकालीन खर्च संरचना प्रदेश सभाका माननीय सदस्य, स्थानीय तहका पदाधिकारी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शोधकर्ता, बुद्धीजीवी, पेशविद्, व्यवसायी तथा उद्यमी, व्यापारी, शिक्षक, विद्यार्थी, सञ्चारकर्मी एवम् अर्थतन्त्रका बारेमा अभिरुची राख्ने सबैलाई उपयोगी हुनेछ।

यो महत्वपूर्ण दस्ताबेज तयार गर्ने कार्यमा अनवरत संलग्न आयोगका पदाधिकारीहरू, मध्यमकालीन खर्च संरचना तर्जुमामा सङ्लग्न प्राविधिक समिति तथा कार्यदल, विज्ञ महानुभावहरू र यस आयोग तथा विभिन्न मन्त्रालय र निकायहरूमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छौं ।

२०८१ असार १

# विषयसूची


| विषय | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **परिच्छेद-१ः परिचय** | | **१-५** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | उद्देश्य | २ |
| १.३ | कानुनी आधार | २ |
| १.४ | संस्थागत व्यवस्था | ३ |
| १.५ | मध्यकालीन खर्च संरचना र योजनाहरूबीच सम्बन्ध | ५ |
| **परिच्छेद-२ : मध्यमकालीन खर्च संरचना** | | **६-२२** |
| २.१ | पृष्ठभूमि | ६ |
| २.२ | चुनौती तथा अवसर | ७ |
| २.३ | सोच, उद्देश्य तथा रणनीति | ७ |
| २.४ | मध्यमकालीन वित्त र नतिजा खाका | ८ |
| २.५ | मध्यमकालीन बजेट खाका | १२ |
| २.६ | बजेट विनियोजन र बाँडफाँडको प्रक्षेपण | १४ |
| | २.६.१ रणनीतिक सङ्केतको आधारमा बजेट बाँडफाँड | १४ |
| | २.६.२. आयोजना प्राथमिकताक्रमका आधारमा त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण | १४ |
| | २.६.३ गरिबी निवारण बजेट सङ्केत | १५ |
| | २.६.४ लैंगिक सङ्केतको आधारमा | १६ |
| | २.६.५ जलवायु सङ्केतका आधारमा | १६ |
| | २.६.६ दिगो विकास लक्ष्यका आधारमा | १७ |
| २.७ | वित्तीय हस्तान्तरण | २० |
| २.८ | वैदेशिक सहयोग व्यवस्थापन | २० |
| २.९ | आगामी तीन वर्षको लागि सुनिश्चित गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू | २१ |
| **परिच्छेद-३ : मन्त्रालय / निकायगत मध्यमकालीन खर्च संरचना** | | **२३-१२६** |
| ३.१ | उद्योग, पर्यटन, वन तथा वातावरण | २३ |
| ३.२ | भूमि व्यवस्था, कृषि तथा सहकारी | ३६ |
| ३.३ | भौतिक पूर्वाधार तथा शहरी विकास | ४५ |
| ३.४ | जलश्रोत तथा उर्जा विकास | ५२ |

| | | |
|---|---|---|
| ३.५ | सामाजिक विकास क्षेत्र | ६४ |
| ३.६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७६ |
| ३.७ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८३ |
| ३.८ | आन्तरिक मामिला तथा कानून | ९२ |
| ३.९ | प्रादेशिक आयोग तथा निकाय | ११२ |
| | ३.९.१ प्रदेश सभा | ११२ |
| | ३.९.२ प्रदेश लोक सेवा आयोग | ११४ |
| | ३.९.३ मुख्य न्यायाधिवक्ताको कार्यालय | ११८ |
| | ३.९.४ कर्णाली प्रदेश योजना आयोग | १२३ |

**अनुसूचीहरु :**

| | |
|---|---|
| अनुसूची-१ : विषयक्षेत्रगत आधारमा मध्यमकालीन बजेट बाँडफाँड | १२७ |
| अनुसूची-२ : रणनीतिक सङ्केत र रणनीतिक स्तम्भ अनुसार आयोजना तथा कार्यक्रम | १२९ |
| अनुसूची-३ : विकास बजेटका आयोजना प्राथमिकीकरणका आधारहरू | १३० |
| अनुसूची-४ : लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण र मापनका प्रमुख सूचक र उपसूचकहरु | १३२ |
| अनुसूची-५ : गरिबी न्यूनीकरण बजेट सङ्केत | १३७ |
| अनुसूची-६ : जलवायु परिवर्तन बजेट कोड | १३८ |
| अनुसूची-७ : असर र प्रभाव तहका सूचकहरूको विवरण | १४१ |
| अनुसूची-८ : बहुवर्षीय आयोजनाहरूको विवरण | १४३ |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

बर्तमान नेपालको संविधानले व्यवस्था गरेको लोक कल्याणकारी राज्य, सुशासन, विकास र समृद्धिको परिकल्पना पूरा गर्न सार्वजनिक स्रोतको प्रभावकारी परिचालन अनिवार्य हुन्छ । हरेक क्षेत्रमा गरिने सार्वजनिक खर्चलाई लक्ष्योन्मुख र उपलब्धीमूलक बनाउन नितान्त आवश्यक हुन्छ। नेपालको दीर्घकालीन राष्ट्रिय सोच ***"समृद्ध नेपाल, सुखी नेपाली"***, कर्णाली प्रदेशको दीर्घकालीन सोच ***"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"***, दिगो विकास लक्ष्य र सामाजिक न्यायमा आधारित समावेशी तथा सन्तुलित विकासको लक्ष्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको अहम् भूमिका रहन्छ । वि.सं. २०८७ साल सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय अठोट पूरा गर्न, ***"कर्णाली सोच २१००"*** को योजनाबद्ध कार्यान्वयन गर्न, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको मूल नारा पूरा गर्न सार्वजनिक स्रोतको कुशल र प्रभावकारी परिचालन अपरिहार्य हुन्छ। यसका लागि स्रोत-साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन लगायत सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई प्रयोग गर्न सकिन्छ।

आगामी वर्ष पनि आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता र सामञ्जस्यता कायम गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्ने औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई प्रयोग गरिन्छ। यसले सरकारसँग उपलब्ध सीमित स्रोत साधनको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकता क्षेत्रमा न्योयोचित वितरण र परिचालन गर्ने, सार्वजनिक खर्च प्रणालीलाई मितव्ययी र पारदर्शी बनाउने, वित्तीय अनुशासन कायम गर्ने कार्यमा सघाउ पुऱ्याउँदछ। कर्णाली प्रदेशमा पर्ने जाजरकोट जिल्लाको रामीडांडा केन्द्र विन्दु बनाइ मिति २०८० साल कार्तिक १७ गते गएको भुकम्पका कारण कर्णाली प्रदेशको अर्थतन्त्रमा पनि संकुचनहरू देखा परेको सन्दर्भमा मध्यमकालीन खर्च संरचनामा पनि अनपेक्षित परिवर्तन देखा पर्ने हुँदा यस्तो विशेष परिस्थितिको वास्तविक बोध गराउन यसको अझ ठूलो महत्त्व हुन्छ ।

कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षीय योजनाको अवधारणा पत्र (२०८१/०८२-२०८५/०८६) ले निर्धारण गरेका प्राथमिकता एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८१/०८२ अनुरूप बजेट तर्जुमा प्रकृयालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन

मध्यमकालीन खर्च संरचना २०८१/०८२-२०८३/०८४ तर्जुमा गरिएको छ । यसमा आगामी त्रिवर्षीय अवधिको खर्च तथा स्रोतको अनुमान गरिएको छ । सो अवधिमा प्रदेश सरकारबाट सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक स्रोतको प्रक्षेपण, स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने अनुदान तथा राजश्व बाँडफाँड, योजना तथा कार्यक्रमको प्राथमिकीकरण, दिगो विकास तथा लैङ्गिक सांकेतीकरणसहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिएको छ ।

## १.२ उद्देश्य

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:-

(१) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम र बजेट अनुमान तथा आगामी दुई आर्थिक वर्षको बजेट खाका तर्जुमा गर्ने ।

(२) आवधिक योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेट बाँडफाँड गर्ने।

(३) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

(४) सम्बन्धित मन्त्रालय तथा निकायको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने।

(५) कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणालीको अवलम्बन गरी खर्चको आवश्यकताको उत्पादकत्व वृद्धि गरी वित्तीय सुशासन कायम गर्ने ।

(६) संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा प्रतिफलदायी क्षेत्रमा योजना तथा कार्यक्रमलाई निर्देशित गर्ने ।

(७) प्रदेशको श्रोत सीमिततालाई मध्यनजर गरी संघीय सरकारको समन्वयमा वैदेशिक र स्वदेशी लगानीबाट श्रोत न्यूनता परिपूरण गर्ने ।

## १.३ कानुनी आधार

नेपालको संविधानको धारा ५६, ५७ र ५९ मा तीनै तहका सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी रहेको छ। यसैगरी, धारा २०७ ले प्रदेश सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्ष सुरू हुनुभन्दा अगावै प्रदेश सभा समक्ष राजश्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने

रकमहरू र प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकमहरू समेत खुलाई वार्षिक अनुमान पेश गर्ने व्यवस्था गरेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। सो ऐनको दफा १७ अनुसार प्रदेश सरकारले यसै ऐनको दफा १६ अनुसारको खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी व्यवस्था छ ।

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संघीय तथा प्रादेशिक आवधिक योजनालाई समेत मार्गदर्शनको रूपमा लिनुपर्ने प्रावधान ऐनमा उल्लेख छ । प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति ईकाइ लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिसमेत खुलाई प्रत्येक योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ ।

## १.४ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने संयन्त्र भएकाले वार्षिक बजेट तर्जुमामा यसको महत्त्वपूर्ण भूमिका रहन्छ। "**कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५**" मा मध्यमकालीन खर्च संरचना सम्बन्धी कार्यका लागि निम्नानुसारका संस्थागत संयन्त्र रहने व्यवस्था छ ।

**(क) मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समितिः**

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | सदस्यहरू, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| ४. | सचिवहरू, विषयगत मन्त्रालय | सदस्य |
| ५. | सदस्य-सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन दिई प्रभावकारी कार्यान्वयनका लागि पहल कदमी गर्दछ।

**(ख) बजेट तथा स्रोत अनुमान समिति**

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | सदस्यहरू, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४. | प्रमुख, प्रदेश कार्यालय, नेपाल राष्ट्र बैंक | सदस्य |
| ५. | प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ६. | सदस्य-सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | सदस्य सचिव |

यस समितिले प्रदेशको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार गरी आगामी तीन वर्षको लागि बजेट सीमा निर्धारण गर्ने कार्य गर्दछ।

**(ग) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति**

| | | |
|---|---|---|
| १. | सदस्य सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग | संयोजक |
| २. | महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३. | महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, सबै मन्त्रालय वा निकाय | सदस्य |
| ४. | योजना अनुगमन शाखा प्रमुख, कर्णाली प्रदेश योजना आयोग | सदस्य-सचिव |

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि बजेट कार्यान्वयन तहको यो एक महत्त्वपूर्ण समिति हो। समितिका कार्यहरू निम्नानुसार छन्ः

(क) सम्पूर्ण मन्त्रालय र निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ख) निर्देशक मार्गदर्शन तथा ढाँचा बनाउने, डाटावेश व्यवस्थापन गर्ने, कम्प्युटराइज्ड गर्ने तथा सञ्जाल विकास गर्ने,

(ग) मध्यमकालीन खर्च संरचनाको कार्य सम्पादन सम्बन्धी आवश्यक तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(घ) मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अन्य कार्य गर्ने ।

मन्त्रालय वा निकायगत मध्यमकालीन खर्च संरचना सम्बन्धी कार्यका लागि निम्न बमोजिमको मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था छः

| | | |
|---|---|---|
| १. | योजना तथा बजेट महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | संयोजक |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | सदस्य |
| ३. | सम्बन्धित निकाय अन्तर्गतको विभागीय स्तरको कार्यालयको प्रतिनिधि | सदस्य |
| ४. | योजना शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय | सदस्य सचिव |

यो कार्यदल मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी कार्य गर्ने संरचनागत श्रृङ्खलामा सबभन्दा तल्लो संरचना हो । यस कार्यदलले सम्बन्धित मन्त्रालय तथा निकायहरूमा आ-आफ्नो मन्त्रालयको मध्यमकालीन खर्च संरचना सम्बन्धी प्रत्येक क्रियाकलापको एकाईगत लागत आङ्कलन र परिमार्जन गर्दछ । यसले आफ्नो मन्त्रालय र निकाय अन्तर्गतको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी विषय समेटी बजेटको मस्यौदा तयार गर्नुका अतिरिक्त आवश्यकता अनुसार मातहत निकायहरूका लागि समन्वयात्मक भूमिका पनि निर्वाह गर्दछ। प्रत्येक कार्यक्रम तथा आयोजनाको एकाईगत लागत आँकलन एवम् परिमार्जन पश्चात मन्त्रालयगत खर्च संरचना तयार गरी कर्णाली प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयमा पेश गर्ने दायित्व समेत यसै कार्यदलमा रहेको छ।

## १.५ मध्यकालीन खर्च संरचना र योजनाहरूबीच सम्बन्ध

मध्यमकालीन खर्च संरचनालाई आवधिक योजना र वार्षिक बजेटवीच तादात्म्यता कायम गर्ने र प्रथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गर्ने वित्तीय औजारको प्रयोग गरिन्छ । यो आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षहरूको खर्च प्रक्षेपण गरी तीन वर्षको चक्रीय बजेट प्रस्तुत गर्ने त्रिवर्षीय चक्रीय योजना हो । मध्यकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र वार्षिक बजेटलाई नतिजासँग आवद्ध गर्दछ ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना

**(आर्थिक वर्ष २०८१/०८२-२०८३/०८४)**

## २.१ पृष्ठभूमि

नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच** एवम् प्रदेश सरकारले लिएको **समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको दीर्घकालीन सोच** पूरा गर्न समृद्धि र सुखारीका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ । सो बमोजिम कर्णाली प्रदेशको समृद्धि र सुखारीको दीर्घकालीन लक्ष्य हासिल गर्ने आधार योजनाको रूपमा दोश्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमाको क्रममा छ। यस योजनाले लिने सोच, लक्ष्य, उद्देश्य, रणनीति र सूचकहरूलाई आधार लिने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८१/०८२–२०८३/०८४) तयार गरिएको छ ।

कर्णाली प्रदेशको भूगोल ठूलो भए पनि भू-बनोट जटिल र विकट रहेको छ। त्यसमाथि ऐतिहासिक रूपमै आर्थिक सामाजिक विकासमा पछाडि पारिएको यस प्रदेशका आर्थिक-सामाजिक सूचकहरू अन्य प्रदेशको तुलनामा कमजोर रहनु स्वभाविकै छ । विगतका केही वर्षमा पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, उत्पादन र आम्दानीका सूचकहरूमा केही सुधारहरू देखिए पनि पञ्चवर्षीय योजनाले तय गरेको ***समृद्ध कर्णालीः सुखारी कर्णालीवासी*****को** लक्ष्य हासिल गर्नका लागि ती पर्याप्त छैनन् । तसर्थ, बजेट तथा मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्दा पूर्वाधार विकास, सामाजिक विकास, उत्पादन र उद्योग, पर्यटन र वातावरण, सुशासन प्रवर्द्धनको साथै आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, उत्पादन वृद्धि, रोजगारी सृजना र उद्यमशीलता विकास गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपाल सरकारको सोह्रौ योजना (२०८१/०८२-२०८५/०८६), कर्णाली प्रदेश सरकारले तर्जुमा गर्ने दोश्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६), कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधारको रूपमा लिइएको छ ।

## २.२ चुनौती तथा अवसर

कर्णाली प्रदेश सरकारले तर्जुमा गर्ने दोश्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) ले लिने सोच, लक्ष्य र उद्देश्य हासिल गर्न सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धि दर हासिल गरी *समृद्ध कर्णाली, सुखारी कर्णालीवासी*को सोचलाई व्यवहारमा उतार्नु प्रमुख चुनौतीको रूपमा रहेको छ। कर्णाली प्रदेशमा रहेको उच्च निरपेक्ष तथा बहुआयामिक गरिबी, भौगोलिक विकटता, कमजोर पोषण र खाद्य असुरक्षा, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको अभाव, विपदको उच्च जोखिम, कमजोर भौतिक पूर्वाधार र भरपर्दो यातायात सुबिधाको अभाव साथै बढ्दो जलवायु परिवर्तनको प्रभाव उत्तिकै चुनौतीपूर्ण रहेका छन्।

विनियोजन दक्षता, कार्यान्वयन कुशलता अभिवृद्धि एवं पुँजीगत खर्चमा सुधार गर्नुपर्ने चुनौती विद्यमान रहेका छन्। प्रदेशको कूल आम्दानीमा आन्तरिक आयको अंश न्यून रहेको अवस्थामा आवधिक योजनाको लक्ष्य एवं उद्देश्य अनुरूप प्रदेशको विकास र समृद्धिका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ।

सङ्घीय शासन प्रणालीको अवलम्बन पश्चात प्रदेश सरकारले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अवस्था सिर्जना हुनु अवसरको रूपमा रहेको छ। साथै, राष्ट्रिय जनगणना, २०७८ संक्षिप्त नतिजाअनुसार प्रदेशमा उपलब्ध जनसांख्यिक लाभलाई मानवपूँजी निर्माणको माध्यमद्वारा प्रदेशको विकासमा उपयोगको अवसर रहेको छ।

कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक, भौगोलिक, जैविक, पर्यावरणीय तथा सामाजिक-सांस्कृतिक विविधताको बहुआयामिक उपयोग हुने सम्भावना रहेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, विकास साझेदारहरूको कर्णालीप्रतिको आकर्षण, दिगो विकास लक्ष्यप्रतिको प्रतिवद्धता, आवधिक योजनाले अपेक्षा गरेको समृद्धि र विकासको चाहनालाई पूरा गर्न सहयोग पुग्ने देखिएको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

समृद्ध कर्णाली, सुखारी कर्णालीबासीको प्रदेशको दीर्घकालीन सोचसहितको दोश्रो पञ्चवर्षीय योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ।

### २.३.१ सोच

सामाजिक न्यायसहित दिगो, फराकिलो र तीव्र विकास।

### २.३.२ उद्देश्य

- गुणस्तरीय पूर्वाधार विकास गर्नु,
- दिगो, फराकिलो र तीव्र आर्थिक तथा सामाजिक विकास गर्नु,
- कर्णालीवासीलाई प्रत्यक्ष अनुभूत हुनेगरी सुशासन कायम गर्नु।

### २.३.३ रणनीतिहरू

कर्णाली प्रदेश सरकारका पूर्व आवधिक योजनाले लिएका रणनीतिहरू निम्नानुसार छन्ः

(१) आयोजना बैङ्क स्थापना गरी रणनीतिक महत्त्वका आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

(२) आधारभूत पूर्वाधारहरू वातावरण तथा जलवायु परिवर्तन अनुकूलित हुने गरी निर्माण गर्ने,

(३) सुलभ तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने,

(४) सार्वजनिक, निजी, सहकारी र सामुदायिक तथा वैदेशिक स्रोतको पहिचान र उच्चतम परिचालन गर्ने,

(५) सामाजिक सुरक्षा, लैङ्गिक समानता एवम् समावेशीकरणका माध्यमबाट सीमान्तकृत समुदाय र क्षेत्रका आवश्यकतालाई प्राथमिकताका साथ सम्बोधन गर्ने,

(६) युवालाई रोजगार दिन अनिवार्य न्युनतम आय आर्जन कार्यक्रम अघि बढाउने तथा प्रदेश विकासमा युवाहरूको सहभागिता सुनिश्चित गर्ने,

(७) मानव संशाधन र उद्यमशिलताको विकास गरी उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने,

(८) विकास प्रक्रियालाई फराकिलो, तीव्र र दिगो बनाउने,

(९) नवप्रवर्त्तनका लागि विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग गर्ने,

(१०) दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने,

(११) संघ र स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारीमार्फत प्रदेशको समृद्धि हासिल गर्ने,

(१२) आम नागरिकप्रति जवाफदेही, स्वच्छ, पारदर्शी प्रशासनमार्फत सुशासन कायम गर्ने।

## २.४ मध्यमकालीन वित्त र नतिजा खाका

कर्णाली प्रदेश सरकारका विगतका आवधिक योजना र तर्जुमाको क्रममा रहेको दोश्रो पञ्चवर्षीय योजनामा उल्लिखित समृद्धि र सुखारीका सूचक एवम् परिमाणात्मक लक्ष्यका आधारमा मध्यमकालीन वित्त र नतिजा खाका निर्धारण गरिएको छ । प्रदेशको विद्यमान अवस्था, उपलब्ध स्रोत, भविष्यका सम्भाव्यता र जनआकांक्षा तथा प्रदेश सरकारले लिएको दीर्घकालीन सोच, विषयगत लक्ष्य, उद्देश्य तथा रणनीतिहरूको आधार समेतलाई दृष्टिगत गरी यस मध्यमकालीन अवधिमा हासिल गर्नुपर्ने लक्ष्यहरू निम्नानुसार रहेका छन् ।

## तालिका नं. २.१
## प्रदेशको मध्यमकालीन वित्त र नतिजा खाकाका सूचकहरू

| क्र. सं. | सूचक | एकाई | ०७९/८० को यथार्थ | ०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| **समृद्धिका सूचकहरू** | | | | | | | |
| १.१ | वार्षिक औषत आर्थिक वृद्धि दर (प्रतिशत) | प्रतिशत | १.९६ | ३.३९ | ५.८ | ६.२ | ६.८ |
| | कृषि | प्रतिशत | ०.६ | २.२ | ३.४ | ३.९ | ४.५ |
| | उद्योग | प्रतिशत | ०.३ | ०.३ | ३.५ | ४.१ | ५.३ |
| | सेवा | प्रतिशत | ४.५ | ४.७ | ५.१ | ६.४ | ६.९ |
| १.२ | अर्थतन्त्रमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | |
| | कृषि | प्रतिशत | २९.३ | २९.५ | २८.५ | २७.८ | २७.१ |
| | उद्योग | प्रतिशत | १०.२ | ९.७ | ११.३ | १२.५ | १३.१ |
| | सेवा | प्रतिशत | ६०.५ | ६०.८ | ६०.२ | ५९.७ | ५९.८ |
| १.३ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरकी डलर | १०३१ | १०६६ | ११५० | १२३० | १४५० |
| १.४ | निरपेक्ष गरिबीको रेखा-मुनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.७ | २२.३ | १९.९ | १७.२ | १५.३ |
| १.५ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | ३९.५ | ३५.३ | ३३.७ | ३०.६ |
| १.६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | अनुपात | - | - | - | - | - |
| १.७ | मानव विकास सूचकाङ्क | सूचकांक | ०.५३८ | ०.५५७ | ०.५५९ | ०.६१२ | ०.६१५ |
| १.८ | लैंगिक समानता सूचकाङ्क | अनुपात | ०.९०४ | ०.९०६ | ०.९१७ | ०.९२५ | ०.९३० |
| १.९ | लैंगिक विकास सूचकाङ्क | सुचकांक | ०.५० | ०.५२ | ०.५३ | ०.५६ | ०.५९ |
| १.१० | सम्पत्तिमा आधारित गिनी सूचकाङ्क | सुचकांक | - | - | - | - | - |

| क्र.सं. | सूचक | एकाई | ०७९/८० को यथार्थ | ०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १.११ | आधारभूत खानेपानी सुबिधा पुगेको परिवार (प्रतिशत) | प्रतिशत | ७७ | ९३ | ९५ | ९७ | ९८ |
| १.१२ | सडक यातायातले जोडिएको स्थानीय तहको सङ्ख्या | संख्या | ६९ | ७३ | ७६ | ७९ | ७९ |
| १.१३ | जलविद्युत उत्पादन (मेगावाट) | मेगावाट | १६ | १६ | २० | २५ | ३१ |
| १.१४ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ५० | ५५ | ६० | ७६ | ८१ |
| १.१५ | सिँचाइ पुगेको खेतीयोग्य जमिन | प्रतिशत | १९ | २१ | २४ | २७ | ३५ |
| १.१६ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | २०.३ | २५.५ | २७.७ | २९.८ | ३४.६ |
| १.१७ | प्रदेशको कालोपत्रे सडक | कि.मि. | १५.९० | २८.४ | ४० | ५५ | ७० |
| १.१८ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | - | - | - | - | - |
| १.१९ | श्रम उत्पादकत्व | रु.हजारमा | - | - | - | - | - |
| **२. सुखारी सूचकहरू** | | | | | | | |
| २.१ | औषत आयु | वर्ष | ७२.५ | ७३ | ७३.२ | ७३.५ | ७४ |
| २.२ | ५ वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | प्रतिहजार | ४६ | ३५ | २८ | २६ | २५ |
| २.३ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३६ | ३२ | २९ | १९ | १५ |
| २.४ | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्यसेवामा पहुँच भएकोपरिवार | प्रतिशत | २१ | ३४ | ७५ | ७९ | ८३ |
| २.५ | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | १८ | १९ | २१ | २३ | २५ |

| क्र. सं. | सूचक | एकाई | ०७९/८० को यथार्थ | ०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| २.६ | साक्षरता दर | प्रतिशत | ७६.१ | ७७ | ८० | ८२ | ८५ |
| २.७ | यूवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | १०० |
| २.८ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९५.४ | ९५.६ | ९६.५ | ९६.९ | ९७.२ |
| २.९ | माध्यामिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५९.५ | ६१ | ६४ | ६७ | ७० |
| २.१० | उच्च शिक्षामा कूल भर्नादर | प्रतिशत | | ५६.९ | ६४ | ६९ | ७४ |
| ८१ | बेरोजगारी दर | प्रतिशत | ९.७ | ९.२ | ९ | ८.५ | ७.६ |
| २.१२ | सामाजिक सुरक्षामा आबद्ध जनसंख्या (कुनै न कुनै रूपमा) | प्रतिशत | ६०.४ | ६०.८ | ६१ | ६१.५ | ६२ |
| २.१३ | शारीरिक, मानसिक वा यौन हिंसापीडित महिला जनसङ्ख्या | जना | १३२ | १०० | ८० | ६० | ५५ |
| २.१४ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१ | ३४.५ | ३५ | ३५.१ | ३५.४ |
| २.१५ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ९४ | ९४.५ | ९५ | ९५.५ | ९६ |
| २.१६ | सुधारिएको सरसफाइ सुबिधा प्राप्त गर्ने परिवार (प्रतिशत) | प्रतिशत | ७० | ७५ | ८० | ८४ | ९० |

*स्रोतः कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायगत प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक सर्वेक्षण २०७९/८०, राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन, नेपाल जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण २०२२, मानव विकास प्रतिवेदन २०२०, मानवाधिकार प्रतिबेदन २०२२ इन्सेक, बहुआयामिक गरिबीको प्रतिवेदन २०२१, सोह्रौं योजना, रा.यो.आ.,* कर्णाली प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक कार्ययोजना (२०८०-२०८७), *आर्थिक मामिला तथा योजना मन्त्रालय ।*

## २.५ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय मध्यमकालीन बजेट विनियोजन तथा प्रक्षेपण गर्दा तयारीको क्रममा रहेको दोश्रो पञ्चवर्षीय योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, प्रदेश सरकारको वार्षीक नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकता र दिगो विकास लक्ष्यको मार्गचित्र एवम् विनियोजन कुशलतालाई मुख्य आधार लिइएको छ। माथि उल्लिखित वित्त र नतिजा खाकाका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च प्रक्षेपण गरिएको छ।

प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्का प्रकृयामा गएका आयोजनाको लागि आवश्यक बजेट सुनिश्चित हुने गरी मध्यमकालीन बजेट खाका निर्माण गरिएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ।

मध्यमकालीन स्रोत अनुमान गर्दा प्रदेश सरकारको विगतको राजश्व परिचालनको अवस्था, संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा अनुदानको उपयोगितालाई मध्यनजर गरी स्रोतको प्राथमिकता गरिएको छ।

खर्चको अनुमान तथा प्रक्षेपण गर्दा सर्वप्रथम प्रदेश सरकारले गर्नुपर्ने अनिवार्य भुक्तानी र दायित्व व्यहोर्न चाहिने रकमहरू जस्तैः संचित कोषमाथि व्ययभार हुने रकम, तलब, स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण आदि विषयलाई ध्यानमा राखिएको छ। खर्च अनुमानका आधारहरूको सम्बन्धमा चालु खर्चको अनुमान लगाउदा व्यवस्थापन कार्यको गहनता, नागरिकलाई दिनुपर्ने सेवा सुबिधा, राजस्व बाँडफाँडबाट प्राप्त हुने स्रोतसमेत प्रदेशको आफ्नो राजस्व क्षमता, वित्तीय समानीकरणको रूपमा प्राप्त हुने अनुदान तथा बजेट विनियोजन गर्दा मितव्ययीताको विषयलाई समेत विशेष रूपमा ख्याल गरिएको छ भने पुँजीगत खर्चतर्फ कार्यक्रम तथा परियोजनाको प्राथमिकता, त्यसमा लाग्ने कूल लागत तथा सम्बन्धित वर्ष गरिने कार्य तथा त्यसको लागि चाहिने स्रोतको विषयलाई ध्यान दिइएको छ। त्रिवर्षीय आय तथा खर्च प्रक्षेपण निम्न अनुसार रहेको छ ।

माथि उल्लिखित आधारमा प्रचलित मूल्यमा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ९८ अर्ब ९८ करोड ११ लाख प्रक्षेपण गरिएको छ । यसमध्ये चालु खर्च रु. ४० अर्ब र पुँजीगत खर्च रु. ५८ अर्ब ९७ करोड २९ लाख रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ राजश्व बाँडफाँडबाट रु. २० अर्ब ४४ करोड ४७ लाख, वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान रु. ५५ अर्ब ९५ करोड ८८ लाख, आन्तरिक रावश्व रु. १ अर्ब ८७ करोड व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.२ मा उल्लेख गरिएको छ ।

# तालिका नं २.२

त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रु. हजारमा, प्रचलित मूल्यमा)

| विवरण | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ संशोधित अनुमान | मध्यमकालीन अनुमान तथा प्रक्षेपण | | | तीन वर्षको कूल |
|---|---|---|---|---|---|---|
| | | | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | |
| **बजेट अनुमान** | | | | | | |
| चालु खर्च | ५१६९१९२ | ६३१८५४८ | ७५७५५९२ | ८१४९९९८ | ८२६०९९७ | २३९८६५८७ |
| पुँजिगत खर्च | १२७१६१९८ | १२१८९९७४ | १८७५०८६८ | २०१११०२२ | २२२३१२२१ | ६१०९३१११ |
| वित्तीय व्यवस्था | ६०३५० | ० | २५०००० | ३०९३३४ | ४५९३३३ | १०१८६६७ |
| वित्तीय हस्तान्तरण (स्थानीय तह) | ४३२११३६ | ५९१९६३८ | ४८३३५८१ | ५२१५१९२ | ५४३६१९२ | १५४८४९६५ |
| **कूल** | **२२२६६८७६** | **२४४२८१६०** | **३१४१००४१** | **३३७८५५४६** | **३६३८७७४३** | **१०१५८३३३०** |
| **स्रोत अनुमान** | | | | | | |
| राजश्व बाँडफाँड प्राप्ति | ६५४०१४४ | ८२०३२३८ | ९३८५३०० | १००५९४०० | १०००००० | २०४४४७०० |
| आन्तरिक राजश्व | ५७१७१० | ७५८८३९ | ८३४४६५ | ९३००००. | ११०६५३४०. | १२८२९८०५ |
| समानिकरण अनुदान | ९३८५६०० | ७५३२६१५ | १०३६६३०० | ११७५५४०० | १२९३०९४० | ३५०५२६४० |
| समपूरक अनुदान | ३२५९६५ | ७६१६०० | १२८५००० | १४३१००० | १५७४१०० | ४२९०१०० |
| विशेष अनुदान | ४०३०९३ | ५९७९०० | ६७२५०० | ९५४००० | १०४९४०० | २६७५९०० |
| सशर्त अनुदान | ३३८९७९६ | ४७६०००० | ३७१५००० | ४५०७२३९ | ५७१७९६३ | १३९४०२०२ |
| वित्तीय हस्तान्तरणबाट प्राप्त जम्मा अनुदान | १३५०४४५४ | १३६५२११५ | १६०३८८०० | १८६४७६३९ | २१२७२४०३ | ५५९५८८४२ |
| गत आ.व.को बचत | ८६०२६६२ | ६९५२०९४ | ५१३८१२६ | ४१२०००० | ३०५०००० | १२३०८१२६ |
| अन्य बैदेशिक | ० | | १३३५० | २८५०७ | | ४१८५७ |
| चालु अनुदान | | | | | | ० |
| चालु आन्तरिक ऋण | | | | | | ० |
| **कूल** | **२९२१८९७०** | **२९५६६२८६** | **३१४१००४१** | **३३७८५५४६** | **३६३८७७४३** | **१०१५८३३३०** |
| **वचत (-) न्यून (+)** | -६९५२०९४ | -५१३८१२६ | ० | ० | ० | ० |

## २.६ बजेट विनियोजन र बाँडफाँडको प्रक्षेपण

अगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपण विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण निम्नानुसार रहेको छ ।

### २.६.१ रणनीतिक सङ्केतको आधारमा बजेट बाँडफाँड

आवधिक योजनाले लिएका रणनीतिहरूका आधारमा प्रदेश सरकारले कार्यक्रम तथा आयोजनाहरूलाई पूर्वाधार निर्माण, सामाजिक विकास, उत्पादन र उद्योग, पर्यटन र वातावरण, विज्ञान, प्रविधि तथा अनुसन्धान, डिजिटल कर्णाली एवं सुशासन समेतका रणनीतिक स्तम्भका आधारमा रणनीतिक सङ्केतहरू प्रदान गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ। कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को रणनीतिक सङ्केतका आधारमा विनियोजन भएको बजेट विवरण तालिका नं. २.३ मा देखाइएको छ ।

**तालिका नं. २.३**

**रणनीतिक सङ्केतका आधारमा बजेट विनियोजन (रु. हजारमा)**

| सि. नं. | रणनीति | सङ्केत | आ.व. ०८१/८२ | |
|---|---|---|---|---|
| | | | बजेट अनुमान | प्रतिशत |
| १ | पूर्वाधार निर्माण | ०१ | | |
| २ | सामाजिक विकास | ०२ | | |
| ३ | उत्पादन र उद्योग | ०३ | | |
| ४ | पर्यटन र वातावरण | ०४ | | |
| ५ | विज्ञान, प्रविधि तथा अनुसन्धान | ०५ | | |
| ६ | डिजिटल कर्णाली | ०६ | | |
| ७ | सुशासन | ०७ | | |
| | **कूल जम्मा** | | | |

### २.६.२. आयोजना प्राथमिकताक्रमका आधारमा त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकताक्रमका आधार र मापदण्ड अनुसूची-३ अनुसार हुने भएकाले सो अनुसार प्रदेशका आयोजनाको प्राथमिकताक्रम गर्दा आर्थिक वर्ष २०८१/०८२, २०८२/०८३ र २०८३/०८४ मा तलको तालिकामा उल्लेख भए वमोजिम प्राथमिकता क्रमानुसार रकम र प्रतिशतको प्रक्षेपण गरिएको छ ।

**तालिका नं. २.४**

**आयोजना प्राथमिकीकरणका आधारमा बजेट विनियोजन (रु. हजारमा)**

| प्राथमिकता | आ.व.०७९/८० को यथार्थ | | आ.व.०८०/८१ को संशोधित अनुमान | | आ.व.२०८१/८२ को अनुमान | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो P१ | | | | | | | | | | |
| दोस्रो P२ | | | | | | | | | | |
| सांकेतिकरण नगरिएको | | | | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | | | |

पुनश्च: नयाँ आयोजना/कार्यक्रम र स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू विभिन्न प्रकृतिको हुने र सोको जानकारी हाल प्राप्त हुन नसक्ने हुदा विषयक्षेत्रगत विवरणमा खुलाइएको छैन ।

### २.६.३ गरिबी निवारण बजेट सङ्केत

कर्णाली प्रदेशका आयोजनाको गरिबी निवारणको आधार अनुसार वर्गीकरण गर्दा आर्थिक वर्ष २०७९/८० मा प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने र तटस्थ योगदान दिने अनुपात क्रमशः ........... र ............ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ मा तलको तालिकामा उल्लेख भएअनुसार रकमको प्रक्षेपण गरिएको छ।

**तालिका नं. २.५**

**गरिबी निवारण बजेट सङ्केत अनुसार त्रिवर्षीय बजेट विनियोजन (रू. हजारमा)**

| सि. नं. | सङ्केतको आधार | आ.व. ०७९/८० को यथार्थ | | आ.व. ०८०/८१ संशोधित अनुमान | | आ.व. ०८१/८२ को अनुमान | | आ.व. ०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | | | | | | | | | | |
| २ | अप्रत्यक्ष लाभ | | | | | | | | | | |
| ३ | तटस्थ | | | | | | | | | | |
| ४ | सांकेतिकरण नगरिएका | | | | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | | | | |

### २.६.४ लैंगिक सङ्केतको आधारमा

लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि निर्धारण गरिएका सूचकहरूका आधारमा पहिचान गरिएका लैङ्गिक आवश्यकता र सरोकारहरूको सम्बोधन गर्ने, लैङ्गिक अन्तर कम गर्ने र महिला सशक्तिकरणमा सहयोग पुग्ने गरी कार्यक्रमहरूको छनौट गर्नुपर्दछ । यस कार्यका लागि सूचक तथा उपसूचकहरू अनुसूची-४ अनुसार हुनेछन् ।

कर्णाली प्रदेशका आयोजनाको लैङ्गिक सङ्केतको आधार अनुसार वर्गीकरण आर्थिक वर्ष २०७९/८० मा प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने र तटस्थमा क्रमशः ३९ प्रतिशत, २८.३२ प्रतिशत र ३२.६८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ मा तलको तालिकामा उल्लेख भए अनुसार रकमको प्रक्षेपण गरिएको छ ।

**तालिका नं. २.६**

**लैङ्गिक संकेतका आधारमा त्रिवर्षीय बजेट (रु. हजारमा)**

| सि. नं. | लैङ्गिक सङ्केतको आधार | आ.व. ०७९/८० को यथार्थ | | आ.व. ०८०/८१ संशोधित अनुमान | | आ.व. ०८१/८२ को अनुमान | | आ.व. ०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | १२७६१०७२ | ३९. | १७८९०२३० | ३९ | १३७५८१२१ | ४३.८ | १४७२११८९ | ४३.८ | **१५८९८८८५** | ४३.८ |
| २ | अप्रत्यक्ष लाभ | ९२७६७४९ | २८.४ | ६०८४६४४७ | २८ | ६४३५६३४ | २०.५ | ६८८६१२८ | २०.५ | ७४३७०१९ | २०.५ |
| ३ | तटस्थ | १०६५८३८२ | ३२.६ | ९४०४८३० | ३३ | ११२१६२८६ | ३५.७ | १२००१४२६ | ३५.७ | १२९६१५४० | ३५.७ |
| **जम्मा** | | **३२६९६२०३** | **१००** | **८८१४१५०७** | **१००** | **३१४१००४१** | **१००** | **३३६०८७४४** | **१००** | **३६२९७४४३** | **१००** |

**श्रोत : आर्थिक ममिला तथा योजना मन्त्रालय**

**पुनश्च:** नयाँ आयोजना/कार्यक्रम र स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू विभिन्न प्रकृतिको हुने र सोको जानकारी हाल प्राप्त हुन नसक्ने हुँदा विषयक्षेत्रगत विवरणमा खुलाइएको छैन ।

### २.६.५ जलवायु सङ्केतका आधारमा

नेपालमा जलवायु परिवर्तन र त्यसका चुनौतीहरू देखा पर्न थालेको र यसबाट जलस्रोत, कृषि तथा खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायत जीविकोपार्जनका स्रोत साधनहरू अत्याधिक मात्रामा प्रभावित हुँदै गइरहेकोले जलवायु परिवर्तनको विषय महत्त्वपूर्ण र चिन्ताको विषय बनेको छ। जलवायु परिवर्तनका दृष्टिकोणले कर्णाली प्रदेश अति नै संवेदनशील प्रदेश रहेकाले

जलवायु परिवर्तन नीति, २०६७ ले समटेका विषयहरूलाई अगाडि बढाउन आवश्यक संस्थागत संरचना र बजेट कार्यान्वयन पक्षलाई विशेष ध्यान दिनुपर्नेछ।

कर्णाली प्रदेशका आयोजनाको जलवायु सङ्केतको आधार अनुसार वर्गीकरण गर्दा आर्थिक वर्ष २०७९/८० मा प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने र तटस्थमा क्रमश १९.६६प्रतिशत, ३१.१७ प्रतिशत र ४९.१८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१, २०८१/८२, र २०८२/८३ मा तलको तालिकामा उल्लेख भए वमोजिम निम्नानुसार रकम र प्रतिशतको प्रक्षेपण गरिएको छ ।

**तालिका नं. २.७**

**जलवायु सङ्केत अनुसार त्रिवर्षीय बजेट *(रु. हजारमा)***

| सि. नं. | सङ्केतको आधार | आ.व. ०७९/८० को यथार्थ | | आ.व. ०८०/८१ संशोधित अनुमान | | आ.व. ०८१/८२ को अनुमान | | आ.व. ०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ६४१०७३७ | १९.६६ | ७५६१८७८ | २२.६५ | ४४८९९५५ | १४.२९ | ४८१४५५२ | १४.०६ | ५२३०४२१ | १४.२ |
| २ | अप्रत्यक्ष लाभ | १०१६५३६२ | ३१.१७ | ११७५२९०८ | ३५.२१ | १२५२२८८१ | ३९.८७ | १४१२९२३५ | ४१.२६ | १५३०२४१२ | ४१.५४ |
| ३ | तटस्थ | १६०४००६४ | ४९.१८ | १४०६४९२१ | ४२.१४ | १४३९७२०५ | ४५.८४ | १५३०२३२२ | ४४.६८ | १६३०२२२२ | ४४.२६ |
| | **जम्मा** | **३२६१६१६३** | १००. | **३३३७९७०७** | १००. | **३१४१००४१** | १००. | ३४२४६१०९ | १००. | ३६८३५०५५ | १०० |

**श्रोत : आर्थिक ममिला तथा योजना मन्त्रालय**

पुनश्च: नयाँ आयोजना/कार्यक्रम र स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू विभिन्न प्रकृतिको हुने र सोको जानकारी हाल प्राप्त हुन नसक्ने हुदा विषयक्षेत्रगत विवरणमा खुलाइएको छैन ।

### २.६.६ दिगो विकास लक्ष्यका आधारमा

प्रदेश सरकारमार्फत सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमध्ये दिगो विकास लक्ष्यमा उल्लेख गरिएका १७ वटा सूचकहरूमध्ये कुन सूचक कार्यक्रम वा आयोजनासँग सम्बन्धित छ सो सूचक उल्लेख गर्नुपर्दछ। कुनै कार्यक्रम वा आयोजनाका लागि १ भन्दा बढी सूचक सम्बन्धित हुने देखिएमा सम्बन्धित सबै सूचकहरू उल्लेख गरी वर्गीकरण गर्दा आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ मा तलको तालिकामा उल्लेख भए बमोजिम निम्नानुसार रकम र प्रतिशतको प्रक्षेपण गरिएको छ। यस सम्बन्धी प्रदेशसँग सम्बन्धित सूचकहरू कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को अनुसूची-६ अनुसार हुनेछन् ।

तालिका नं. २.८

**दिगो विकास लक्ष्य अनुसार त्रिवर्षीय**

बजेट रु. हजारमा

| सि. नं. | दिगो विकास लक्ष्य | आ.व. ०७९/८० को यथार्थ | | आ.व. ०८०/८१ संशोधित अनुमान | | आ.व. ०८१/८२ को अनुमान | | आ.व. ०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४३२३६९७ | १३.२६ | ५०२१०८० | १५.७५ | ५०७९८४० | १६.१७ | ५४३३८८८ | १५.९१ | ५७०५५८२ | १५.४८ |
| २ | शून्य भोकमरी | ६३७८०० | १.९६ | ५२५२०० | १.६५ | १६८९१७ | ०.५४ | १७७३६३ | ०.५२ | १८६२३१ | ०.५१ |
| ३ | स्वस्थ जीवन | ३४००२४८ | १०.४३ | ३३०७३१२ | १०.३७ | ३१६६९३८ | १०.०८ | ३४२५२८५ | १०.०३ | ३५९६५४९ | ९.७६ |
| ४ | गुणस्तरीय शिक्षा | १४६४६७६ | ४.४९ | १४८१८८९ | ४.६५ | १९५७१६१ | ६.२३ | २०५५०१९ | ६.०२ | २१५७७७० | ५.८६ |
| ५ | लैङ्गिक समानता | २९११५५ | ०.८९ | १४९६९२ | ०.४७ | १७१०६० | ०.५४ | १७९६१३ | ०.५३ | १८८५९४ | ०.५१ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १५६३०० | ०.४८ | १६१५०० | ०.५१ | ४५९१३ | ०.१५ | ४८२०९ | ०.१४ | ५०६१९ | ०.१४ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १०००० | ०.०३ | १०००० | ०.०३ | | ०.०० | ० | ०.०० | ० | ०. |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ७३१४९८ | २.२४ | ८२८८५६ | २.६० | ४८६३६३ | १.५५ | ५१०६८१ | १.५० | ५३६२१५ | १.४६ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | १८६४३१६ | ५.७२ | १२६२५०५ | ३.९६ | १११९८८४ | ३.५७ | ११८०८७८ | ३.४६ | १२३९९२२ | ३.३६ |
| १० | असमानता न्यूनीकरण | ५७५४३ | ०.१८ | ६९८१२ | ०.२२ | १०१८८३ | ०.३२ | १०६९७७ | ०.३१ | ११२३२६ | ०.३ |
| ११ | दिगो सहर र बस्तीहरू | ३१२४०० | ०.९६ | ३४७३०० | १.०९ | ७४५०० | ०.२४ | ७८२२५ | ०.२३ | ८२१३६ | ०.२२ |

| सि. नं. | दिगो विकास लक्ष्य | आ.व. ०७९/८० को यथार्थ | | आ.व. ०८०/८१ संशोधित अनुमान | | आ.व. ०८१/८२ को अनुमान | | आ.व. ०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १२ | दिगो उपभोग तथा उत्पादन | २०२२९ | ०.०६ | १७५६२ | ०.०६ | १७०४७ | ०.०५ | १७८९९ | ०.०५ | १८७९४ | ०.०५ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ९४०४८६ | २.८८ | ७९६००६ | २.५० | ५७४८७४ | १.८३ | ६२३०३० | १.८२ | ६५४१८२ | १.७८ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | | | ०.०० | | ०.०० | ० | ०.०० | ० | ०. |
| १५ | भू-सतह स्रोतको उपयोग | १५७३१६ | ०.४८ | १७३४६४ | ०.५४ | २३५६३९ | ०.७५ | २४७४२१ | ०.७२ | २५९७९२ | ०.७१ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | २९६८९३ | ०.९१ | ३४४०२१ | १.०८ | ३४१९९८ | १.०९ | ३५९०९८ | १.०५ | ३७७०५३ | १.०२ |
| १७ | दिगो विकासका लागि साझेदारी | २९८४१५ | ०.९१ | ३०९२०५ | ०.९७ | ६५००० | ०.२१ | ६८२५० | ०.२० | ७१६६३ | ०.१९ |
| १८ | सांकेतिकरण नगरिएका | १७६५३१९१ | ५४.१२ | १७०७४३०३ | ५३.५६ | १७८०३०२४ | ५६.६८ | १९६३३१७५ | ५७.५० | २१६१२२३२ | ५८.६५ |
| कूल वजेट | | ३२६१६१६३ | १०० | ३१८७९७०७ | १००.०० | ३१४१००४१ | १००.०० | ३४१४५०११ | १००.०० | ३६८४९६६० | १००.०० |

श्रोत : आर्थिक ममिला तथा योजना मन्त्रालय

**पुनश्चः** नयाँ आयोजना/कार्यक्रम र स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू विभिन्न प्रकृतिको हुने र सोको जानकारी हाल प्राप्त हुन नसक्ने हुदा विषयक्षेत्रगत विवरणमा खुलाइएको छैन ।

## २.७ वित्तीय हस्तान्तरण

प्रदेश सरकारले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त गर्ने चार किसिमका अनुदान सम्बन्धमा आर्थिक वर्ष २०७९/८० को यथार्थ, आर्थिक वर्ष २०८०/८१ मा प्राप्त गर्ने संशोधित अनुमानित रकम तथा आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को लागि प्रक्षेपित रकम सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.९**

**अनुदान प्राप्ति सम्बन्धी त्रिवर्षीय अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| क्र. सं. | विवरण | आ.व. ०७९/८० को यथार्थ | आ.व. ०८०/८१ संशोधित अनुमान | आ.व. ०८१/८२ को अनुमान | आ.व. ०८२/८३ को प्रक्षेपण | आ.व. २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ९३८५६०० | १०१६४१०० | १०३६६३०० | १०३६६३०० | १२९३०९४० |
| २ | सशर्त अनुदान | ३३९१३१६ | ४७५०३०० | ३७१५००० | ४५०७२३९ | ५७१७९६२ |
| ३ | समपूरक अनुदान | ३३८४९१ | ७६१६०० | १२८५००० | १४३१००० | १५७४१०० |
| ४ | विशेष अनुदान | ४०४७६१ | ५९७९०० | ६७२५०० | ९५४००० | १०४९४०० |
| **जम्मा** | | **१३५२०१६८** | **१६२७३९००** | **१६०३८८००** | **१७२५८५३९** | **२१२७२४०२** |

**श्रोत : आर्थिक ममिला तथा योजना मन्त्रालय**

## २.८ स्थानीय तहमा वित्तीय हस्तान्तरण

प्रदेश सरकारले पनि नेपाल सरकारबाट प्राप्त अनुदान तथा आफ्नो स्रोतबाट उठ्ने राजस्वमध्येबाट खर्च आवश्यकता तथा राजस्व क्षमताको आधारमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था छ (नेपालको संविधान, धारा ६०, उपधारा ५)। प्रदेशले स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमको प्रकृति तथा क्षमता एवम् प्रदेशको स्रोत र प्राथमिकताको आधारमा सशर्त अनुदान समेत प्रदान गर्न सक्दछ। यस व्यवस्था अनुसार आगामी तीन वर्षमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा सवारी साधन कर वापतको राजस्व हस्तान्तरणको अनुमानित प्रक्षेपण तल दिइएको छ ।

**तालिका नं. २.१०**

**स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | कूल हस्तान्तरण |
|---|---|---|---|---|---|
| २०७९/८० को यथार्थ | ८००००० | २३९८७२९ | ५१२००० | ३०५००० | ४०१५७२९ |
| २०८०/८१को संशोधित अनुमान | ८००००० | २८८२४४० | ८४२५०० | २७५५०० | ४८००४४० |
| २०८१/८२ को अनुमान | ८००००० | ३०९१८०० | ६७८२०० | ३००००० | ४८७०००० |

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | कूल हस्तान्तरण |
|---|---|---|---|---|---|
| २०८२/८३ को प्रक्षेपण | ८००००० | ३२७७३०८ | ७००००० | ३००००० | ५०७७३०८ |
| २०८३/८४ को प्रक्षेपण | ३२००००० | ३३७५६२७ | २७३२७०० | ११८०५०० | १८७६३४७७ |

**श्रोत : आर्थिक ममिला तथा योजना मन्त्रालय**

पुनश्च: नयाँ आयोजना/कार्यक्रम र स्थानीय तहलाई प्रदान गर्ने अनुदानहरू विभिन्न प्रकृतिको हुने र सोको जानकारी हाल प्राप्त हुन नसक्ने हुदा विषयक्षेत्रगत विवरणमा खुलाइएको छैन ।

## २.९ आगामी तीन वर्षको लागि सुनिश्चित गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्न निम्न कार्यक्रम तथा आयोजनालाई कम्तिमा पनि आगामी तीन वर्षसम्मलाई निरन्तरता दिने गरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

१. वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान
२. मुख्यमन्त्री रोजगार कार्यक्रम
३. आ.व. २०८०/०८१ लाई **नागरिक स्वास्थ्य परीक्षण वर्ष**को रूपमा कार्यान्वयन गर्ने
४. महिला, दलित, जनजाति, अपाङ्गता तथा सीमान्तकृत समुदाय लक्षित कार्यक्रम
५. प्राङ्गारिक कृषिमा वृद्धि, कर्णालीको समृद्धिको सोच अनुसार प्रदेशको अर्गानिक कृषि अभियानलाई सफल बनाउन स्थानीय तहको सहलगानीमा प्राङ्गारिक मल उत्पादन कारखाना स्थापनाको लागि सम्भाव्यता अध्ययन
६. "उत्पादन एक: स्वामित्व अनेक" भन्ने मान्यताका साथ कृषि उपज तथा पशुपन्छी व्यावसायीकरणको लागि कृषकहरूलाई प्रोत्साहन कार्यक्रम
७. कृषकहरूको ज्ञान, सीप र प्रविधि प्रदान गर्न कृषि तथा पशु प्राविधिकलाई स्थलगत परिचालन गर्न कृषि प्राविधिक परिचालन कार्यक्रम
८. खार्पु-सिमीकोट-मानसरोवर प्रवेशद्वार नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम
९. रिङ्गबो बस्ती विकास कार्यक्रम (शे-फोक्सुण्डो डोल्पा)
१०. जुम्ल्याहा मूल सिंचाइ तथा पर्यटकीय बहुउद्देश्यीय कार्यक्रम
११. महिला आयआर्जनका लागि स्थानीय आर्थिक विकास कार्यक्रम
१२. तरल नाइट्रोजन उत्पादन प्लान्टको स्थापना
१३. एक जिल्ला एक उद्योग ग्राम स्थापना
१४. कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयन
१५. जडिबुटी विकास कार्यक्रम, लेक तथा पाटन संरक्षण कार्यक्रम

१६. २५ देखि ५० शैय्या सम्मका जिल्ला अस्पतालमा डायलाइसिस, दन्त चिकित्सा, फिजियोथेरापी, प्रयोगशाला, आँखा उपचार, रक्तसञ्चार लगायतका विशेषज्ञ स्वास्थ्य सेवाका लागि आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन
१७. प्रदेश अस्पतालको सेवा तथा पूर्वाधार विस्तार गर्ने तथा संघीय सरकारसँगको समन्वयमा प्रदेश अस्पताललाई शिक्षण अस्पतालको रूपमा विकास गर्ने
१८. प्रदेश रङ्गशाला निर्माण सम्पन्न गर्ने र दशौं राष्ट्रिय खेलकूदका लागि आवश्यक पूर्वाधार तयार गर्ने
१९. **एक जिल्ला एक नमूना विद्यालय** तथा सार्वजनिक शिक्षा सुधारका लागि मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
२०. **एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम**
२१. सार्वजनिक विद्यालयमा **पढ्दै-सिक्दै-कमाउँदै** नमुना कार्यक्रमका रूपमा अगाडि बढाउने
२२. प्रदेश प्रमुख सामाजिक रुपान्तरण कार्यक्रम
२३. बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रमको परिमार्जनसहित निरन्तरता र बचत खातालाई सरकार जमानी रहि सुरक्षित उत्पादन क्षेत्रमा परिचालन गर्न सक्ने
२४. विद्युतीय शवदाह गृह स्थापना
२५. सुरक्षित छाना अभियान कार्यक्रम
२६. वस्ती सुधार कार्यक्रम
२७. प्रदेशबाट सञ्चालित राजधानी पूर्वाधार विकास कार्यक्रमलाई पूर्णता दिदै राजधानी स्थानगत योजना निर्माण गरी कार्यान्वयन गर्ने
२८. एक घर एक धारा कार्यक्रम
२९. लगानी सम्मेलन ।
३०. हाम्रा कुरा हाम्रा मुख्यमन्त्री तथा जनतासंग मुख्यमन्त्री कार्यक्रम
३१. वस्तु विकास प्रशिक्षण केन्द्र

# परिच्छेद-३

# मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना

## ३.१ उद्योग, पर्यटन, वन तथा वातावरण

### ३.१.१ पृष्ठभूमि

कर्णाली प्रदेशको समृद्धिको लागि उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास हुनु अपरिहार्य छ। प्रदेशको आर्थिक विकास र समृद्धिको प्रमुख सम्वाहकको रूपमा रहेको उद्योग क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न औद्योगिक पूर्वाधारको विकास गर्नुपर्ने अवस्था छ । प्रदेशमा ठूला, मझौला, साना, लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धन एवं खानी तथा खनिज सम्पदाको उत्खनन र उपयोग गर्दै रोजगारी र आयआर्जन सृजना गरी निरपेक्ष गरिबी तथा भोकमरीको अन्त्य गर्न आवश्यक छ ।

यस मध्यमकालीन अवधिमा प्रदेशको औद्योगिकरणको लागि आवश्यक पूर्वाधार विकास एवम् कच्चा पदार्थको उत्पादन तथा निर्यात लघु, घरेलु तथा साना उद्योग मार्फत गरिबी एवम् बेरोजगारी न्यूनीकरण गर्ने गरी योजना, वार्षिक कार्यक्रम तथा बजेटबीच सामञ्जयस्ता कायम गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास मार्फत प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने, औद्योगिक विकास एवम् प्रादेशिक तथा वाह्य व्यापार अभिवृद्धी गर्ने, कर्णाली प्रदेशका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा एवंम् वन्यजन्तु तथा जैविक विविधताको संरक्षण मार्फत दिगो विकास हासिल गर्ने गरी यस क्षेत्रको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ।

### ३.१.२ समस्या र चुनौती

उद्यमशीलता र औद्योगिक पूर्वाधारको कमी, घरेलु उद्योगबाट गुणस्तरीय र लागत प्रतिस्पर्धी उत्पादनको अभाव, निर्यातजन्य तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादनमा कमी र कच्चा पदार्थको सोझै निकासी आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। त्यसैगरी पर्यटकिय पूर्वाधारको अभाव एवंम् पर्यटन गन्तव्यहरूको प्रचारप्रसारको अभावले यस क्षेत्रको उल्लेख्य विकास हुन सकेको छैन् ।

पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनावद्ध सन्तुलन कायम गर्न नसक्नु, जडीबुटीको अव्यवस्थित सङ्कलन तथा कच्चा पदार्थको रूपमा निकासी हुनु, जलवायू परिवर्तका सम्भावित प्रभाव र असर न्यूनिकरण गर्न नसक्नु, वन अतिक्रमण, आगजनी, भू-क्षय जस्ता समस्याहरूले वन, जैविक विविधता तथा वातावरणको संरक्षण र व्यवस्थापनमा बाधा पुगेको छ ।

औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधारको विकास, स्वदेशी तथा वैदेशिक लगानी परिचालन, पर्यटकिय पूर्वाधारको विकास एवम् विस्तार र उपलब्ध वन तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग, जलवायू परिवर्तन सम्बन्धी कार्यक्रमहरुको आन्तरिकीकरण, दिगो विकास, खानी तथा खनिज पदार्थको उत्खनन्, जडिबुटीको प्रशोधन तथा निर्यात जस्ता चुनौतीहरु विद्यमान रहेका छन् ।

## ३.१.३ सोच

- कर्णालीको समृद्धिका लागि वन तथा जैविक विविधता क्षेत्रको दिगो व्यवस्थापन (वन तथा जैविक विविधता)
- प्राकृतिक जडीबुटी, कर्णालीको समृद्धि (जडीबुटी)
- खानी तथा खनिज पदार्थहरूको उपयोगबाट आर्थिक उन्नति (खानी तथा खनिज सम्पदा)
- तीव्र आर्थिक विकासका लागि औद्योगिकरण (उद्योग)
- नाफामूलक प्रदेश व्यापार तथा सर्वसुलभ र सुनिश्चित आपूर्ति व्यवस्था (वाणिज्य तथा आपूर्ति)
- संसारको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली (पर्यटन विकास)

## ३.१.४ लक्ष्य

- लघु, घरेलु, मझौला तथा ठूला उद्योगहरूको विकास तथा विस्तारबाट कर्णाली प्रदेशको अर्थतन्त्र सुदृढ गरी निरपेक्ष गरिबीको अन्त्य गर्ने (उद्योग)
- कर्णालीलाई साहसिक, गुणस्तरीय र प्रकृतीमैत्री आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विश्व पर्यटन बजारमा अग्रणी स्थानमा स्थापित गर्ने (पर्यटन)
- वन, वन्यजन्तु, जडीबुटी, जलाधार तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ प्राप्त गर्ने (वन तथा वातावरण)

## ३.१.५ उद्देश्य

### पर्यटन विकास

- कर्णालीका पर्यटकीय सर्किटहरुको विकास गर्नु।
- कर्णालीलाई साहसिक पर्यटनको आकर्षकको केन्द्रका रूपमा विकास गर्नु।

### वाणिज्य तथा आपूर्ति

- आधारभूत उपभोगका प्रतिस्पर्धी र तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी व्यापार बढाउनु।
- आपूर्ति व्यवस्थालाई सहज, सरल र सुदृढ बनाई सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु।

**उद्योग**

- प्रदेशको कुलगार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु।
- रोजगारमूलक र उच्च प्रतिफलयुक्त दिगो औधोगिक विकास गर्नु।
- लघु, घरेलु, मझौला तथा ठूला उद्योगहरूको विकास तथा विस्तारबाट कर्णाली प्रदेशको अर्थतन्त्रसुदृढ गरी निरपेक्ष गरिबीको अन्त्य गर्नु।

**खानी तथा खनिज सम्पदा**

- प्रदेशमा रहेका खानीहरूको अन्वेषण गरी त्यसको उत्खनन् कार्य प्रारम्भ गर्नु।
- खनिज उद्योगको विकासका लागि निजी क्षेत्रको पुँजीलाई प्राथमिकता दिई वैदेशिक लगानी समेत भित्र्याउनु।

**जडीबुटी**

- प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख जडीबुटीहरूको खोज, अनुसन्धान गरी संरक्षणगर्नु।
- जडीबुटी खेतीलाई अभियानकै रूपमा अघि बढाई स्थानीय रोजगारीको सङ्ख्या र आयआर्जनमावृद्धि गर्नु।
- आधुनिक प्रविधिको प्रयोग गरी मूल्य शृङ्खला अभिवृद्धि गर्नु।
- जडीबुटी प्रशोधन उद्योग सञ्चालन गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान दिनु।

**वन तथा जैविक विविधता**

- वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु।
- जडीबुटी लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु।

### ३.१.६ रणनीति

**क. पर्यटन विकास**

- कर्णाली प्रदेशलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने।
- गुणस्तरीय पर्यटकीय सेवा सुविधाको बिस्तार गरी पर्यटकको बसाइ लम्ब्याउने।
- सुनौलो त्रिभुज र सुनौलो सिक्रीको अवधारणा अनुरूप पर्यटन पूर्वाधारको विकास र बिस्तार गर्ने ।
- धार्मिक पर्यटनको बिस्तार गर्ने।

### ख. वाणिज्य तथा आपूर्ति

- तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी ब्यापार बढाउने।
- आवश्यक पूर्वाधार विकास गरी उत्पादित वस्तुहरू बजारसम्म पुर्याउने।
- नीतिगत सुधार गर्ने।
- आपूर्ति प्रणाली सुदृढ गर्ने।

### ग. उद्योग

- उद्योग सम्बन्धी नीति तथा कानुनको तर्जुमा गरी लगानीमैत्री वातावरण तयार गर्ने।
- तुलनात्मक लाभका उद्योग व्यवसायहरूको प्रवर्द्धन गर्ने।
- उद्योगलाई आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने।

### घ. खानी तथा खनिज सम्पदा

- खानी तथा खनिज पदार्थहरूको अन्वेषण, संरक्षण तथा उत्खनन् गर्ने।
- खानीमा लगानी गर्न लगानीमैत्री वातावरण सिर्जना गर्ने।
- खनिज प्रशोधन उद्योग स्थापना गर्ने।

### ङ. जडीबुटी

- जडीबुटीको पहिचान, सर्वेक्षण, संरक्षण तथा व्यवस्थापन गर्ने।
- जडीबुटी खेती बिस्तार गर्ने।
- जडीबुटी प्रशोधन तथा बजारीकरण गर्ने।

### च. वन तथा जैविक विविधता

- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्ने।
- वन संरक्षण तथा व्यवस्थापन गर्ने।
- वन क्षेत्रको माध्यमबाट उद्यम विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने।

## ३.१.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ३८.५७ | ३८.५७ | ४० | ४१ | ४२ |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| २ | वनजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | १.३ | - | १.५ | १.६ | १.६ |
| ३ | वन क्षेत्रबाट प्राप्त राजस्व रकम | रु.लाखमा | ९,७४ | ६,५० | १०,१५ | १५,२० | २०,०० |
| ४ | सामुदायिक वनको संख्या | सङ्ख्या | २८११ | २८५० | २८५० | २८६० | २८७० |
| ५ | सामुदायिक वनको क्षेत्रफल | हेक्टर | ३६,३८,६४ | ३६,३९,५० | ३६,३९,५० | ३६,३९,९० | ३६,४५,०० |
| ६ | संरक्षित भू-परिधि | सङ्ख्या | ० | ० | १ | १ | १ |
| ७ | निजी वनको संख्या | सङ्ख्या | १६४ | १७० | १७५ | १८० | १८५ |
| ८ | निजी वन क्षेत्रफल | हेक्टर | १०४ | १०६ | १०७ | १०८ | ११० |
| ९ | वन नर्सरी | सङ्ख्या | १३ | १५ | १५ | १७ | २० |
| १० | कवुलियती वनको संख्या | सङ्ख्या | ७,८४ | ७,८४ | ७,८६ | ७,९० | ७,९५ |
| ११ | कवुलियती वन क्षेत्रफल | हेक्टर | ८२२७ | ८२२७ | ८२२७.५ | ८२२८ | ८२२९ |
| १२ | धार्मिक वनको संख्या | सङ्ख्या | १२ | १३ | १३ | १५ | १७ |
| १३ | धार्मिक वन क्षेत्रफल | हेक्टर | ८९ | ८९.२ | ८९.४ | ८९.८ | ९०.५ |
| १४ | वन संरक्षण क्षेत्र संख्या | सङ्ख्या | १ | १ | १ | १ | १ |
| १५ | वन संरक्षण क्षेत्र क्षेत्रफल | हेक्टर | १,७५.५ | १,७५.५ | १,७५.५ | १,७५.५ | १,७५.५ |
| १६ | चरन क्षेत्र | हेक्टर | ९०,९०,५० | ९०,९०,५० | ९२,००,०० | ९२,००,०० | ९२,००,०० |
| १७ | दाउरा उत्पादन | मे टन | २२५.६३ (चट्टा) | १७५ (चट्टा) | २५० | ३५० | ५०० |
| १८ | काठ उत्पादन | घनफिट | २६२९७१ | १५०००० | ३५,००,०० | ४९,५०,०० | ५०,५०,०० |
| १९ | वन उद्यमको विकास तथा प्रवर्द्धन | सङ्ख्या | २३१० | १५०० | १८,०० | १८,५० | १८,५० |
| २० | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २५७ | ३०० | ५,०० | ७,०० | १००० |
| २१ | विरुवा उत्पादन | सङ्ख्या | ८,९९,०५३ | १०,००,००० | १०,००,००० | १२,००,००० | १५,००,००० |
| २२ | प्राकृतिक बहुमूल्य | प्रतिशत | ५ | - | १० | १५ | १५ |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | जडीबुटीहरूको उत्पादन वृद्धि दर | | | | | | |
| २३ | व्यावसायिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर | प्रतिशत | १० | - | १५ | २० | २० |
| २४ | प्रशोधित जडीबुटीहरूको निर्यात वृद्धि दर | प्रतिशत | ० | ० | ५ | ५ | १० |
| २५ | जडीबुटीहरूको व्यावसायिक उत्पादन क्षेत्रफल | हेक्टर | १८,०० | १००० | १२,०० | १५,०० | २०,०० |
| २६ | जडीबुटीहरूको नर्सरी | सङ्ख्या | १५ | १५ | ५० | ७० | १०० |
| २७ | जडीबुटीबाट प्राप्त कूल राजश्व | रुकरोडमा | २.६५ | २ | ५ | ७ | १० |
| २८ | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलनया(साँगुम्वा) | के जी | ५०,०० | २००० | ५००० | ७५०० | ७५०० |
| २९ | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन (जटामसी) | के जी | २५०००० | १५०००० | ४०,००,०० | ४३,७६,२० | ४३,७८,२० |
| ३० | प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन(टिमुर) | के जी | २,५०,००० | ७५००० | २,००,००० | २,५०,००० | ३,००,००० |
| ३१ | जडीबुटीबाट प्रदेशमा भएको कुल आम्दानी | रु करोडमा | १५ | ५ | २० | ३० | ५० |
| ३२ | गैरकाष्ठ वन पैदवार उत्पादन (खोटो) | केजी | ५०,६५,६२१ | ५५००००० | ६०५०००० | ६०५०००० | ७०,५०,००,०० |
| ३३ | गैरकाष्ठ वन पैदवार उत्पादन (गिट्टी) | घनमिटर | ० | ० | ० | ० | ० |
| ३४ | जडीबुटी प्रशोधन उद्योग (ठूला) | सङ्ख्या | ० | ० | १ | १ | १ |
| ३५ | जडीबुटी प्रशोधन उद्योग (मझौला) | सङ्ख्या | १ | १ | २ | २ | ५ |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ३६ | जडीबुटी प्रशोधन उद्योग (लघु उद्योग) | सङ्ख्या | ५,०० | ७०० | ७०० | ९०० | १००० |
| ३७ | रत्नपथ्थर | सङ्ख्या | १ | ० | १ | २ | ३ |
| ३८ | चुन ढुङ्गा | सङ्ख्या | १ | ० | १ | १ | १ |
| ३९ | वालुवा गिट्टी | प्रतिशत | ० | ० | ५ | ७ | १० |
| ४० | नयाँ खानीहरूको अन्वेषण | सङ्ख्या | ० | ० | १ | २ | २ |
| ४१ | खानीहरूको उत्खनन् | सङ्ख्या | ० | ० | ० | ० | ० |
| ४२ | खानीबाट उत्पादित रत्न पत्थर | मे टन | ० | ० | ० | १ | १ |
| ४३ | खानी प्रशोधन उद्योग (ठूला) | सङ्ख्या | ० | ० | ० | १ | १ |
| ४४ | खानी प्रशोधन उद्योग (मझौला) | सङ्ख्या | ० | ० | ० | १ | १ |
| ४५ | खानी प्रशोधन उद्योग (लघु उद्योग) | सङ्ख्या | १० | ० | २० | २५ | २५ |
| ४६ | औद्योगिक उत्पादन को वृद्धि दर | प्रतिशत | ० | ० | ५ | ७ | १० |
| ४७ | आयात प्रतिष्ठापन दर | प्रतिशत | ० | ० | १ | १ | ५ |
| ४८ | निर्यात वृद्धि दर | प्रतिशत | ० | ० | २ | ५ | ७ |
| ४९ | ठूला उद्योगहरू | सङ्ख्या | ० | ० | ० | १ | २ |
| ५० | मझौला उद्योगहरू | सङ्ख्या | २ | ० | ३ | ७ | १० |
| ५१ | साना तथा घरेलु उद्योगहरू | सङ्ख्या | ३५,००० | ३७००० | ३८०,०० | ३८०,०० | ४०००० |
| ५२ | खाद्य सञ्चय डिपो | सङ्ख्या | १ | १ | १ | २ | ५ |
| ५३ | तोकिएको दुर्गम जिल्लामा खाद्य ढुवानी | मे टन | १,००,०० | ० | ५०,०० | ५०,०० | १०,०० |
| ५४ | औद्योगिक क्षेत्र | सङ्ख्या | १ | १ | २ | ३ | ५ |
| ५५ | औद्योगिक ग्राम | सङ्ख्या | १ | १ | ५ | ७ | १० |
| ५६ | घरेलु तथा लघु उद्यमी | सङ्ख्या | ९५,८३ | | १,०६,४७ | १,१०,०० | १,५०,०० |

| क्र. सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को यथार्थ अवस्था | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ५७ | प्रदेशमा हुने कूल व्यापार (आयात) | रु करोडमा | ० | ० | ० | ० | ० |
| ५८ | प्रदेशमा हुने कूल व्यापार (निर्यात) | रु करोडमा | ० | ० | ० | ० | ० |
| ५९ | पर्यटन आयको वृद्धि दर | प्रतिशत | ५ | ६ | १० | १० | १५ |
| ६० | पर्यटकीय केन्द्रहरूको विकास र बिस्तार कार्यक्रम | सङ्ख्या | ५० | ६० | ८३ | १,०८ | १,५० |
| ६१ | पर्यटकीय मार्गको बिस्तार | कि मि | १,०० | १५० | ५,०० | ६,०० | ६,०० |
| ६२ | पर्यटकीयस्तरका होटलहरू | सङ्ख्या | १,५० | १५० | १,५० | २,०० | २,०० |
| ६३ | होमस्टे | सङ्ख्या | ३३ | ३५ | ३५ | ४० | ४५ |
| ६४ | पर्यटक आवागमन स्वदेशी (लाख) | सङ्ख्या प्रतिवर्ष | ५ | ५ | ६ | ७ | १० |
| ६५ | पर्यटक आवागमन विदेशी (हजार) | सङ्ख्या प्रतिवर्ष | ० | ० | १ | १ | ५ |
| ६६ | पर्यटक आवागमन मानसरोवर लक्षित (हजार) | सङ्ख्या प्रतिवर्ष | १ | १.५ | २ | ५ | ५ |

श्रोत: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश ।

## *३.१.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण* (रु. हजारमा)

| अर्थिक बर्ष | बजेट | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | | संघ | वैदेशिक |
| २०८१/८२ | १,५२,९०७३ | ६२८१२९ | ९००९४४ | ० | ६२९०७३ | ९०,००,०० | ० |
| २०८२/८३ | ३१०५६८३ | ६५९५३५ | १४४६१४८ | ० | ६६०६८३ | ९४५००० | ० |
| २०८३/८४ | ३२००८०८ | ६९९१०८ | २५०१७०० | ० | ६९९१०८ | १००१७०० | ० |

### ३.१.९ *कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणः*

कार्यक्रम तथा आयोजनाको ब.उ.शी.नं., उद्देश्य, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/ आयोजना अवधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७०२०१२ | डिभिजन वन कार्यालयहरु | 3.1.7 | वन संरक्षण तथा वन अपराध नियन्त्रण | - | ४७,९५,२६ | -वन क्षेत्रको संरक्षण र विकासका लागि वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्।<br>-निजी, सार्वजनिक स्थल तथा वन क्षेत्रमा समेत सामुदायिक फलफूल बगैंचाको विकास गरी समुदायको आम्दानी बढाइएको हुनेछ।<br>-महिला, दलित, आदिवासी तथा स्थानीय समुदायको सक्रीयतामा वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण, डढेलो, चोरी निकासी, मिचाहा प्रजाति नियन्त्रण क्रियाकलापहरू सञ्चालन भएको हुनेछ ।<br>-सरोकारवालासँग सहकार्य गरी |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/ आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | | | | सामुदायिक, निजी तथा कृषि वनको विकास र बिस्तारका साथै प्रदेशको नगर क्षेत्र तथा शहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुनेछ ।<br>-वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत प्रदान गरिएको हुनेछ।<br>-सव डिभिजन वन कार्यालयहरुको संस्थागत विकास भएको हुनेछ। |
| ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु | - | ३,४४,१९ | - |
| ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | | - | - | ९,५२,४८ | - |
| ३०७०१९०१ | सिप विकास तथा रोजगारमुलक तालिम | - | - | - | ४,५३,५० | बेरोजगार जनशक्तिलाई रोजगार वा स्वरोजगार तर्फ उन्मुख गराउन वा |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/ आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | | - | - | २०३०० | थप क्षमतावान बनाई व्यवसायिकरण तर्फ उन्मुख गराउन आवश्यकतामा आधारित उद्यमशिता विकास एंव सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन भइ बेरोजगार जनशक्ति रोजगार भएका हुनेछन्। |
| ३०७०२०११ | प्रदेश वन निर्देशनालय | | - | - | ४१९०९ | - |
| ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | | - | - | ६२६२३ | - |
| ३०७०२९०२ | एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम | | नदि प्रणालीमा आधारित जलाधार ब्यवस्थापन गर्ने | - | २२८५०० | पानि मुहानहरुको संरक्षण/ तटबन्ध तथा बाँध निर्माण/जल पुनर्भरण पोखरी तथा ड्याम निर्माण भएका हुने |
| ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास | | कर्णालीका पर्यटकीय सर्किटहरुको विकास गर्नु। कर्णालीलाई शाहसीक पर्यटकीय प्रदेशको रूपमा विकास गर्नु। कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यन्वयन गर्ने | - | २७०५०० | पर्यटकीय महत्त्वका स्थानीय धार्मिक स्थलहरूको पहिचान गरी विकास भएको हुने/ "गर्मी से बेहाल:चलिए रारा ताल" सहित सिमावर्ति क्षेत्रमा प्रचारप्रसार भएको हुनेछ/स्वीकृत बहुवर्षिय आयोजनाहरु सम्पन्न भएका हुनेछन्/स्की महोत्सव, अल्ट्रा म्याराथन जस्ता साहसिक पर्यटकिय |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/ आयोजना अबधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | | | | गतिविधिहरु संचालन भएका हुनेछन् |
| ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | | कर्णालीको समृद्धिका लागि वन तथा जैविक विविधता क्षेत्रको दिगो व्यवस्थापन। वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु । जडीबुटी लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु । | - | १३३३४५ | कित्तामा आधारीत वन व्यवस्थापन तर्फ उन्मुख भइ वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण कार्यलाई समन्वित ढङ्गले सञ्चालन हुने/समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापनका कार्यक्रमहरु लागु भएका हुने। वनमा आधारित उद्यम सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा जोड दिइनुका उद्यम संचालनमा सहयोग गरिनेछ। |
| ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | | कर्णाली प्रदेशमा वन तथा वनस्पति, जैविक विविधता, जलवायु परिवर्तन, कावर्न उत्सर्जन, वन भूउपयोग क्षेत्रमा असर तथा परिवर्तन, वन व्यवस्थापन प्रणाली, कृषी वन प्रणाली जस्ता विषयमा अध्ययन | - | १६९१७ | - |

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | कार्यक्रम/ आयोजना अवधि (सुरु समाप्ति) | लागत (रु लाखमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | अनुसन्धान गर्ने र तालिम तथा प्रचार प्रसारका कार्यक्रमहरु सन्चालन गर्ने | | | |
| ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | उद्योग पर्यटन वन वाणिज्य आपूर्ति लगायतका क्षेत्रमा कार्यक्रम संचालन गर्ने | - | ८८९३६ | - |
| ३०७०३९०१ | अनुसन्धान तथा विकास | | वन, वातावरण, जडिबुटी, जलवायु परिवर्तन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने | - | ११५०० | वन, वन्यजन्तु, जडीबुटी आदीको संरक्षण तथा दीगो व्यवस्थापनमा टेवा पुगेको हुनेछ। |

## ३.१.१० जोखिम पक्ष र अनुमान

औद्योगिकरण एवंम् उद्यमशिलताको अभाव, जलवायु परिवर्तन, पर्यटकिय पूर्वाधारको अभाव, प्रतिकुल भौगोलिक भू-वनोट, विकास र वातावरणबीचको असन्तुलन, दिगो विकासको आन्तरिकीकरण जस्ता जोखिम पक्ष रहेको छन्। अध्ययन अनुसन्धानबाट निक्यौंल भएका कार्यक्रमहरु राजनैतिक दबाबका कारण प्रभावित पर्ने जोखिम उच्च रहेको छ। अन्तरमन्त्रालय समन्वयको अभावले कार्यक्रमहरु Duplication भइ राज्यको स्रोतको सहि सदुपयोग नहुन सक्छ। उक्त कार्यहरु नभएमा अपेक्षित उपलब्धी हाँसिल नहुने जोखिम रहन्छ।

## ३.२ भूमि व्यवस्था, कृषि तथा सहकारी

### ३.२.१ पृष्ठभूमि

कर्णाली प्रदेशका जनताको मुख्य पेशा र जीविकोपार्जनको मूल आधार कृषि तथा पशुपन्छी पालन हो । कुल ग्राहस्थ्य उत्पादनमा ३२.२ प्रतिशत योगदान रहेको कृषि क्षेत्र समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दिर्घकालीन लक्ष्य हासिल गर्ने प्रमुख आधार हो । प्रदेशमा विद्यमान गरिबी न्युनीकरण, ग्रामिण रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धी लगायत समग्र विकासमा यस क्षेत्रको योगदान उल्लेखनिय रहेको छ । कर्णाली प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेको यस क्षेत्र गरिबी निवारण एवंम् रोजगारी सिर्जनामा उल्लेख्य टेवा पुऱ्याउने भएको कारण उच्च प्राथमिकता पाउदै आएको छ ।

प्रदेशमा व्याप्त निरपेक्ष गरिबी अन्त्य गर्नका लागि सहकारी क्षेत्रको योगदान महत्वपूर्ण हुन्छ। गाउँगाउँमा सहकारी, घरघरमा रोजगारीको नारालाई सार्थक तुल्याउन सके सहकारी मार्फत प्रदेशभित्र यथेष्ट रूपमा रोजगारीको सिर्जना गर्न सक्ने सम्भावना रहको छ। स्थानीय तहमा रैथाने बालीहरूको संरक्षण तथा प्रवर्द्धनका लागि पनि सहकारीहरूको साझेदारी अपरिहार्य छ ।

### ३.२.२ समस्या र चुनौती

कृषियोग्य भूमिको खण्डिकरण बढ्दै जानु, गैर कृषि क्षेत्रमा यसको उपयोग बढ्दै जानु, बाँझो जमिन व्यवस्थापन, अव्यवस्थित बसोवास एवंम् शहरीकरण, तुलनात्मक लाभका कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धि, प्राङ्गगारिक कृषि उपज उत्पादन जस्ता समस्याहरु यथावत रहेका छन् । कर्णाली प्रदेशको भु-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नु, बाँझो जमिन उपयोग, सहकारी मार्फत रोजगारी सिर्जना, श्रमशक्तिको रुपमा रहेका युवा जनशक्ति वैदेशिक रोजगारीमा संलग्न हुनु, स्थानीय उत्पादनको उपयुक्त बजारीकरण र रैथानै बालीको संरक्षण गर्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

### ३.२.३ सोच

- प्राङ्गारिक कृषि उत्पादनमा वृद्धि, हरित अर्थतन्त्रमा आधारित समृद्धि। (प्राङ्गारिक तथा व्यवसायिक कृषि)
- स्वच्छ, स्वस्थ, प्राङ्गारिक तथा व्यावसायिक पशुपन्छी, मत्स्य तथा मौरी पालनद्वारा आर्थिक उन्नति (पशुपन्छी, मत्स्य तथा मौरी पालन)

- खाद्य सम्प्रभूताको प्रत्याभूति सहितको खाद्य तथा पोषण सुरक्षायुक्त प्रदेश। (खाद्य सम्प्रभूता, खाद्य सुरक्षा तथा पोषण)
- दिगो र वैज्ञानिक भू-व्यवस्थापन (भूमि व्यवस्थापन)
- आर्थिक समुन्नतिका लागि दिगो सहकारी विकास (सहकारी क्षेत्र)

## ३.२.४ लक्ष्य

### अ. प्राङ्गारिक तथा व्यवसायिक कृषि

- प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक र प्रतिस्पर्धी बनाई कृषकहरूको जीवनस्तरमा सुधार गर्ने।

### आ. पशुपन्छी, मत्स्य तथा मौरी पालन

- प्राङ्गारिक प्रणाली तथा प्रविधिलाई प्राथमिकता दिई पशुपन्छी, मत्स्य तथा मौरीपालन व्यवसायलाई कृषकहरूको जीविकोपार्जनको प्रमुख माध्यमसँगै व्यवसायिक र प्रतिस्पर्धी बनाउने।

### इ. खाद्य सम्प्रभूता, खाद्य सुरक्षा तथा पोषण

- गुणस्तरीय तथा पोषणयुक्त खाद्यको उपलब्धता सुनिश्चित गर्ने।

### ई. भूमि व्यवस्थापन

- उपलब्ध भूमि स्रोतको उचित उपयोग तथा दिगो व्यवस्थापन मार्फत कर्णाली प्रदेशको समृद्धि हासिल गर्ने।

### उ. सहकारी

- प्रदेश अर्थतन्त्रको सबल खम्बाको रूपमा सहकारीको विकास गर्ने।

## ३.२.५ उद्देश्य

### क. प्राङ्गारिक तथा व्यवसायिक कृषि

- प्राङ्गारिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आय बढाउनु।
- तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउनु।
- रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषि प्रवर्द्धन गर्नु।
- पुष्पखेती, रेशमखेती, नगदेबाली, मसलाबाली तथा उच्च मूल्यका जडीबुटी खेतीको थालनी तथा विस्तार गर्नु।

### ख. पशुपन्छी, मत्स्य तथा मौरी पालन

- तुलनात्मक लाभका उपजहरू प्रवर्द्धन गरी पशुपन्छी, मत्स्य तथा मौरीपालन क्षेत्रलाई उत्पादनशील र प्रतिस्पर्धी बनाउने।
- पशुपन्छी, मत्स्य तथा मौरीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकहरूको आय बढाउने।

### ग. खाद्य सम्प्रभूता, खाद्य सुरक्षा तथा पोषण

- गुणस्तरयुक्त र पोषणयुक्त खाद्यवस्तुको सर्वसुलभ आपूर्ति, वितरण प्रणाली र उपभोगमा सुधार गर्नु।
- स्थानीय दिगो कृषि प्रणालीको प्रवर्द्धन र बजारीकरण गरी आन्तरिक खाद्य उपलब्धता तथा पहुँचको अवस्था सुदृढ गर्नु।
- खाद्य सुरक्षाको हिसाबले जोखिममा रहेका क्षेत्र र समूहको नियमित पहिचान गरी खाद्य अधिकारको प्रत्याभूत गर्न आवश्यक खाद्यको उपलब्धता र पोषण सुनिश्चित गर्नु।

### घ. भूमि व्यवस्थापन

- जोखिम संवेदनशील भू-उपयोगको गुरुयोजना तयार गरी योजनावद्व भूउपयोग लागु गर्नु।
- कृषि योग्य भूमिको दिगो तथा अर्गानिक भू-व्यवस्थापन मार्फत उर्वराशक्ति वृद्धि गर्नु।
- सीमान्तकृत, गरिब तथा भूमिहिन वर्गहरूको भूमिमा पहुँच र स्वामित्व स्थापित गर्नु।

### ङ. सहकारी

- सहकारीलाई उत्पादनको क्षेत्रमा परिचालन गरी गरिवी निवारण गर्नु।
- जनताको आयआर्जनमा वृद्धिगरी समृद्धि हासिल गर्न योगदान गर्नु।

## ३.२.६ रणनीति

### क. प्राङ्गारिक तथा व्यवसायिक कृषि

- उत्पादन वृद्धिका लागि उत्पादन सामग्री, पूर्वाधार, प्रविधि तथा प्राविधिक सेवाको उपलब्धता सुनिश्चित गर्ने।
- व्यवसायिक कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि ऋणको उपलव्धता सुनिश्चित गर्ने।

- रैथाने कृषि उत्पादनहरूको संरक्षण र प्रवर्द्धन गर्दै प्राङ्गारिक उत्पादनमा वृद्धि गरी आन्तरिक र वाह्य बजारमा निर्यात गर्ने।

## ख. पशुपन्छी, मत्स्य तथा मौरी पालन

- गुणस्तरीय उत्पादन सामग्री, प्रविधि तथा विज्ञ प्राविधिक सेवाको उपलब्धता सुनिश्चित गर्ने।
- व्यवसायिक उत्पादनका लागि आवश्यक सहुलियत ऋणको उपलब्धता सुनिश्चित गर्ने।
- पशुपालनको व्यवसायिकरण गर्न प्रविधि, अनुसन्धान तथा स्रोत केन्द्र मार्फत वस्तु तथा सेवा विकास र बिस्तार गर्ने।

## ग. खाद्य सम्प्रभूता, खाद्य सुरक्षा तथा पोषण

- खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता र पोषण सम्बन्धी नीति, योजना र कार्यक्रम तय गरी लागु गर्ने।
- आपतकालिन अवस्थामा खाद्य तथा पोषण सम्बन्धी सेवाहरूको लागि पूर्व तयारी गर्ने।
- खाद्य तथा पोषण असुरक्षित क्षेत्रका घर परिवारलाई परिचयपत्र जारी गरी आवश्यक खाद्यको व्यवस्था मिलाउने।

## घ. भूमि व्यवस्थापन

- उपलब्ध भूमिको बैज्ञानिक वर्गीकरण तथा दिगो उपयोग गर्ने।
- भूमिहीन, सुकुम्बासी तथा सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चित गरी गरिवी निवारण गर्ने।

## ङ) सहकारी

- सहकारीको संस्थागत क्षमता अभिवृद्धि गर्न सहकारी शिक्षा र सूचनाको प्रयोग गर्ने।
- सहकारीहरूको सबै क्षेत्रमा विस्तार गरी गरिव तथा विपन्नहरूको पहुँच अभिवृद्धि गर्ने।
- सहकारीहरूलाई उत्पादनका क्षेत्रमा केन्द्रित गरी गुणस्तरीय, प्रतिष्पर्धी र प्रभावकारी बनाउने।

## ३.२.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्यः

| क्र. सं | सूचक/लक्ष्य | एकाइ | २०७९।८० को अनुमानित उपलब्धी | २०८०।८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | |
| १ | प्रमुख अन्न बालीहरुको उत्पादन | | | | | | | प्राङ्गारिक तथा व्यावसायिक कृषि |
| | धान | मे.ट. | १४६६२९ | १४५०६३ | १४५०७० | १४५०७५ | १४५०८० | |
| | मकै | मे.ट. | २५९१२२ | २१९८०२ | २१९८०७ | २१९८१२ | २१९८१७ | |
| | गहूँ | मे.ट. | १६९५५० | १५२६२१ | १५२६२६ | १५२६३२ | १५२६३६ | |
| | कोदो | मे.ट. | २२९०४ | १६३१० | १६३१२ | १६३१५ | १६३१७ | |
| | जौं | मे.ट. | ११९२६ | ११५६५ | ११५७० | ११५७३ | ११५७९ | |
| | प्रमुख अन्न बालीहरुको उत्पादकत्व | मे.ट./हे. | २.१६ | २.१३२ | २.१४ | २.१५ | २.१६ | |
| २ | प्रमुख नगदे बालीहरुको उत्पादन | | | | | | | |
| | तेलहन | मे.ट. | २७७२० | १७७०१ | १७७०४ | १७७०६ | १७७०८ | |
| | आलु | मे.ट. | २११४२४ | २२०७९० | २२०७९५ | २२०७९५ | २२०८०० | |
| | उँखु | मे.ट. | ० | ५०.६ | ५१.६ | ५१.६ | ५१.९ | |
| ४ | प्रमुख नगदे बालीहरुको उत्पादकत्व | मे.ट./हे. | ८.८३ | ७.९७ | ८ | ८.१२ | ८.२ | |
| ५ | प्रमुख तरकारीहरुको उत्पादकत्व | मे.ट./हे. | १०.७१ | ११.२९ | ११.४५ | १२ | १२.११ | |
| ६ | प्रमुख दलहन बालीको उत्पादन | | | | | | | |
| | मकै | मे.ट. | २५९१२२ | २१९८०२ | २५९१२५ | २५९१३० | २५९१३२ | |
| | चना | मे.ट. | १०९८ | १०९३ | १०९९ | १०९९ | ११०० | |
| | केराउ | मे.ट. | १३११ | १३०८ | १३१२ | १३१३ | १३१३ | |
| | कालो मास | मे.ट. | ४४१ | ४३८ | ४४२ | ४४२ | ४४३ | |
| | भटमास | मे.ट. | ६३३९ | ६३३५ | ६३४० | ६३४० | ६३४१ | |
| ७ | प्रमुख दलहन बालीहरुको उत्पादकत्व | मे.ट./हे. | १.२९ | १.२८ | १.२९ | १.३० | १.३० | |
| ८ | सिमिको उत्पादन | मे.ट. | १११७७ | ९६२१ | ९६२५ | ९६२९ | ९६३४ | |

| क्र. सं | सूचक/लक्ष्य | एकाइ | २०७९।८० को अनुमानित उपलब्धी | २०८०। ८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | |
| ९ | सिमिको उत्पादकत्व | मे.ट./हे. | १.६८ | १.१४ | १.१४ | १.१४ | १.१४ | |
| १० | स्याउको उत्पादन | मे.ट. | ३११५५ | ३११०२ | ३११०७ | ३१११२ | ३१११५ | |
| ११ | स्याउको उत्पादकत्व | मे.ट./हे. | ९.९ | ९.१ | ९.१४ | ९.२ | ९.५ | |
| १२ | अन्य फलफुलहरुको उत्पादन (हिउदे) | | | | | | | |
| | नास्पति | मे.ट. | १४२४ | १४२४ | १४२४ | १४२४ | १४२४ | |
| | ओखर | मे.ट. | ३३४६ | ३८८५ | ३८८७ | ३८८९ | ३८९० | |
| | आरु | मे.ट. | १४७७ | १४७७ | १४७९ | १४७९ | १४८३ | |
| | आरुबहडा | मे.ट. | १५५४ | १५५४ | १५५४ | १५५५ | १५५५ | |
| | खुर्पानी | मे.ट. | १०१२ | १०१२ | १०१२ | १०१२ | १०१२ | |
| | किबी | मे.ट. | ९१ | १७० | १७१ | १७२ | १७५ | |
| | अनार | मे.ट. | ५१२ | १७२ | १७५ | १७६ | १७९ | |
| १३ | अन्य फलफुलहरुको उत्पादकत्व(हिउदे) | मे.ट./हे. | ६.१८ | ७.६८ | ७.६९ | ७.८९ | ८ | |
| १४ | सुन्तला उत्पादन | मे.ट. | २८२२५ | २७८२६ | २७८३२ | २७८३५ | २७८४० | |
| १५ | सुन्तला उत्पादकत्व | मे.ट./हे. | ११.१ | ११.१७ | ११.१७ | ११.१९ | ११.१९ | |
| | अन्य फलफुलहरु (वर्षे) को उत्पादन | | | | | | | |
| | आँप | मे.ट. | ६९४५ | ६९०० | ६९०० | ६९०० | ६९०० | |
| | लिची | मे.ट. | ५२२ | ५२२ | ५२३ | ५२४ | ५२४ | |
| | केरा | मे.ट. | ३३१६ | ३३१६ | ३३१७ | ३३१८ | ३३१९ | |
| | अम्बा | मे.ट. | १३१६ | १४९२ | १४९४ | १४९५ | १४९९ | |
| | भूकटहर | मे.ट. | ३ | १०१ | १०१ | १०१ | १०१ | |
| | मेवा | मे.ट. | ११ | ३६ | ३७ | ३९ | ४२ | |
| १६ | अन्य फलफुलहरु (वर्षे) को उत्पादकत्व | मे.ट./हे. | ८.८२ | ८.३३ | ८.३४ | ८.३८ | ८.४ | |
| १७ | मसलाजन्य बालीहरुको उत्पादन | मे.ट. | ३५८८० | ६२५९० | ६२६०० | ६२६६५ | ६२७७५ | |
| १८ | मसलाजन्य बालीहरुको उत्पादकत्व | मे.ट./हे. | ८.८३ | १०.६५ | १०.६५ | ११ | ११.७५ | |
| १९ | प्रमाणित प्राङ्गारिक कृषि गाऊँ | संख्या | ५ | ५ | १० | १५ | २० | |

| क्र. सं | सूचक/लक्ष्य | एकाइ | २०७९।८० को अनुमानित उपलब्धी | २०८०। ८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | |
| २० | सहुलियतपूर्ण व्याज अनुदान प्राप्त गर्ने | संख्या | १२८० | १२८० | १५०० | १७०० | १८५० | |
| २१ | शीत भण्डार (१०० टन क्षमताभन्दा बढी) | संख्या | ८ | ८ | ८ | ८ | ८ | |
| २२ | अदुवा उत्पादन | मे.ट. | १६८२४ | ४२७८८ | ४२७९० | ४२८०० | ४२९०० | |
| २३ | अदुवाको उत्पादकत्व | मे.ट./हे. | १२.५९ | १३.४४ | १३.५६ | १३.७५ | १३.८९ | |
| २४ | बेसारको उत्पादन | मे.ट. | ८९०७ | ८९०५ | ८९०७ | ८९०८ | ८९०९ | |
| २५ | बेसारको उत्पादकत्व | मे.ट./हे. | ९.८४ | ९.८५ | ९.८७ | ९.९ | १० | |
| २६ | लसुनको उत्पादन | मे.ट. | ५१५५ | ५१५४ | ५१५६ | ५१६० | ५१६५ | |
| २७ | लसुनको उतपादकत्व | मे.ट. | ७.२ | ७.२ | ७.२ | ७.२ | ७.२ | |
| २८ | स्थानीय जातको बीउ उत्पादन | मे.ट./हे. | २.१९ | २.१९ | २.१९ | २.१९ | २.१९ | |
| २९ | दर्ता भएका व्यावसायिक कृषि तथा पशुपालन फार्म | संख्या | १२३७ | १२३७ | ३४१७ | ३९५७ | ४३२१ | |
| ३० | लागत साझेदारीमा सञ्चालित निजी कृषि फार्म | संख्या | १८४६ | १८४६ | १८९३ | १९०५ | १९१५ | |
| ३१ | प्रमाणिकरणसहितको अर्गानिक उत्पादनमा संलग्न कृषक | संख्या | १२०० | १२०० | १२५० | १३०० | १३५० | |

## ३.२.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण (रु. लाखमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ | १७१०० | १२०३८.९० | ५०६१.१ | - | | प्रदेश सरकार | |
| २०८२/८३ | १८०४७.९८ | १२६४०.८५ | ५४०७.१३ | | | प्रदेश सरकार | |
| २०८३/८४ | १९०९०.४३ | १३३९९.३० | ५६९१.१३ | | | प्रदेश सरकार | |

## ३.२.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत | पुष्ट्याई | आगामी ३ वर्षको उपलब्धि सूचक | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | लैङ्गिक सङ्केत | जलवायु प्रभाव न्यूनिकरण सङ्केत | गरीबी निवारण | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१२००९०४ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | गरिबी निवारण | सालबसाली | ५९०.५ | | • प्रमुख खाद्यान्न बालीको उत्पादन र उत्पादकत्वमा वृद्धि<br>• खेतीयोग्य भूमिमा सिँचाइ सुविधा विस्तार<br>• मासुजन्य उत्पादन र उत्पादकत्व वृद्धि | | | | | | |
| ३१२००९०३ | ब्याज अनुदान कार्यक्रम | कृषि व्यवसायिकरण | सालबसाली | ११९७ | | | | | | | | |
| ३१२००९०२ | कृषि यान्त्रिकिकरण कार्यक्रम | कृषि आधुनिकीकरण | सालबसाली | १२२ | | | | | | | | |
| ३१२००९०९ | स्याउ तथा ओखर विकास कार्यक्रम | कृषि व्यवसायिकरण | सालबसाली | ३१३ | | | | | | | | |
| ३१२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | कृषि प्रसार तथा खाद्य सुरक्षा | सालबसाली | २०४८ | | | | | | | | |
| ३१२००९०२ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | सिचित क्षेत्र विस्तार | सालबसाली | ४८८५ | | | | | | | | |
| ३१२००९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | कृषि व्यवसायिकरण | सालबसाली | १९२२ | | | | | | | | |
| ३१२००९०४ | कृषि पुर्वाधार बिकास कार्यक्रम | कृषि व्यवसायिकरण | सालबसाली | ३०७ | | | | | | | | |
| ३१२००९०९ | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | कृषि व्यवसायिकरण | सालबसाली | ५२८ | | | | | | | | |
| ३१२००९०९ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | पशुजन्य उत्पादन तथा उत्पादक्त्व वृद्धि | सालबसाली | १८१८ | | | | | | | | |

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत | पुष्ट्याई | आगामी ३ वर्षको उपलब्धि सूचक | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | लैङ्गिक सङ्केत | जलवायु प्रभाव न्यूनिकरण सङ्केत | गरिबी निवारण | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१२००९०९ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | दूधजन्य उत्पादन तथा उत्पादक्त्व वृद्धि | सालबसाली | ७१५ | | | | | | | | |
| ३१२००९०९ | मत्स्य व्यवसाय प्रबर्धन कार्यक्रम | उत्पादन तथा उत्पादक्त्व वृद्धि | सालबसाली | ८७.५ | | | | | | | | |
| ३१२००९१२ | भूमि व्यवस्थापन तथा भू उपयोग कार्यक्रम | भू उपयोग योजना निर्माण | सालबसाली | ५२ | | | | | | | | |
| ३१२००९०८ | सहकारी विकास कार्यक्रम | सहकारी विकास | सालबसाली | ११४ | | | | | | | | |
| | | | | २०१०० | | | | | | | | |

### ३.२.१० जोखिमहरू

साना र मझौला स्तरका कृषक, कृषि व्यवसायीकरणको अभाव, कृषि क्षेत्रमा बढदै गएको जलवायु परिवर्तनका असर, दक्ष कृषि श्रमशक्तिको अभाव, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण, जग्गा बाँझो राख्ने प्रवृति, कृषि प्रसार सेवामा कृषकको न्युन पहुँच, सीमित स्रोत साधन र कृषि ऋण, विमा, अनुदान र प्रविधिबिच तादात्म्यता ल्याउने जस्ता सम्भावित जोखिमहरू रहेका छन्।

## ३.३ भौतिक पूर्वाधार तथा शहरी विकास

### ३.३.१ पृष्ठभूमि

नेपालको संविधान लागू हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेशस्तरका परिवहन, लोकमार्ग, प्रदेशको यातायात व्यवस्थापन, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन यस मन्त्रालयअन्तर्गत रहेको छ। साथै संघ र प्रदेशको साझा अधिकारको सूची, संघ, प्रदेश र स्थानीयतहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात व्यवस्थापन, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत–संभार लगायतका विषयको आवश्यक नीति, कानून, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी कार्य यस मन्त्रालयद्वारा सम्पादित हुने छ। यिनै भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत–सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन्।

### ३.३.२ समस्या र चुनौती

पूर्वाधारको एकीकृत विकास नहुनु, मापदण्ड एवम् पूर्वतयारी बिना आयोजना छनौट र कार्यान्वय हुनु, विकट भु-वनोटका कारण बढदो लागत, आधुनिक प्रविधिको न्युन प्रयोग, ठेक्का व्यवस्थापन, अन्तरतह एवंम् अन्तरनिकाय समन्वयको अभाव, प्राविधिक संशाधनको अभाव, नागरिकहरुलाई सहज, सरल तथा भरपर्दो यातायात सुविधा उपलव्ध गराउन नसक्नु जस्ता समस्या प्रमुख रहेका छन् ।

त्यसैगरी, दुर्गम वस्तीलाई यातायात सञ्जालमा आवद्ध गराउन नसकिनु, एकिकृत तथा योजनावद्ध शहरी विकास हुन नसक्नु, शहरी पुर्वाधार तथा सेवा-सुविधा मापदण्ड तयार नहुनु, जोखिमयुक्त वस्तीको पहिचान र स्थानान्तरण गर्न नसक्नु जस्ता समस्या विद्यमान रहेका छन्।

कठिन भौगर्भिक एवम् भौगोलिक भु-वनोट, आयोजना वैंकको अवधारणालाई कार्यान्वयनमा ल्याउनु, बढदो लागत र सीमित स्रोतसाधन बीच सामञ्जयस्ता कायम गर्नु, निर्माण कार्यको

गुणस्तर अभिवृद्‌धि, नवीन प्रविधिको उपयोग, सार्वजनिक-नीजि- साझेदारी मार्फत लगानी आकर्षित गर्नु, निर्मित संरचनाको नियमित मर्मत जस्ता चुनौती रहेका छन् ।

## ३.३.३ सोच

- सडक पूर्वाधार र यातायातको विकासमार्फत प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने।
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि हुने।
- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकास मार्फत दिगो विकास गर्ने।

## ३.३.४ लक्ष्य

### क. यातायात पूर्वाधार

- प्राथमिकताका आधारमा गुणस्तरीय सडक सञ्जाल निर्माण गरि विकासको आधार खडा गर्ने (सडक)
- हवाई यातायात सेवाको पहुँच विस्तार गर्ने (हवाई यातायात)
- पर्यटन प्रवर्द्धन तथा यातायातलाई सहज बनाउने (जलमार्ग)
- वातावरणमैत्री र सुरक्षित विद्युतीय यातायातलाई भरपर्दो वैकल्पिक यातायातको रूपमा विकास गर्ने (विद्युतिय रेलमार्ग, रज्जुमार्ग र केबुलकार)
- यातायात सेवालाई आधुनिक प्रविधिमा आधारित सुरक्षित, सर्वसुलभ र भरपर्दो बनाउने (यातायात व्यवस्थापन)

### ख. गाउँ-सहर, बस्ती विकास

- मौलिक विशेषता सहितको आधुनिक गाउँ-सहर तथा बस्ती विकास गर्ने।

## ३.३.५ उद्देश्य

- प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्रहरू, स्थानीय तहका केन्द्रबाट वडा केन्द्रहरू र बस्तीहरूसम्म साविक सडक सञ्जालको स्तरोन्नति र नयाँ सडकको निर्माण तथा बिस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैर सरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा बिस्तार गर्ने ।
- आयोजनाको मर्मत–सम्भार, पुनस्र्थापना तथा सेवास्तर अभिवृद्धि गरि दिगो सेवा उपलब्ध गर्ने। संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।
- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने।

विद्यमान शहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।

- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माण गर्ने गरी एकीकृत बस्ती विकास गरी भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने।

## ३.३.६ रणनीति

- गुरुयोजना तयार गरी प्राथमिकताका आधारमा सडक तथा अन्य पूर्वाधार विकास कार्यक्रमहरू सञ्चालन गर्ने।
- कर्णाली प्रदेश भित्रका हालसम्म पनि सडक सञ्जालसंग जोड्न बाँकी रहेका स्थानीयतहहरुको केन्द्र जोड्ने ।
- विद्युतीय यातायात प्रणालीको विकासका लागि गुरुयोजना तयार गर्ने।
- यातायात व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत सुधार गर्ने।
- नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी प्रदेश राजधानी वीरेन्द्रनगरका साथै थप नयाँ सहरहरूको विकास गर्ने।
- छरिएर रहेको एवम् जोखिमयुक्त बस्तिलाई मध्यनजर गरी एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने ।
- प्रदेश भित्र सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवं अपाङ्गतामैत्री भवन तथा अन्य पूर्वाधारहरु निर्माण गर्ने ।

## ३.३.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचक | इकाइ | आ.व.२०७९/८० को वास्तविक उपलब्धि | आ.व.२०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| **सडक** | | | | | | |
| क. कालोपत्रे | कि.मि. | ३०.०३ | ४५ | ५० | ५५ | ७० |
| ख. ग्राभेल | कि.मि. | १२०.३० | १२० | २०० | २३५ | २८० |
| ग. कच्ची | कि.मि. | ६२३.१० | ६०० | १००० | ९५० | ७५० |
| सडक सञ्जाल जोडिएको स्थानीय तह | सङ्ख्या | ७३ | ७६ | ७९ | ७९ | ७९ |
| सडक मोटरेवल पुल | संख्या | ५ | १० | १५ | १२ | १५ |
| झोलुङ्गे पुल | संख्या | ३८ | २० | ३५ | ४० | ४५ |
| प्रदेश राजधानी सडक बिस्तार | कि.मि. | १० | १५ | १० | ८ | ६ |
| आवास व्यवस्थापन | सङ्ख्या | २५३ | २५० | ५०० | ७५० | ८०० |

### ३.३.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ | ६८६७३ | २७३० | ६५९४३ | | ६५०५४ | ३६१९ | |
| २०८२/८३ | ११७७२० | २७२० | ११५००० | | ११७७२० | | |
| २०८३/८४ | १२२८०० | २८०० | १२०००० | | १२२८०० | | |

### ३.३.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको बजेट उपशिर्षक नम्बर, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| बजेट उपशीर्षक | कार्यक्रम /आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत/विनियोजित बजेट रु हजारमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३३७०००११४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | पूर्वाधार निर्माण | समन्वय तथा निर्देशन र पूर्वाधार निर्माण | निरन्तर | एकिन नहुने | • दिगो र भरपर्दो यातायात पूर्वाधार निर्माण<br>• प्रादेशिक सडक गुरूयोजना तयार भई प्राथमिकता को आधारमा निर्माण<br>• प्रादेशिक सडक ऐन तयार भई सडकको वर्गिकरण |

| बजेट उपशीर्षक | कार्यक्रम /आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत/विनियोजित बजेट रु हजारमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | | | | • वातावरणमैत्री सडक पूर्वाधार निर्माण |
| | | | | | | • रणानैतिक, प्रदेश गौरवका, जिल्ला सदरमुकाम जोड्ने, स्थानीयको पालिका जोड्ने, अन्तरप्रदेश अन्तर जिल्ला सडक जोड्ने सडक निर्माण |
| | | | | | | • सवै पालिकाको केन्द्रमा सडक सञ्जाल |
| ३३७००९०२४ | ग्रामिण सडक संजाल आयोजना | पूर्वाधार निर्माण | ग्रामिण स्तरमा सडकको पहुंच पूर्याउने। | २०७९।८० वाट सुरू | १४७८२५ | • सडक सञ्जाल विस्तार भएको हुने |
| ३३७००९०३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना | पूर्वाधार निर्माण | जिल्ला सदरमुकाम वा नजिकको राजमार्गदेखि पालिको केन्द्रसम्म पक्की सडक निर्माण गर्ने । | २०८०।८१ वाट सुरू | १७७००० | • सडक सञ्जाल विस्तार भएको हुने |
| ३३७०१९०१४ | राजधानी एकीकृत पूर्वाधार विकास कार्यक्रम। | पूर्वाधार निर्माण | राजधानी शहरको एकिकृत विकास गर्ने र सडक लगायतका अन्य पूर्वाधारहरु निर्माण गर्ने। | निरन्तर | ७०००० | • प्रदेश राजधानीका सडकहरु निर्माण भएको हुने |
| ३३७०१९०२४ | झोलुङ्गे पुल कार्यक्रम | पूर्वाधार निर्माण | यातायात पहुँचलाई सहज वनाउने, छोटो दुरीमा गन्तव्यमा पुग्ने। | निरन्तर | २०३००० | • कर्णाली प्रदेशमा तुईन विस्थापित गर्ने। |

| बजेट उपशीर्षक | कार्यक्रम /आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत/विनियोजित बजेट रु हजारमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३३७०१९०३४ | सडक लगायतका पूवाधारको आकस्मिक तथा नियमित मर्मत सम्भार कार्यक्रम। | पूर्वाधार निर्माण | आकस्मिक तथा नियमित सडक मर्मत भई यातायात सेवालाई बाह्रै महिना संचालन गर्न। | निरन्तर | ४९५०० | सडक यातायात सहज सुरक्षित र भरपर्दो भई सडक दुर्घटना न्युनिकरण भएको हुनेछ |
| ३३७०१९०४४ | सरकारी भवन,आवास तथा सामुदायिक भवन निर्माण र मर्मत कार्यक्रम। | पूर्वाधार निर्माण | सरकारी आवास भवन तथा सामुदायिक भवनहरुको निर्माण गर्ने तथा नियमित मर्मत कार्य गर्ने | निरन्तर | १६१३०० | प्रदेशका मन्त्रालयहरुले प्रवाह गरिने सेवा एउटै विन्दुमा रहने गरी मन्त्रालयहरुको एकिकृत भवन निर्माण हुनेछ। |
| ३३७०१९०६४ | समपुरक आयोजना | पूर्वाधार निर्माण | सहलगानीमा ठुला तथा प्रदेशका रणनितिक र गौरवका आयोजनाहरु कार्यान्वयन गर्ने। | निरन्तर | २४००००० | करिव १५ वटा ठुला प्रदेशका रणनितिक तथा ठुला पूर्वाधारसंग सम्वन्धित संरचनाहरु तयार हुनेछन। |
| ३३७०१९०७४ | सडक मोटेरेवल पुल कार्यक्रम | पूर्वाधार निर्माण | सडक यात्रालाई सहज र सर्वसुलभ बनाउने । | निरन्तर | ५८७७०० | करिव २० वटा सडक मोटरेवल पुल वनिसकेको हुनेछन। |
| ३३७०१९०८४ | सडक निर्माण कार्यक्रम | पूर्वाधार निर्माण | सडक यातायातको पहुँच अभिवृद्धी गर्ने | निरन्तर | २५२४५३२ | कच्ची ग्रावेल र पक्की सडक गरी गरिव ३००० कि मी सडक निर्माण भएको हुनेछ। |

| बजेट उपशीर्षक | कार्यक्रम /आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत/विनियोजित बजेट रु हजारमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३३७०१९०९४ | जनता आवास, विपन्नको घर र एकीकृत वस्ती विकास कार्यक्रम | पूर्वाधार निर्माण | गरिव,विपन्न तथा जोखिमयुक्त वस्तीलाई लक्षित गरि सुरक्षित आवासको व्यवस्था गर्ने। | निरन्तर | २२२००० | जनता आवास,विपन्नको घर र एकिकृत वस्ती विकास कार्यक्रम मार्फत करिव ३००० हजार घरधुरि लाभान्वित भएको हुने। |
| ३३७९११२३४ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ शसर्त अनुदान | पूर्वाधार निर्माण | स्थानीय स्तरका सडकपुल निर्माण भई सामुदायिक पहुंच सुधार र विस्तार गर्ने | निरन्तर | एकिन नभएको | स्थानीय स्तरका सडकपुल निर्माण भई सामुदायिक पहुंच सुधार र विस्तार भएको हुनेछ । |
| ३३७९११२८४ | ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ(संघ शसर्त अनुदान) | पूर्वाधार निर्माण | ग्रामिण क्षेत्रमा सडक संजालमा मार्फत पहुँच विस्तार गर्ने । | निरन्तर | एकिन नभएको | करिव ५० कि मि सडको स्तरोन्नती भएको हुनेछ । |
| ३३७९११३०४ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | पूर्वाधार निर्माण | यातायात पहुँचलाई सहज वनाउने, छोटो दुरीमा गन्तव्यमा पुग्ने। | निरन्तर | एकिन नभएको | यातायात पहुँचलाई सहज वनाउने, छोटो दुरीमा गन्तव्यमा पुग्ने। |

### ३.३.१० जोखिम पक्ष र अनुमान

स्रोत तथा जनशक्तीको अभाव रहेको अवस्थामा भौगोलिक रुपमा विकट क्षेत्रमा पुर्वाधार विकास गर्नु पर्ने बाध्यता रहेको छ । विस्तृत सम्भाव्यता अध्ययन नभएका स-साना योजनाहरुमा बजेट छर्ने प्रवृत्ति र बहुवर्षिय आयोजनाहरुको क्रमीक वृद्धिले निकट भविष्यमा स्रोतमा चाप पर्ने जोखिम रहेको छ । पूर्वाधार निर्माणको लागी प्रतिकुल जलवायु, मापदण्डबिना आयोजना छनौट हुने, वातावरणमैत्री प्रविधिको उपयोग, विकास र वातावरणबीचको सन्तुलन, नियमित मर्मत तथा सम्भार नहुने जस्ता जोखिम पक्षहरु रहेका छन् ।

# ३.४ जलश्रोत तथा उर्जा विकास

## ३.४.१ पृष्ठभूमि

### क. उर्जा

**जल विद्युत**

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपुर्ण साधन हो। कर्णाली, तिला र भेरी नदीमा गरीएको सम्भाव्यता अध्ययनअनुसार जलविद्युत उत्पादन क्षमता करिव २०,००० मेगावाट रहेको र प्रथम पञ्चवर्षीय योजनामा कर्णाली समृद्धिको प्रमुख सम्बाहकको रुपमा जलविद्युतलाई अङ्गीकार गर्दै योजना अवधिमा २०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिएता पनि उक्त अवधिमा उर्जा विकासको क्षेत्रमा उर्जा विकाश, विस्तार र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वायन गर्न प्रदेश स्तरमा एउटा छुटै कार्यालय स्थापना गर्ने नीतिगत निर्णय, ग्रामिण विद्युतीकरण कार्यक्रम मार्फत केहि दुर्गम बस्तिहरुमा विद्युत सेवामा पहुच बृदी र सोलार मिनिग्रिड लगायत नबिकरनिय उर्जाको क्षेत्रमा केहि जिल्लामा साना आयोजना संचालन बाहेक लक्ष्य अनुसारको उल्लेखनीय प्रगति हासिल हुन नसकेको अवस्था छ। कर्णाली प्रदेशबाट हालसम्म ८.५५ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा आवद्ध छ। जलविद्युत सेवाको पहुँच प्रदेशको ८३.३ प्रतिशत जनतामा मात्र पुगेको छ । अतः प्रदेशको सबै घरधुरीमा विद्युत सेवाको पहुँच विस्तार गर्न, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको मागलाई सम्बोधन गर्न, दिगो विकास लक्ष्य पुरा गर्न एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात समेत गर्न प्रदेशको अपार जलविद्युत क्षमतालाई सदुपयोग गर्न आवश्यक छ ।

**वैकल्पिक ऊर्जा**

वैकल्पिक र नवीकरणीय ऊर्जाको क्षेत्रमा भएको नवप्रवर्तन र प्रगतिबाट प्रदेशले फाइदा लिन सकिने देखिएको छ।हाल प्रदेशको कूल ऊर्जा खपतमा वैकल्पिक ऊर्जाको योगदान १६.६३ प्रतिशत रहेको छ जसमा लघु जल विद्युतबाट ६.५३ मेगावाट र जडित सौर्य ऊर्जाबाट १.२६ मेगावाट हुन आउँछ वैकल्पिक ऊर्जाको उपयोगबाट छरिएर रहेका गाउँ बस्तीहरूलाई उज्यालो पार्नुका साथै नागरिकहरूको ऊर्जाको आवश्यकता सुपथ र सुलभ रुपमा पूरा गर्न सकिन्छ। प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गरी प्रदेशको ऊर्जाको आवश्यकतालाई पुरा गर्नेछ।

### ख. सिंचाई

कर्णाली प्रदेशको खेती योग्य जमीनको २९ प्रतिशतमा मात्र वर्षैभरि सिंचाइ सुविधा उपलब्ध छ। हिमाली, उच्च पहाडी तथा केही न्यून मात्रामा भित्री मधेश रहेको यस

प्रदेशमा परम्परागत सतह सिँचाइबाट जम्मा ३० हजार ३९६ हेक्टर जमीनमा मात्र सिँचाइ सेवा उपलब्ध हुनसक्ने देखिन्छ भने थप ६९,५९७ हेक्टर जमिनमा लिफ्ट सिँचाइ प्रणाली मार्फत सिँचाइ सेवा उपलब्ध गराउनु पर्ने देखिन्छ। हालका दिनमा परम्परागत सतह सिंचाइ, नयाँ प्रविधिमा आधारित सिंचाई, भूमिगत सिंचाई तथा वर्षात्को पानी संङ्कलन जस्ता वैकल्पिक माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार हुदै आइरहेको छ। योजना अवधिमा सिंचाइ हुन बाँकी खेतीयोग्य जमीनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टावर, पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सवै स्थानमा वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानि सङ्कलन पोखरी जस्ता वैकल्पिक उपायहरू तथा पानि भण्डारण सहितका ठुला सतह सिंचाई आयोजनाहरु,लिफ्ट प्रविधिमा आधारित ठुला आयोजनाहरु र बिगतमा निर्माण भएका र परम्परागत रुपमा कृषक समुहबाट संचालन गरिएका तर बाढि पहिरो लागायत विभिन्न कारणले संचालनमा नरहेका सम्पूर्ण आयोजनाहरुलाई आवस्यक मर्मत सुधार तथा पुनस्थापन कार्यक्रम मार्फत सिंचाइ सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ।

**ग. खानेपानी तथा सरसफाई**

मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाइ सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा ९३.६ प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ।कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरीरहेका छन्। नागरिकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको सेवाहरू सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाइ सुविधा दिगो, भरपर्दो, पहुँचयोग्य, सर्वसुलभ हुन जरुरी छ।यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस मन्त्रालयले निरन्तर प्रयासरत रहेको छ।

## ३.४.२ समस्या र चुनौति

### ३.४.२.१ समस्याः

**क. ऊर्जा**

**जलविद्युत**

जलविद्युतको विकास र व्यवस्थापनको लागि आवश्यक ऐन, कानुन र नीति नियम नहुनु, उर्जा विकास, विस्तार र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वयन गर्न प्रदेश स्तरमा छुटै कार्यालय स्थापना नहुनु तथा उर्जा विकास जस्तो जटिल, बहुप्रबिधि र व्यवस्थापकीय चुनौती भएको कार्यक्रम समेत जिल्लास्तरीय कार्यालय मार्फत कार्यान्वयन गर्ने गरि संगठन

संरचना विद्यमान रहनु, उर्जा क्षेत्रको विकासको लागि न्युन बजेट बिनियोजन हुनु, उर्जा विकास सम्बन्धि आवस्यक दक्ष जनशक्ति लामो समय देखि रिक्त हुनु, योजनामा उर्जा विकासले उच्च प्राथमिकता प्राप्त भएता पनि सोहि अनुरुप कार्यान्वयनमा सरकारको प्राथमिकतामा नपर्नु, जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययनको आधारमा प्राथमिकिकरण गरि लगानी मैत्री वातावरण तयार नहुनु, भौगोलिक विकटता हुनु, विद्युतको विकासको लागि आवस्यक न्युनतम आवस्यक पूर्वाधार नहुनु, विद्युत आपुर्ति भरपर्दो र गुणस्तरीय नहुनु, प्रसारण तथा वितरण लाईन निर्माणका आयोजनाहरू अपेक्षित रुपमा अगाडि बढ्न नसक्नु प्रमुख समस्याहरू हुन्।

**वैकल्पिक ऊर्जा**

वैकल्पिक ऊर्जामा लगानी गर्न सरकारी स्रोत साधनको अभाव हुनु, लगानीका लागि निजी क्षेत्र दुर्गम, ग्रामिण भेगसम्म पुग्न नसक्नु, वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग गर्न प्रदेश तथा स्थानीय तहमा क्षमताको कमी हुनु, वैकल्पिक ऊर्जा घरायसी आवश्यकता परिपूर्तिमा मात्र सीमित रहनु, वैकल्पिक ऊर्जाको बिकास र व्यवस्थापनको लागि आवस्यक ऐन,कानुन र नीति नियम नहुनु, उर्जा बिकास र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वायन गर्न प्रदेश स्तरमा छुटै कार्यालय स्थापना नहुनु तथा उर्जा विकास जस्तो जटिल, बहुप्रबिधि र व्यवस्थापकीय चुनौती भएको कार्यक्रम समेत जिल्लास्तरीय कार्यालय मार्फत कार्यान्वयन गर्ने गरि संगठन संरचना बिधमान रहनु, उर्जा विकास सम्बन्धि आवस्यक दक्ष जनसक्ति लामो समय देखि रिक्त हुनु,योजनामा उर्जा विकासले उच्च प्राथमिकता पायतापानी सोहि अनुरुप कार्यन्वयनमा सरकारको प्राथमिकतामा नपर्नु, जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययनको आधारमा प्रथमिकरण गरि लगानी मैत्री बाताबरण तयार नहुनु, भौगोलिक विकटता हुनु, वैकल्पिक ऊर्जाको बिकासको लागि आवस्यक न्युनतम पूर्वाधार नहुनु, विद्युत आपुर्ति भरपर्दो र गुणस्तरीय नहुनु, प्रसारण तथा वितरण लाईन निर्माणका आयोजनाहरू अपेक्षित रुपमा अगाडि बढ्न नसक्नु प्रमुख समस्याहरू हुन् ।

**ख. सिंचाई**

सिचाई सुविधा पुगिसकेका खेतीयोग्य जमिनमा पनि मानव बस्ती विकास हुन थाल्नु, निर्माण सम्पन्न भएर सञ्चालनमा आएका आयोजनाहरू पनि नियमित मर्मत संभारको अभावमा जीर्ण हुँदै जानु, अपेक्षाकृत ठूला सिँचाइ आयोजनाहरू समय मै सम्पन्न हुन नसक्नु, सिँचाइ प्रणालीको व्यवस्थापनमा प्रभावकारिता नदेखिनु, वैकल्पिक सिँचाइका सम्भावनाहरूको यथेष्ट उपयोग हुन नसक्नु तथा सिँचाइका लागि पानीको किफायती प्रयोग हुन नसक्नु प्रमुख समस्याहरू हुन्।

### ग. खानेपानी तथा सरसफाई

पानीको स्रोतको कमीका कारण सहरमा बढदै गरेको जनसङ्ख्याको मागअनुसार पर्याप्त आधारभूत खानेपानी सुविधा उपलव्ध गराउन नसकिनु, ग्रामीण बस्तीहरूमा रहेको आधारभूत खानेपानी सुविधाको ठूलो माग पुरा गर्ने गरी पर्याप्त आयोजनाहरू निर्माण हुन नसक्नु, भौगोलिक जटिलता तथा छरिएर रहेका बस्तीका कारण आधारभूत खानेपानी सुविधा पुऱ्याउन कठिनाइ हुनु, निर्माण सम्पन्न आयोजनाहरू पनि उचित मर्मत सम्भारको अभावमा जीर्ण बन्दै जानु, न्यून बजेट विनियोजनको कारण आयोजनाको आधार बर्ष लम्विइ आयोजना सम्पन्न गर्न लामो समय लाग्नु, मानव बस्तीको विस्तारसँगै फोहोरको उचित व्यवस्थापनको अभाव हुनु प्रमुख समस्याका रुपमा रहेका छन्।

## ३.४.२.२ चुनौतीः

### क. ऊर्जा

### जलविद्युत

जलविद्युतको विकास र व्यवस्थापनको लागि आवश्यक ऐन, कानुन, नीति, नियम बन्न नसक्नु, ऊर्जा विकासको लागि आवश्यक स्रोत/साधनको व्यवस्थापन हुन नसक्नु, ऊर्जा विकास तथा व्यवस्थापन सम्बन्धि कार्य गर्न व्यवस्थित संस्थागत व्यवस्था हुन नसक्नु, ऊर्जा विकास प्रदेश सरकारको प्राथमिकतामा पर्न नसक्नु, आयोजनाहरूको सम्भाव्यता अध्ययन भई प्राथमिकिकरणको आधारमा लगानी मैत्री वातावरण तयार नहुनु, भौगोलिक विकटता तथा आवश्यक अन्य पूर्वाधार निर्माण नहुनु आदि मुख्य चुनौतीको रुपमा रहेका छन् ।

### वैकल्पिक ऊर्जा

यस प्रदेशको करिव ८०.५ प्रतिशत घरधुरीमा खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने परम्परागत ऊर्जाका स्रोतलाई वैकल्पिक ऊर्जाले प्रतिस्थापन गर्नु, वैकल्पिक ऊर्जा विकासका लागि आवश्यक पर्ने ठूलो आर्थिक स्रोत साधनको व्यवस्था गर्नु तथा वैकल्पिक ऊर्जा प्रविधिबाट ऊर्जा उत्पादन, उपयोग र व्यवस्थापनका लागि तीनै तहको आपसी सहकार्य र समन्वय गर्नु चुनौतीहरू हुन्।

### ख. सिंचाई

वर्षेनी बाढी/पहिरोबाट सिंचाई संरचनामा ठूलो क्षति हुने र मर्मत/सम्भारको लागि माग बमोजिम स्रोत/साधनको व्यवस्थापन गर्नु, जनसहभागीता अभिवृद्धि तथा क्षमता विकास गरी सम्पन्न आयोजनाहरूलाई दिगो रुपमा संचालन गर्नु, निर्माण सम्पन्न आयोजनाहरूबाट

लाभको आधारमा सिंचाई सेवा शुल्क उठ्ने कुराको सुनिश्चित गरी आयोजनाको दिगोपन कायम गर्नु, आयोजना तर्जुमालाई व्यवस्थित गर्नु, आयोजना कार्यान्वयन पूर्व गर्नुपर्ने तयारीको अनुपालन गर्नु, एकिकृत जलस्रोत व्यवस्थापनको अवधारणा अनुरुप जलस्रोतको समूचित उपयोग गर्नु, प्रभावकारी संस्थागत व्यवस्था तथा उपभोक्ताको क्षमता विकासका क्रियाकलापहरू संचालन गर्नु, सिँचाइ सुविधा पुगिसकेका कृषियोग्य भूमिलाई खण्डीकरण हुनबाट रोकी अन्य कार्यमा प्रयोग हुन नदिनु, ठूला सिँचाइ आयोजना सञ्चालन गर्नका लागि आवश्यक लगानी जुटाउनु, आयोजनाहरूमा हुन सक्ने जोखिमको आङ्कलन गरी व्यस्थापन गर्नु यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

**ग. खानेपानी तथा सरसफाई**

सीमित स्रोत साधनबाट सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था मिलाउनु, खानेपानीको स्रोत बस्तीबाट टाढा हुनु, धेरै आयोजना सीमित जनशक्तिबाट सञ्चालन गर्नु र बढ्दो फोहोरहरूको व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन्।खानेपानी आयोजनाहरुमा समुदायको अपनत्व, कमजोर संरचना तथा व्यवस्थापन प्रक्रिया, कमजोर खानेपानी गुणस्तर हुनु तथा यसमा खासै प्राथामकिता, बर्षेनी हुने मौसमजन्य विपदहरुका कारण खानेपानी तथा सरसफाई आयोजनाहरुको क्षति पुग्नु तथा खानेपानीकाश्रोतहरु विस्थापित, बढ्दो शहरीकरणले खानेपानीको सेवा विस्तार तथा व्यवस्थापन, भिरालो जमिन तथा छरिएको वस्ती, पूर्वाधार विकासका गतिविधिहरुमा यथोचित समन्वय, खानेपानी तथा सरसफाई क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यका लागि बजेट व्यवस्थापन, खानेपानी तथा सरसफाई क्षेत्रमा उपलब्ध स्रोत साधन, जलबायु परिबर्तनले सिर्जित समस्याका रुपमा खानेपानीका श्रोत व्यवस्थापन, मानब सिर्जित समस्याका कारण खानेपानीका योजनाहरुको क्षतिको व्यवस्थापन जस्ता थप चुनौतिको रुपमा रहेका छन्।

### ३.४.३ सोच

१. जल विद्युतको उत्पादनबाट समृद्धि।
२. वैकल्पिक ऊर्जा मार्फत ऊर्जामा पहुँच विस्तार।
३. दिगो सिँचाइ उपलब्धताबाट कृषी उत्पादन र उत्पादकत्वमा वृद्धि।
४. स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

### ३.४.५ उद्देश्य

१. जल विद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु।
२. न्यून कार्वन उत्सर्जनको माध्यमले वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुर्याउनु।

३. परम्परागत तथा आधुनिक सिँचाइ प्रविधिसहितका सिंचाई संरचना निर्माण तथा मर्मत सुधार गरी अधिकतम् कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु।

४. सवैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीहरूलाई सफा सुग्घर बनाई पूर्ण सरसफाइतर्फ अग्रसर बनाउनु।

### ३.४.६ रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **१. ऊर्जा** | |
| **जलविद्युत** | |
| १। सङ्घसँगको समन्वयमा जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति, नियम तथा सस्थागत संरचना निर्माण गरी लगानी जुटाउन पहल गर्ने। | क) जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा संरचनाहरूको व्यवस्था गरिनेछ।<br>ख) वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदनका आधारमा प्राथमिकता अनुसार कार्यान्वयन गरिनेछ।<br>ग) विद्युत खरिद सम्झौता भई निर्माणमा रहेका जलविद्युत आयोजनाहरूलाई समयमै सम्पन्न गर्न लगानीको लागि पहल गरिनेछ।<br>घ) जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय,, विद्युत प्राधिकरण र अन्य सरोकारवालाहरूको एकिकृत कार्ययोजना बनाइनेछ।<br>ङ) उर्जा विकास जस्तो जटिल, बहुप्रबिधि र व्यवस्थापकीय चुनौती भएको विकास कार्यक्रम समेत जिल्ला स्तरीय कार्यालय मार्फत कार्यान्वयन गर्ने गरि बिधमान संगठन संरचना हुदा उर्जा विकास सम्बन्धि आयोजनाहरु सुरुवात( (सम्म हुन नसकेको अवस्थालाई ध्यानमा राखी उर्जा बिकास, विस्तार र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वायन गर्न प्रदेश स्तरमा छुटै कार्यालय स्थापना गरिनेछ। |
| २। विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाइनहरू निर्माण गर्ने। | क) उत्पादित विद्युतलाई वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रीडमा प्रवाह गराउन आन्तरिक प्रसारण लाइन निर्माण गरिनेछ।<br>ख) विद्युत वितरण प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन क्रमिक रुपमा वितरण प्रणाली स्वचालन एवम् स्मार्ट ग्रीड बनाउदै लगिनेछ।<br>ग) एकीकृत जलस्रोत तथा ऊर्जा विकास योजना तयार गरी कार्यान्वयन र लगानी सुनिश्चित गरिनेछ। |
| ३. प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू सञ्चालन गर्ने। | क) प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू निर्माणका लागि स्थानीय तह, निजी क्षेत्र र स्थानीय नागरिक तथा गैरआवासीय नेपाली नागरिकलाई शेयर लगानी गर्ने अवसर उपलब्ध गराइनेछ।<br>ख) आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश तथा जिल्ला ऊर्जा समन्वय समिति गठन गरिनेछ। |

| | |
|---|---|
| | ग) निजी क्षेत्र समेतको सहभागितामा विद्युतबाट सञ्चालित सवारी साधनको प्रर्वद्धन गर्न आवश्यक चार्जिङ्ग स्टेशन क्रमश स्थापना गरिनेछ।<br>घ) प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू विकास र व्यवस्थापनको सम्पूर्ण कार्य जिम्मेवारी रहने गरि प्रदेशस्तरमा उर्जा बिकाश सम्बन्धि एकिकृत कार्यक्रम कार्यान्वायन गर्न छुटै कार्यालय स्थापना गरिनेछ र आवश्यकताको आधारमा थप आयोजना कार्यालय स्थापना गरिने छ। |
| **वैकल्पिक ऊर्जा** | |
| १. वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने । | क) वैकल्पिक ऊर्जाको उपयोगको प्रवर्द्धन, विकास एवम् विस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख) वैकल्पिक ऊर्जालाई अस्पताल, विद्यालय, पर्यटकीय स्थल, पदमार्ग आदिमा आधारभूत ऊर्जाको भरपर्दो स्रोतका रुपमा विकास गरिनेछ ।<br>ग) वैकल्पिक ऊर्जा कृषि व्यवसाय, उद्योग कलकारखानालाई विकास तथा विस्तार गरिनेछ ।<br>घ) वैकल्पिक ऊर्जा प्रयोग गरी लघु तथा साना उद्यमहरूको प्रर्वद्धन गरिनेछ।<br>ङ) सर्भे र निर्माणका लागि लाइसेन्स सम्बन्धी समन्वित ढङ्गले आवश्यक वातावरण सुनिश्चित गरिनेछ ।<br>च) बैकल्पिक ऊर्जा आयोजनाहरूको दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>छ) विद्युतिय चुलो तथा विद्युतिय सवारी साधनहरूको प्रयोग अभिवृद्धि गरी आयातीत पेट्रोलियम पदार्थलाई कम गरी कार्बन उत्सर्गनलाई न्यूनिकरण गर्दै लगिनेछ। |
| १. स्थानीय तहसंगको समन्वयमा वैकल्पिक ऊर्जा सम्बन्धि आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति, नियम तथा सस्थागत संरचना निर्माण गर्ने। | क) वैकल्पिक ऊर्जा लागायत जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा संरचनाहरूको व्यवस्था गरिनेछ।<br>ख) वैकल्पिक ऊर्जा तथा जलबिधुतको बिकास र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वायन गर्न प्रदेश स्तरमा छुटै कार्यालय स्थापना गरिनेछ। |
| २. स्थानीयवासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने। | क) स्थानीय तहहरूलाई वैकल्पिक ऊर्जाको विकासका लागि क्षमता अभिवृद्धि एवम् स्रोत परिचालन गर्न सहयोग गरिनेछ।<br>ख) जैविक स्रोतको उपयोगबाट ऊर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र विस्तार गरिनेछ। |

| | |
|---|---|
| | ग) कृषि तथा पशुपन्छीबाट उत्पादित जैविक पदार्थ/फोहोरको उपयोग गरी ठूला क्षमताका वायोग्याँस प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ। |
| **२. सिंचाई** | |
| १. सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने। | क) सिँचाइ सम्बन्धी विद्यमान नीतिहरूमा आवश्यक परिमार्जन गरी जनशक्ति तथा साङ्गठनिक क्षमता अभिवृद्धि गरिनेछ।<br>ख) प्रदेश सिँचाइ विकासको गुरुयोजना तयार गरी सो अनुसार सम्भाव्य साना तथा मझौला सिँचाइ आयोजना प्राथमिकीकरणका आधारमा निर्माण गरिनेछ।<br>ग) स्थानीय तहबाट सम्भव हुने सिँचाइ आयोजनाहरू निर्माण गर्न स्थानीय तहहरूसँग समन्वय गरिनेछ।<br>घ) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रुपमा एकीकृत बाली तथा जल व्यवस्थापनमा जोड दिइनेछ। |
| २. सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने। | क) पानीको स्रोत न्यून हुने तथा वर्षैभरि सिँचाइ उपलब्ध हुन नसक्ने क्षेत्रमा सिँचाइ सेवा पुऱ्याउन आकाशे पानी तथा हिमपानी सङ्कलन, भण्डारण गर्नुका साथै ताल तलैया संरक्षण गरी थोपा, फोहोराजस्ता सिँचाइ प्रविधि समेत उपयोग गरिनेछ।<br>ख) नदी किनारमा रहेका समथर टार तथा ज्युलाहरूमा सोलार तथा इलेक्ट्रिक पावर जस्ता उपयुक्त प्रविधि प्रयोग गरी लिफ्ट सिँचाइ प्रणालीको विकास गरिनेछ।<br>ग) पहाडी भूमिगत सिँचाइ प्रणालीको विकास गरी सिँचाइ सुविधामा विस्तार गरिनेछ।<br>घ) अन्तर जलाधार क्षेत्र पथान्तरण आयोजनाको सम्भाव्यता खोजिनेछ । |
| ३. सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने। | क) सिँचाइ प्रणालीलाई टिकाई राख्न नियमित मर्मत सम्भार तथा दिगो व्यवस्थापन र उपयोग सुनिश्चित गर्न उपभोक्ताहरूलाई सहभागी गराइनेछ।<br>ख) परम्परागत स्थानीय, सामुदायिक सिँचाइ व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>ग) सम्पन्न भएका सिँचाइ आयोजना सञ्चालन तथा मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चित गरिनेछ। |
| **३.खानेपानी तथा सरसफाई** | |
| १. आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने। | क) "एक घर एक धारा" नीतिलाई कार्वान्वयन गर्दै सवै गाउँ-सहर तथा बस्तीमा सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधारभूत खानेपानी सुविधा उपलब्ध गराइनेछ ।<br>ख) खानेपानी सेवा विस्तारका लागि नयाँ प्रविधिहरू (वर्षाति पानी सङ्कलन, लिफ्टिङ्ग, पहाडी भूमिगत बोरिङ्ग) को उपयोग गर्दै मुहानहरूको संरक्षण र सुरक्षित पानीको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ग) सञ्चालित आयोजनाहरू दिगो र भरपर्दो बनाउन उचित मर्मत सम्भारको लागि उपभोक्ताहरूलाई सक्षम बनाइनेछ । |
| २. सामुदायिक सहभागितामा सरसफाइलाई अभियानको रुपमा सञ्चालन गर्ने। | क) फोहोरलाई मोहरमा परिणत गर्ने गरी गाउँ-सहर तथा बस्तीबाट निस्कने फोहोरमैलाहरूको उचित व्यवस्थापन गरिनेछ ।<br>ख) पूर्ण सरसफाइलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।<br>ग) उपयुक्त प्रविधिको प्रयोग गरी मलमुत्र तथा फोहरलाई अर्गानिक कृषि उत्पादनमा प्रयोग गरिनेछ । |
| ३. मौजुदा खानेपानी सेवालाई स्तर वृद्धि गरी क्रमिक रुपमा मध्यम तथा उच्च स्तरको बनाउदै लैजाने। | क) ठूला तथा सहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको निर्माण गरिनेछ ।<br>ख) खानेपानी सुरक्षा योजनालाई आयोजनाको अभिन्न अङ्गको रुपमा लिई खानेपानी गुणस्तर सुनिश्चित गरिनेछ । |

## ३.४.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

**लक्ष्यः**

१. जल विद्युतको उत्पादन गरी तीव्र आर्थिक विकास गर्ने।
२. वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने।
३. कृषियोग्य भूमिमा वाह्रैमास सिँचाइ सुविधा उपलव्ध गराउने।
४. आधारभूत खानेपानी र सरसफाइ सेवा सबै नागरिकहरूलाई उपलव्ध गराउने।

**विषयक्षेत्रगत नतिजा सूचकः**

| सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ अवस्था | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| **ऊर्जा** | | | | | | |
| **असर** | | | | | | |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७५ | ८३.१२ | ८७ | ९२ | ९४ |
| जल विद्युत उत्पादन | मे वा | ११ | १५.५४ | २१ | २५ | २९ |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घर परिवार | प्रतिशत | १३ | १९.५ | २३ | २७ | ३१ |

| सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ अवस्था | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| **प्रतिफल** | | | | | | |
| जल विद्युतका ठूला आयोजना | सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| जल विद्युतका मझौला आयोजना | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ |
| जल विद्युतका साना आयोजना | सङ्ख्या | ९ | १० | १३ | १७ | २० |
| वायु ऊर्जा उत्पादन | मे वा | ० | १ | १ | १ | १ |
| ठूला वायो ग्यास प्लाण्ट स्थापना | सङ्ख्या | ० | १ | २ | ३ | ३ |
| विद्युतीय चुलोको प्रयोग | सङ्ख्या | ४००० | ५००० | १०००० | १५००० | १७००० |
| एलपी ग्याँसको प्रयोग गर्ने परिवार | प्रतिशत | १६ | १८ | १६ | १४ | १२ |
| सार्वजनिक यातायात प्रणालीहरुमा विद्युतबाट चल्ने सवारी साधनहरु | प्रतिशत | ०.५० | १ | ५ | १० | १४ |
| **सिंचाई** | | | | | | |
| **असर** | | | | | | |
| सिंचाई सुविधा पुगेको कृषि योग्य भूमि | प्रतिशत | ३१ | ३५ | ४० | ४५ | ५५ |
| वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन | प्रतिशत | २७ | २९ | ३२ | ३७ | ४३ |
| **प्रतिफल** | | | | | | |
| ठूला सिंचाई आयोजना निर्माण | सङ्ख्या | २२ | २५ | २६ | २७ | २८ |
| मझौला सिंचाई आयोजना निर्माण | सङ्ख्या | २५० | २८० | ३०० | ३२० | ३६० |

| सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ अवस्था | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| साना सिंचाई आयोजना निर्माण | सङ्ख्या | ५५० | ८०० | ९०० | १००० | १२०० |
| नयाँ प्रविधि सिंचाई आयोजना | सङ्ख्या | १७५ | २०० | २५० | ३०० | ३२० |
| जलाशय तथा पुनर्भरण पोखरी निर्माण | सङ्ख्या | ० | २ | ५ | ७ | १० |
| सिंचाई सेवा शुल्क प्राप्त हुने आयोजनाहरु | प्रतिशत | १ | ५ | १० | १५ | २० |
| **खानेपानी तथा सरसफाई** | | | | | | |
| **असर** | | | | | | |
| आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८८ | ९३.६ | ९५ | ९६ | ९७ |
| सुरक्षित खानेपानी सुबिधा पुगेको परिवार | प्रतिशत | ३२ | ३५.६ | ४५ | ५५ | ७० |
| उन्नत/सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ८३ | ८८.२ | ९० | ९१ | ९२ |
| **प्रतिफल** | | | | | | |
| खानेपानी आयोजनाहरुको निर्माण | सङ्ख्या | १२५० | १४०० | १४२५ | १४५० | १५०० |
| लिफ्ट खानेपानी आयोजना | सङ्ख्या | १२० | १४० | १६० | २०० | २३० |

## ३.४.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| आर्थिक वर्ष | बजेट | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | | संघ | वैदेशिक |
| २०८१/८२ | २८३६०८२ | २७९१८० | २५५६९०२ | - | २७२४२३९ | १११८४३ | |
| २०८२/८३ | ३११९६९० | ३०७०९८ | २८१२५९२ | - | २९९६६६२ | १२३०२७ | |
| २०८३/८४ | ३४३१६५९ | ३३७८०७ | ३०९३८५१ | - | ३२९६३२८ | १३५३२९ | |

## ३.४.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

- कार्यक्रम तथा आयोजनाको बजेट उपशिर्षक नम्बर, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत तथा पुष्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु.लाखमा) | पुष्ट्याई | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ३०८००९०२३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय [३०८००९०१३] | जलस्रोत र ऊर्जाको दिगो विकास संरक्षण उपयोग सम्बन्धी नीति, कानून मापदण्ड र नियमन | | | | ग्रामिण ऊर्जा विस्तार भएको हुने। नविकरणीय ऊर्जा उत्पादन भएको हुने विद्युतमा पहुँच प्राप्त परिवारको संख्यामा वृद्धि भएको हुने। |
| ३०८०१९०१४ | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय | ग्रामिण विद्युतीकरण विस्तार तथा नीतिगत समन्वय र कार्यक्रम कार्यान्वयन | | | | थप बस्तीहरुमा ग्रामिण विद्युतीकरण तथा नविकरणीय ऊर्जा कार्यक्रम विस्तार भएको हुने |
| ३०८०१९०२४ | खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरु | ग्रामिण विद्युतीकरण विस्तार तथा नीतिगत समन्वय र कार्यक्रम कार्यान्वयन | | | | थप बस्तीहरुमा ग्रामिण विद्युतीकरण तथा नविकरणीय ऊर्जा कार्यक्रम विस्तार भएको हुने |
| ३०८०१९०३४ | सिंचाइ आयोजनाहरु | सिंचाइ योग्य भूमिमा सिंचाइ सुविधा वृद्धि गर्ने | | | | थप सिंचाई सुबिधा विस्तार भएको हुने |
| ३०८०१९०४४ | नदि नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनाहरु | नदि नियन्त्रण तथा पहिरो व्यवस्थापन | | | | नदि नियन्त्रण विस्तार हुने |
| ३०८०१९०५४ | खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम | स्वच्छ तथा गुणस्तरीय खानेपानी सुविधा | | | | थप बस्तीहरुमा गुणस्तारिय खानेपानी सुबिधा विस्तार भएको हुने |
| ३०८९११२४४ | जलवायू अनुकुलित बृहत खानेपानी आयोजना | स्वच्छ खानेपानी सुविधा | | | | थप बस्तीहरुमा खानेपानी सुबिधा विस्तार भएको हुने |
| ३०८९११२५४ | खानेपानी सेवा विस्तार तथा पुनस्थापना कार्यक्रम | स्वच्छ खानेपानी सुविधा | | | | थप बस्तीहरुमा खानेपानी सुबिधा विस्तार भएको हुने |

### ३.४.१० जोखिम पक्ष र अनुमान

हालसम्म पनि ६० प्रतिशत उच्च तहको प्राविधिक जनशक्तिको पद रिक्त अवस्थामा हुदा भुगोल सुहाउदो तथा कार्यक्रम र कार्यबोझको आधारमा कार्यालयको सांगठनिक संरचना बन्न नसक्दा,ऊर्जा क्षेत्रको बिकासको लागि आवश्यक कार्यालयको स्थापना र बिषय बिज्ञ जनशक्ति नहुदा ऊर्जा क्षेत्रको बिकास प्रभावित हुने तथा अनुगमन र मुल्याङ्कनमा अपेक्षित प्रतिफल हासिल गर्न जोखिम भएको।

## ३.५ सामाजिक विकास

### ३.५.१ पृष्ठभूमि

कर्णाली प्रदेश सरकारको मिति २०७४/११/०६ को निर्णयानुसार स्वीकृत कर्णाली प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार यस मन्त्रालयको ५८ वटा कार्य जिम्मेवारीहरू रहेको छ । यी कार्य जिम्मेवारीहरू सम्पादन गर्न मन्त्रालय वा अन्तर्गतमा ३९ कार्यालयहरू रहेका छन् । मन्त्रालयको लागि तोकिएको जिम्मेवारी सम्पादन गर्न भौगोलिक रुपमा मन्त्रालयको कार्यक्षेत्र भित्र १० जिल्ला, ७९ स्थानीय तह, २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन् ।

यस मन्त्रालयले सम्पादन गर्ने मुख्य कार्यक्रमहरूमा शिक्षा तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमनका साथै शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका छन्। त्यसैगरी प्रदेश स्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनका साथै प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन गर्ने विषयहरू रहेका छन् । महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार-पसार सम्बन्धी नीति तथा कार्य योजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन र लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षणको जिम्मेवारी पनि यसको कार्यक्षेत्र अन्तर्गत पर्दछ । युवा प्रोत्साहन सहित खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रबर्द्धन गर्ने कामहरू पनि यसैको कार्यक्षेत्र भित्र

पर्दछन् । विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी, भाषा, लिपि, संस्कृति, ललितकला, धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनका साथै ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिक सम्पदाहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन र संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन पनि यस मन्त्रालयको मुख्य कार्यक्षेत्र भित्र पर्दछन् ।

## ३.५.२ समस्या र चुनौतीः

- नीतिगत: संगठन तथा ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन, नीति कानूनहरूको निर्माण, तथ्य र नतिजामा आधारित योजना ।
- कार्यगतः कार्यान्वयनमा ढिलाइ, अन्तिम समयमा बजेट र कामको चाप, बैंक खाता छोरीको कार्यान्वयन, भौगोलिक विकतटताका कारण नियमित सेवा र आपूर्तिमा कठिनाइ, प्रकृयागत ढिलाइ, दोहोरो पना ।
- नतिजा मापनः नतिजाको मापनमा कठिनाइ, अनुगमन मुल्यांकन, आवधिक प्रगति प्रतिवेदन, ब्यवस्थापन सूचना प्रणाली ।
- संगठनात्मकः बोझिलो र बहु कार्यक्षेत्र, कार्य र समन्वयमा कठिनाइ ।
- खर्च प्रणालीः अपेक्षित खर्च नहुनु (मानव संशाधन, सूचना प्रणाली र भौतिक साधन/उपकरण, आकस्मिक खर्च ब्यवस्थापन) रकमान्तरको लागि माग, थप बजेट माग
- भौतिक पूर्वाधार पहुँच (Connectivity): यातायात, सेवा प्रदायक संस्था, भवन, एम्बुलेन्स, सवारी साधन, दीगो निर्माण कार्य ।

## ३.५.३ सोच

- सभ्य, सु-संस्कृत र समृद्ध समाज (शिक्षा)
- स्वस्थ र सुखी कर्णालीवासी (स्वास्थ्य)
- सक्षम नागरिक र व्यवस्थित बसाइँसराइ (जनसंख्या)
- स्वावलम्बी र नैतिकवान युवा (युवा)
- लैङ्गिक समतायुक्त कर्णाली (महिला सशक्तिकरण र लैंगिक विकास)
- बालबालिका तथा किशोरकिशोरीमैत्री समाज निर्माण (बालबालिका तथा किशोरकिशोरी)
- सुरक्षित सक्रिय र सुखी जेष्ठ नागरिक ,स्मानितस ,(ज्येष्ठ नागरिक)
- अपाङ्गता भएका नागरिकहरुको सम्मानित जीवनयापन (अपाङ्गता)

- समग्र खेलकुद क्षेत्रको विकासमार्फत स्वस्थ प्रतिस्पर्धी र अनुशासित नागरिक निर्माण , (खेलकूद)
- साँस्कृतिक सद्भाव सहित विविधतामा एकता (भाषा, कला, साहित्य र संस्कृति)
- समावेशी विकासद्वारा सामाजिक न्यायको सुनिश्चितता (सामाजिक समावेशिकरण)
- विभेदरहित समाज निर्माण (दलित मूलप्रवाहीकरण)
- मानव बेचबिखन तथा ओसारपसार मुक्त प्रदेश (मानव बेचबिखन तथा ओसारपसार)
- सामाजिक सुरक्षा प्रणालीबाट संरक्षित कर्णालीवासी (सामाजिक सुरक्षा)

## ३.५.४ लक्ष्य

**शिक्षा**

- गुणस्तरीय शिक्षाको विकास र विस्तार गरी मानव पुँजी र पहुँच सुनिश्चित गर्ने।

**स्वास्थ्य**

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धि गर्ने।

**जनसङ्ख्या तथा बसाईँसराइ**

- जनसङ्ख्या तथा बसाईँसराइको प्रभावकारी व्यवस्थापन गर्ने।

**युवा**

- युवालाई समग्र विकास प्रकृयामा परिचालन तथा सार्थक सहभागिता गराउने।

**महिला सशक्तिकरण तथा लैङ्गिक समानता**

- महिलालाई समन्यायिक विकासका अवसरहरूमा पहुँच प्रदान गर्ने।

**बालबालिका तथा किशोर-किशोरी**

- बालबालिका तथा किशोर-किशोरीहरूको उचित संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिकमैत्री समाज र संस्कृतिको विकास गर्ने।

**अपाङ्गगता भएका व्यक्ति**

- अपाङ्गमैत्री संरचना र वातावरणको सिर्जना गर्ने।

**खेलकुद**

- स्वस्थ जीवन र सकारात्मक सामाजिक परिवर्तनका लागि खेलकूद क्षेत्रका सम्भावनाहरूको उच्चतम उपयोग गर्ने।

**भाषा, कला, साहित्य र संस्कृति**

- सबै मौलिक सामाजिक-संस्कृतिको संरक्षण, विकास र सम्वर्द्धन गर्ने।

**सामाजिक समावेशिकरण**

- विपन्न र पछाडि परेका व्यक्ति र समुदायलाई प्रदेशको राजनैतिक—आर्थिक—सामाजिक—सांस्कृतिक विकासको मूलप्रवाहमा ल्याउने।

**दलित मुलप्रवाहिकरण**

- सबै प्रकारका असमानता, जातीय विभेद र उत्पीडनको अन्त्य गर्दै दलित समुदायको संविधानप्रदत्त हक अधिकार सुनिश्चित गर्ने।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण**

- मानव बेचबिखन तथा ओसारपसारको अन्त्य गर्ने।

**सामाजिक सुरक्षा**

- जीवन चक्रमा आधारित अभाव र जोखिमको सामना गर्न सक्ने सामाजिक सुरक्षा प्रदान गर्ने।

### ३.५.५ उद्देश्य

- शैक्षिक गुणस्तरमा सुधार गर्दै स्वावलम्बी र प्रतिस्पर्धी मानव संशाधनको विकास तथा परिचालन गर्नु, शैक्षिक क्षेत्रमा कुशल व्यवस्थापन मार्फत ज्ञान, विज्ञान, प्रविधि र नवप्रवर्तन अभिवृद्धि गर्नु (शिक्षा)
- स्वास्थ्य सेवा प्रदायक निकायहरूबाट गुणस्तरीय सेवा प्रवाह गर्नु, स्वास्थ्य प्रणालीमा सुधार गर्न प्रविधियुक्त स्वास्थ्य सेवा स्थानीयस्तरमै उपलब्ध गराउनु र आधुनिक तथा बैकल्पिक स्वास्थ सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्नु (स्वास्थ्य)
- जनसङ्ख्या व्यवस्थापनबाट स्वस्थ उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार गर्नु
- युवालाई ज्ञान, उद्यमशील र स्वालम्बी बनाउदै विकासको सम्वाहक शक्तिको रुपमा स्थापित गर्नु
- सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी विकासमा महिलाको समान र सार्थक सहभागिता सुनिश्चित गर्नु (महिला सशक्तीकरण तथा लैङ्गिक

समानता)

- बालबालिका तथा किशोर किशोरीहरूको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरू सहित अनुकूल वातावरण सिर्जना गर्ने (बालबालिका तथा किशोर किशोरी)
- जेष्ठ नागरिकमैत्री सेवा र सुविधाहरूको विस्तार गर्नु (ज्येष्ठ नागरिक)
- खेलकुदलाई सबै नागरिकको सरोकार र पहुँचको विषय बनाउनु र स्तरीय पूर्वाधार र व्यावसायिक खेलाडीहरू तयार गरी खेलकुद क्षेत्रलाई उद्योगका रूपमा विकास गर्नु (खेलकूद)
- साँस्कृतिक सम्पदा, भाषा, साहित्य, कला र संस्कृतिको उचित संरक्षण गर्दै सामाजिक-साँस्कृतिक एकता अभिवृद्धि गर्नु (भाषा, कला, साहित्य र संस्कृति)
- सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको न्यायोचित पहुँच तथा सार्थक सहभागितामा समावेशी विकास गर्नु (सामाजिक समावेशिकरण)
- प्रदेशको राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जीवनमा दलित समुदायको समान पहुँच स्थापित गरी विभेदरहित समाज निर्माण गर्नु (दलित मूल प्रवाहीकरण)
- जीवनयापनका बैकल्पिक अवसर सिर्जना र जोखिममा रहेका समुदाय एवम् क्षेत्रको पहिचान गरी मानव बेचबिखन रोकथाम गर्नु र पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुर्नस्थापनाको सेवालाई प्रभावकारी बनाउनु (मानव बेचबिखन, ओसारपसार)
- आफ्नो जीवनयापन आफै गर्न नसक्ने सवै उमेर,लिङ्ग , वर्ग, जातजातिसमुदाय र , ई सामाजिकक्षेत्रका व्यक्ति तथा घरपरिवारला सुरक्षा प्रदान गर्न (सामाजिक सुरक्षा)

## ३.५.६ रणनीति

- माध्यमिक तहसम्मको शिक्षामा सबै बालबालिकाको सहज पहुँच पुऱ्याउने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम उपलब्ध गराउने, विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधियुक्त अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने, परम्परागत ज्ञान सीप तथा वैकल्पिक सिकाइलाई सीपमूलक तथा आयमूलक कार्यक्रमसँग आवद्ध गर्ने र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्दै शैक्षिक क्षेत्रमा सुशासन कायम गर्ने (शिक्षा)
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य प्रणालीमा सुधार गर्दै विशिष्टिकृत स्वास्थ्य सेवा प्रदेशभित्रै उपलब्ध हुने व्यवस्था गर्ने, वैकल्पिक चिकित्सा पद्धतिहरूको विकास गर्ने र विपद् व्यवस्थापन तथा स्वास्थ्य जनचेतना अभिवृद्धि गर्ने (स्वास्थ्य)

- जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रुपमा स्थापित गर्ने, स्वस्थ जीवनयापनका लागि उपयुक्त जीवनशैली एवम् वातावरणको निर्माण गर्ने र वाह्य तथा आन्तरिक बसाइँसराइको प्रभावकारी व्यवस्थापन गर्ने (जनसंख्या)
- व्यावसायिक सीप विकास, उद्यमशिलता र स्वरोजगारीका कार्यक्रमहरूको विस्तार गर्ने, विकास निर्माणमा युवाको सक्रिय सहभागिता गराउने र कृषिमा युवाको आकर्षण बढाउने (युवा)
- लैङ्गिक समानतामैत्री नीति तथा बजेट विनियोजन पद्धति अवलम्बन गर्ने र आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिलाको आर्थिक-सामाजिक राजनैतिक-सशक्तीकरण गर्ने (महिला सशक्तिकरण र लैंगिक विकास)
- बालबालिका तथा किशोर किशोरीको शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने, बालबालिकाका तथा किशोरकिशोरी, असहाय, अनाथ, अशक्त तथा बेवारिसे बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य, सबै प्रकारको बालश्रमको अन्त्य गर्ने, बालगृह, पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकालाई संरक्षण गर्ने र बालबालिकाको पहुँचयुक्त पूर्वाधार निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने (बालबालिका तथा किशोर किशोरी)
- जेष्ठ नागरिकको पहिचान र जीवनयापन सहज बनाउनका लागि आवश्यक पूर्वाधार विकास गर्ने र जेष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई विविध क्षेत्रमा उपयोग गर्ने (ज्येष्ठ नागरिक)
- सबैखाले भौतिक संरचना अपाङ्गतामैत्री बनाउँदै उनीहरूको पहुँच र आवागमनलाई सहज बनाउने, अपाङ्गता भएका व्यक्तिको स्वतन्त्र जीवनयापनका लागि अनुकूल र टेवामूलक वातावरण निर्माण गर्ने र अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदेशको राजनैतिक, आर्थिक र सामाजिक जीवनमा एकीकरण र मूलप्रवाहीकरण गर्ने
- खेलकुदलन गर्नेसचेतना कार्यक्रमहरू सञ्चा व्यायाम र स्वास्थ्यसम्बन्धी व्यापक ,, सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा पूर्वाधारको निर्माण गर्ने, खेलकुदलाई उद्योगको रूपमा विकास गर्न गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने र खेलाडीहरू र खेलकुदसँग सम्बन्धित सङ्घ संस्थाहरूको क्षमता विकास र सुशासन कायम गर्ने (खेलकूद)
- सामाजिक, साँस्कृतिक र धार्मिक धरोहरहरूको संरक्षण र प्रबर्द्धन गर्ने, खस भाषा, कला, साहित्य र सङ्गीत आदि क्षेत्रसँग सम्बद्ध संस्थाहरूको सबलीकरण गर्ने र पुरातात्त्विक सम्पदाहरूको पहिचान, उत्खनन् र संरक्षण गर्ने (भाषा, कला, साहित्य र संस्कृति)

- प्रदेशका सबै स्रोत साधन तथा सेवा सुविधामा सबै नागरिकको पहुँच वृद्धि गर्ने, सकारात्मक कार्यका माध्यमबाट सबै क्षेत्रमा लक्षित वर्गको सार्थक सहभागितालाई सुनिश्चित गर्ने र सबै समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने (सामाजिक समावेशिकरण)
- दलित मूलप्रवाहीकरणका बाधा अवरोधहरूको पहिचान गरी सम्बोधन गर्ने, मर्यादित जीवनयापनको लागि सामाजिक, आर्थिक, राजनैतिक सशक्तीकरणमा जोड दिने र दलित महिला तथा बालबालिकाको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने (दलित मूल प्रवाहीकरण)
- सघन निगरानी प्रणालीको विकास गरी मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने, प्रदेशभित्रै सुरक्षित जीवनयापनका वैकल्पिक अवसरहरू सिर्जना गर्ने र मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित पीडितको उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने (मानव बेचविखन र ओसारपसार नियन्त्रण)
- सङ्घ र स्थानीय तहसँग सहकार्य, समन्वय र साझेदारीमा सामाजिक सुरक्षाको प्रावधान विस्तार गर्ने, सामाजिक सुरक्षाको प्रभावमा अभिवृद्धि हुने गरी बहुक्षेत्रीय पूरक सेवाहरू विस्तार गर्ने र सामाजिक सुरक्षा प्रणालीलाई चुस्त, सहज र दक्ष बनाउने (सामाजिक सुरक्षा)

## ३.५.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

क्षेत्रगत रुपमा मन्त्रालय अन्तर्गत हुने असर तथा प्रभाव तहका सूचकहरू कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को अनुसूची-७ मा उल्लेखित सूचकहरूलाई आधार मानी तय गरिएको छ । यी सूचकहरूको हालसम्मको उपलब्धि र मध्यमकालीन लक्ष्यहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

| सुचक | इकाई | आ.व. २०७९/८० को यथार्थ अवस्था | ०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| खुद भर्नादर | प्रतिशत | ७०.६ | ८०.१ | ८६.० | ९०.२ | ९८.६ |
| साक्षरता दर | प्रतिशत | ७६.१ | ८० | ८६ | ९० | ९४ |
| लैगिक समता वा समानता सूचकाङ्क | प्रतिशत | ०.९९ | १.० | १.० | १.० | १.० |
| औसत आयु | वर्ष | ७२.५ | ७२.५ | ७२.५ | ७२.५ | ७२.५ |
| मातृ मृत्युदर | प्रति लाख | १७२ | १६१ | १५० | १०० | ७० |
| बाल मृत्युदर | प्रति हजार | ४६ | ३५ | २८ | २६ | २५ |
| शिशु मृत्युदर | प्रति हजार | २६ | १९ | १४ | १३ | १२ |

| सुचक | इकाई | आ.व. २०७९ /८० को यथार्थ अवस्था | ०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| आधारभूत सरसफाइ | प्रतिशत | | | | | |
| सरसफाईमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९७.३ | ९८ | ९९ | १०० | १०० |
| लैङ्गिक विकास सूचकाङ्क | | ०.५३ | ०.५७ | ०.६३ | ०.७ | ०.८ |
| लैङ्गिक सशक्तिकरण मापक | | | | | | |

## ३.५.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण

मध्यमकालीन खर्चको अनुमान तथा प्रक्षेपण गर्दा कार्यक्रम, आयोजनागत रुपमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था समेत छुट्याई अनुमान तथा प्रक्षेपण गरिएको छ । यसरी गरिएको प्रक्षेपणमा सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, प्रदेश सरकारको आन्तरिक स्रोतको रकम र आन्तरिक तथा बाह्य ऋण समेत उल्लेख गरी मध्यमकालीन खर्चको अनुमानित विवरण तलको तालिकामा उल्लेख भएअनुसार तयारी गरिएको छ ।

(रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ | ६१७४५१३ | २५२१५३२ | ३६५२९८१ | ० | १८५२३५४ | ४३२२१५९ | ० |
| २०८२/८३ | ६७०२४८० | २८७९७४२ | ३८२२७३८ | ० | २०१०७४४ | ४६९१७३६ | ० |
| २०८३/८४ | ६९१९७३९ | ३११३८८२.५५ | ३८०५८५६.४५ | ० | २०७५९२२ | ४८४३८१७ | ० |

## ३.५.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कर्णाली प्रदेशको शिक्षा, स्वास्थ्य तथा समग्र मानव विकास सूचकाङ्कलाई अन्य प्रदेशको स्तरमा लैजानका लागि शिक्षा, स्वास्थ्य, सरसफाइ, सामाजिक सुरक्षा, भाषा तथा संस्कृति लगायतका विषयहरूलाई समन्वयात्मक रुपमा अगाडि बढाउनुपर्ने हुन्छ । मन्त्रालय र मातहतका निकायहरूबाट सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै समग्र कर्णाली प्रदेशको सामाजिक, शैक्षिक र स्वास्थ्य सम्बन्धी क्षेत्रमा सुधार गर्दै जनजीवनलाई उन्नत बनाउने मन्त्रालयको ध्येय रहेको छ । आ.व. २०८१/८२

को मन्त्रालय र मातहतका निकायहरूमार्फत सञ्चालन हुने कार्यक्रम र आयोजनाको उद्देश्य, खर्च, आवश्यकताको पुष्ट्याईं तलको तालिकामा दिइएअनुसार हुनेछ ।

कर्णाली प्रदेशको शिक्षा, स्वास्थ्य तथा समग्र मानव विकास सूचकाङ्कलाई अन्य प्रदेशको स्तरमा लैजानका लागि शिक्षा, स्वास्थ्य, सरसफाइ, सामाजिक सुरक्षा, भाषा तथा संस्कृति लगायतका विषयहरूलाई समन्वयात्मक रुपमा अगाडि बढाउनुपर्ने हुन्छ । मन्त्रालय र मातहतका निकायहरूबाट सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै समग्र कर्णाली प्रदेशको सामाजिक, शैक्षिक र स्वास्थ्य सम्बन्धी क्षेत्रमा सुधार गर्दै जनजीवनलाई उन्नत बनाउने मन्त्रालयको ध्येय रहेको छ । आ.व. २०८१/८२ को मन्त्रालय र मातहतका निकायहरूमार्फत सञ्चालन हुने कार्यक्रम र आयोजनाको उद्देश्य, खर्च, आवश्यकताको पुष्ट्याईं तलको तालिकामा दिइएअनुसार हुनेछ ।

| बजेट उपशीर्षक | कार्यक्रम अयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि आ.व. | | लागत (रु हजारमा) | पुष्ट्याई | आगामी ३ वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | | शुरु मिति | समाप्त मिति | | | |
| ७०६३७३११३ | सामाजिक विकास मन्त्रालय | ३ | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | साल बसाली | - | १,९७,८३,३१ | - | गुणस्तरिय स्वास्थ्य सेवा, औसत आयु, साक्षरतादर, सामाजिक समानतामा बृद्धी |
| ७०६३७३५१३ | सामाजिक विकास मन्त्रालय | ३ | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | साल बसाली | - | १,१९,८७,९५ | प्रदेशको सामाजिक विकास सूचकहरू कमजोर रहेको | गुणस्तरिय स्वास्थ्य सेवा, औसत आयु, साक्षरतादर, सामाजिक समानतामा बृद्धी |
| ७०६३७३११४ | सामाजिक विकास मन्त्रालय | ३ | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | साल बसाली | - | २५,६२,८१ | - | पूर्वाधार र पहुँचमा बृद्धी |
| ७०६३७३५१४ | सामाजिक विकास मन्त्रालय | ३ | प्रदेशको शिक्षा स्वास्थ्य तथा सामाजिक क्षेत्रको विकास गर्ने | साल बसाली | - | २,५०,७२,७८ | सामाजिक क्षेत्रमा कमजोर पूर्वाधार अवस्था | पूर्वाधार र पहुँचमा बृद्धी |

*उल्लिखित कार्यक्रम तथा आयोजनाक हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धी सूचक र आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेको छन ।*

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८०।८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ७०६३७३११३ | सामाजिक विकास मन्त्रालय | श्रम तथा रोजगार प्रवर्द्धन नीति, स्वास्थ्य नीति तथा ऐन लगायत अन्य कार्यविधि तथा निर्देशिकाहरूको तर्जुमा भएको। | स्वास्थ्य, शिक्षा, महिला विकास, बालबालिका लगायतका विषयक्षेत्रगत सूचकहरूमा सुधार भएको हुने । | • प्रदेश युवा सम्मेलन ।<br>• नीति, ऐन, नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा।<br>• स्वास्थ्य सम्बन्धी अध्ययन तथा सर्वेक्षण<br>• छोरि बचत खाता । |
| ३५०००९०१ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन | साविक स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गत रहेको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र छुट्टै कार्यालयको रूपमा स्थापना भइ सञ्चालन भइरहेको। | प्रदेश सरकारका सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक उपकरण तथा औषधिको वितरणको सुनिश्चितता भएको हुने । | |
| ३५०९११२० | एड्स रोग तथा यौन रोग नियन्त्रण | परिवार नियोजन साधन प्रयोगदर ४०.१ प्रतिशत रहेको ।कार्यरत स्वास्थ्यकर्मीको संख्या ३१०० रहेका एचआइभि संक्रमित ६८८ रहेको । | परिवार नियोजन साधन प्रयोगदर ६० प्रतिशत पुगेको हुने ।<br>स्थायी तथा अस्थायी स्वास्थ्यकर्मीहरूको संख्या ३५०० पुगेको हुने ।<br>एचआइभि संक्रमित सबैले एआरभि प्रास गरेको हुने । | • प्रदेशस्तरीय पि.एम.सि.टि कार्यक्रम ।<br>• एचआइभि डाटा रिभ्यू ।<br>• अभिमूखिकरण तथा सशक्तिकरण । |
| ३५०९११२३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | | | • विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।<br>• आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद ।<br>• सामाजिक परीक्षण सम्बन्धी तालिम । |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८०।८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ३५०९११२४ | क्षयरोग नियन्त्रण | जम्मा क्षयरोग विरामीको संख्या १५९३ रहेको । | क्षयरोग विरामीको संख्या १०० मा झरेको हुने। | • MDR सेन्टर/सबसेन्टर विस्तार तथा सुदृढिकरण<br>• जिन एक्सपर्ट परीक्षण व्यवस्थापन |
| ३५०९११२६ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | कुष्ठरोग बिरामीको संख्या ५७ रहेको। | कुष्ठरोग विरामीको संख्या शुन्यमा झरेको हुने। | • स्वास्थ्यकर्मीहरूलाई कुष्ठरोग सम्बन्धी तालिम<br>• कुष्ठरोगीहरूको पालिकागत तथ्याङ्क संकलन, प्रमाणिकरण तथा केश प्रमाणिकरण |
| ३५०९११२७ | महामारी रोग नियन्त्रण कार्यक्रम | कोभिड १९ जस्ता महामारीको प्रभाव न्यून रहेको । | प्रदेशका सबै जनसंख्याले कोभिड १९ लगायत अन्य महामारी विरुद्धको खोप लगाएको हुने । | • नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी औषधि खरिद<br>• संक्रामक तथा महामारीजन्य रोगहरूको निग्रानी कार्यक्रम<br>• खाद्य गुणस्तर निग्रानी |
| ३५०९११२८ | स्वास्थ्य व्यवस्थापन केन्द्र | करिब ३२०० स्वास्थ्यकर्मीहरू कर्णाली प्रदेशभरी सेवारत् रहेको। १०४ प्रतिशत जनसंख्याले बहिरंग सेवा प्राप्त गरेको । | स्थायी तथा अस्थायी स्वास्थ्यकर्मीहरूको संख्या ३५०० पुगेको हुने । | • विभिन्न प्रकारका क्लिनिकल तालिम सञ्चाल<br>• LMIS, HMIS, DHIS सम्बन्धी अनसाइट कोचिङ सञ्चालन |
| ३५०९११२९ | परिवार कल्याण कार्यक्रम | परिवार नियोजनको साधन प्रयोग गर्ने जनसंख्या ४०.१ प्रतिशत रहेको। ४ पटक गर्भ जाँच गराउने ७२.५ प्रतिशत रहेको । | परिवार नियोजनको साधन प्रयोग गर्ने जनसंख्या ५५ प्रतिशत पुगेको हुने । ४ पटक गर्भ जाँच गराउने ८६ प्रतिशत पुगेको हुने । | • अस्पताल मार्फत एमएनएच कार्यक्रम सञ्चालन<br>• परिवार योजना सेवा<br>• प्रजनन स्वास्थ्य रुग्णता सेवा |
| ३५०९११३१ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | | | • सफ्टवेयर नवीकरण तथा परामर्श सेवा<br>• पशुजन्य सरोकार शिविर/क्याम्प सञ्चालन<br>• Accredititors छनौट, विकास र परिचालन सम्बन्धी कार्यविधि निर्माण |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८०।८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| ३५०९११३२ | आयुर्वेद सेवा कार्यक्रम | | | • ज्येष्ट नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम ।<br>• विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम।<br>• प्रयोगशाला सञ्चालन कार्यक्रम । |
| ३५०९११३४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | | • जनसंख्या व्यवस्थापनसँग सम्बन्धित प्रदेशगत समस्या र मुद्दाहरूको पहिचान तथा तर्जुमा ।<br>• प्रदेशस्तरमा जनसंख्या व्यवस्थापनको नोडल इकाइको संस्थागत व्यवस्था । |
| ३५०९११३८ | विद्यालय शिक्षा क्षेत्र योजना ( प्रदेश तथा स्थानीय तह ) | | | • बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि पूर्वाधारयूक्त आवासीय विद्यालय सञ्चालन ।<br>• शिक्षा तालिमकेन्द्रको Digital learning centre को विकास तथा सुदृढिकरण । |
| ३५०९११३९ | राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम | | | • विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।<br>• मानसिक स्वास्थ्य सम्बन्धी तालिम । |

## ३.५.१० जोखिम पक्ष र अनुमान

नीतिगत तथा संस्थागत संरचनाको अभाव, समयमा बजेट खर्च नहुने, स्थानीय स्तरमा विकासको अपनत्व नहुने, स्रोत साधनको समुचित प्रयोग नहुने, सुपरिवेक्षण अनुगमनको अपर्याप्तता, अपर्याप्त समन्वय, आदेशको श्रृंखला (Chain of Command) को अस्पष्टता, पूंजिगत खर्चको लागि कानूनी र प्रकृयागत झण्झट र निरूत्साहन, सम्भावित प्रकोप महामारी, जनशक्तिको अपर्याप्तता लगायतका कारणहरूले मन्त्रालय तथा निकायहरूबाट सञ्चालित कार्यक्रमहरूको कार्यान्वयनमा उल्लेख्य जोखिमहरू रहको देखिन्छ ।

# ३.६ आर्थिक मामिला तथा योजना मन्त्रालय

## ३.६.१ पृष्ठभूमि

आवधिक योजनाको दिर्घकालीन लक्ष्य एवम् उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ। नागरिकको बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रहि सम्बोधन गर्नुपर्ने अवस्था छ। स्रोतको उपलब्धता, आवश्यकता तथा कार्यान्वयन क्षमताको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न सकिएमा सार्वजनिक खर्चको प्रभावकारितामा वृद्धि गर्न सकिन्छ।

समग्र विकास खर्च तथा प्रशासनिक खर्चको आवश्यकता पूरा गर्न, वित्तीय संङ्घीयताको अभ्यासलाई सबल बनाउन र सङ्घीय अनुदान माथिको निर्भरता घटाउन प्रदेशको राजस्व वृद्धि गरी प्रभावकारी परिचालनलाई जोड दिनुपर्ने हुन्छ । आ.व. २०७९/८० मा प्रदेशको कुल ग्रार्हस्थ उत्पादनमा आन्तरिक राजस्वको अनुपात ०.३२ रहेको छ तसर्थ राजस्वको दायरा फराकिलो र दिगो बनाइ प्रदेशको सार्वजनिक वित्त संरचनालाई सक्षम र सुदृढ बनाउनेतर्फ ध्यान केन्द्रित गर्न जरुरी रहेको छ।

समृद्धिको लक्ष्य हासिल गर्न रणनैतिक महत्त्वका उच्च प्रतिफलयुक्त ठुला परियोजनाहरूमा वैदेशिक सहायता, वैदेशिक लगानी एवम् सार्वजनिक ऋण परिचालन मार्फत वित्तीय स्रोतको न्यूनता पूर्ति गर्न जोड दिनुपर्ने हुन्छ। प्रदेशको विकास र समृद्धिको लागि सार्वजनिक स्रोतको परिचालनले मात्र सम्भव नहुने हुँदा निजी र सहकारी क्षेत्रको संयुक्त सहभागितामा दिगो र तीव्र विकास गर्नु आवश्यक छ।

## ३.६.२ समस्या र चुनौतीः

सीमित राजस्व दायरा, न्यून आन्तरिक आय, सङ्घीय अनुदान माथिको निर्भरता, विनियोजन कुशलता एवम् दक्षताको अभाव, कमजोर बजेट कार्यान्वयन क्षमता, न्यून पुँजीगत खर्च एवम् चालु खर्चको बढदो चाप, वित्तीय तथा आर्थिक अनुशासनको अभाव, प्रदेशको आवश्यकता र प्राथमिकताको आधारमा वैदेशिक सहायता प्राप्त एवम् परिचालन हुन नसक्नु, सार्वजनिक ऋण सम्बन्धी स्पष्ट कानुनी प्रबन्धको अभाव जस्ता समस्या प्रमुख रहेको छन्।

## ३.६.३ सोच

- बचत तथा लगानी प्रर्वद्धनबाट समृद्ध अर्थतन्त्र निर्माण (बचत तथा लगानी)
- सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गरी प्रदेशको आर्थिक समृद्धि (सार्वजनिक वित्त)
- राजस्व सङ्कलन तथा परिचालनबाट आत्मनिर्भर, दिगो र सबल प्रदेश अर्थतन्त्रको निर्माण (राजस्व परिचालन)

- वैदेशिक सहायताको परिचालनबाट ठुला आयोजनाहरूको निर्माण (वैदेशिक सहायता परिचालन)
- आर्थिक समृद्धिका लागि सार्वजनिक ऋणको उपयोग (सार्वजनिक ऋण)
- समतामूलक र समृद्ध अर्थतन्त्रको लागि अन्तरसरकारी वित्त व्यवस्थापन (अन्तर-सरकारी वित्त)
- सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीबाट प्रदेशको समतामूलक आर्थिक-सामाजिक विकास (सार्वजनिक-निजी-सहकारी साझेदारी)
- नवीन प्रविधि सहितको प्रयाप्त वैदेशिक लगानी (वैदेशिक लगानी)

## ३.६.४ लक्ष्य

### क. बचत तथा लगानी

- बचत र लागानी परिचालन मार्फत दुई अङ्कको आर्थिक वृद्धिदर हासिल गर्ने।

### ख. सार्वजनिक वित्त

- सार्वजनिक खर्चको नतिजामूखी परिचालनबाट दुई अङ्कको आर्थिक वृद्धि हासिल गर्ने।

### ग. राजस्व परिचालन

- राजस्व सङ्कलनको दायरा फराकिलो गरी प्रदेशको राजस्व चार गुणा वृद्धि गर्ने।

### घ. वैदेशिक सहायता परिचालन

- प्रदेश विकासका प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायतालाई सदुपयोग गरी दिगो, फराकिलो तथा तिव्र आर्थिक विकास हासिल गर्ने।

### ङ. सार्वजनिक ऋण

- विकासका लागि पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा सार्वजनिक ऋणको उपयोय गर्ने।

### च. अन्तर-सरकारी वित्त

- अन्तरसरकारी वित्त हस्तान्तरणको प्रभावकारी परिचालन गर्ने।

### छ. सार्वजनिक-निजी-सहकारी साझेदारी

- सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा लगानी अभिवृद्धि गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र नागरिकको जीवनस्तरमा सुधार गर्ने।

### ज. वैदेशिक लगानी

- वैदेशिक लगानीको उपयोगबाट प्रतिस्पर्धात्मक क्षमता विकास गरी समृद्धि हासिल गर्ने।

### ३.६.५ उद्देश्य

**क. बचत तथा लगानी**

- वित्तीय क्षेत्रको विस्तार, विकास र सुदृढीकरण गर्ने।
- बचत गर्ने क्षमता र बानीको विकास गर्दै लगानी वृद्धि गर्ने।

**ख. सार्वजनिक वित्त**

- प्रभावकारी कानुन एवम् संस्थागत आधारशिला खडा गर्ने।
- बजेट विनियोजन र खर्चमा दक्षता, प्रभावकारिता र आर्थिक अनुशासन सुनिश्चित गर्ने।

**ग. राजस्व परिचालन**

- प्रभावकारी राजस्व संरचना तयार गरी कुल बजेटमा राजस्वको हिस्सा वृद्धि गर्ने।

**घ. वैदेशिक सहायता परिचालन**

- प्रदेश विकासका प्राथमिकता र आवश्यकता अनुरूप अधिकतम वैदेशिक पुँजी र प्रविधि आकर्षित र उपयोग गर्ने।

**ङ. सार्वजनिक ऋण**

- आर्थिक वृद्धि, रोजगारी सिर्जना र पुँजी निर्माणमा सहयोग पुग्ने गरी सार्वजनिक ऋण परिचालन गर्ने।

**च. अन्तर-सरकारी वित्त**

- संघबाट हुने वित्तीय हस्तान्तरणलाई प्राथमिकताका क्षेत्रमा लगानी गर्ने।
- स्थानीय तहको खर्चको आवश्यकता हेरी सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने।

**छ. सार्वजनिक-निजी-सहकारी साझेदारी**

- अनुकूल वातावरण सृजना तथा सुरक्षाको प्रत्याभूति दिइ निजी र सहकारी क्षेत्रलाई लगानीको लागि उत्प्रेरित गर्ने।
- निजी क्षेत्रलाई बस्तु तथा सेवाको सहज आपूर्ति र रोजगारी सिर्जनाका लागि प्रोत्साहित गर्ने।
- सहकारी क्षेत्रलाई स्थानीय बचत सङ्कलन र उत्पादनमूलक क्षेत्रको लगानीमा केन्द्रित गर्ने।

**ज. वैदेशिक लगानी**

- वैदेशिक लगानीको माध्यमबाट पुँजी, प्रविधि, व्यवस्थापकीय र व्यावसायिक सीप तथा कौशल भित्र्याउनु।
- प्रदेशका भौतिक पूर्वाधार, जलस्रोत, खनिज तथा जडिबुटी लगायतका प्राकृतिक स्रोतको सदुपयोगमा प्राथमिकताका साथ वैदेशिक लगानी आकर्षित गर्नु।

## ३.६.६ रणनीति

**क. बचत तथा लगानी**

- वित्तीय सुबिधा र पहुँच सुनिश्चित गर्ने।
- तिव्र र दिगो आर्थिक विकासका लागि लगानी प्रवर्द्धन गर्ने।

**ख. सार्वजनिक वित्त**

- बजेट विनियोजनका मापदण्ड तथा आधारहरूलाई वैज्ञानिक बनाउने।
- वित्तीय प्रणाली प्रभावकारी बनाउदै जोखिमहरूको न्यूनिकरण गर्ने।

**ग. राजस्व परिचालन**

- राजस्वको दायरा फराकिलो बनाइ यसको परिचालनमा दक्षता बढाउने।
- राजस्वलाई प्रदेश समृद्धिको आधार बनाउने।

**घ. वैदेशिक सहायता परिचालन**

- संविधान, सङ्घीय तथा प्रदेश कानुन एवम् राष्ट्रिय नीति अनुरूप वैदेशिक सहायता नीति तर्जुमा गर्ने।
- प्रदेशको आवश्यकता तथा प्राथमिकताका आयोजनामा वैदेशिक सहायता परिचालन गर्ने।

**ङ. सार्वजनिक ऋण**

- घाटा बजेट पूर्तिका लागि सार्वजनिक ऋण परिचालन गर्न सकिने।

**च. अन्तर-सरकारी वित्त**

- प्रदेशको प्राथमिकता, प्रतिष्पर्धात्मक र तुलनात्मक लाभको क्षेत्रमा वित्तीय हस्तान्तरणलाई उपयोग गर्ने।
- स्थानीय तहको आवश्यकताको आधारमा सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने।

**छ. सार्वजनिक-निजी-सहकारी साझेदारी**

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीका लागि नीति, कानुन र संरचनाको व्यवस्था गर्ने। ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई स्पष्ट गरी लगानीको अनुकूल वातावरण सृजना गर्ने। ।

**ज. वैदेशिक लगानी**

- वैदेशिक लगानीमैत्री वातावरण तयार गर्ने। ।
- रूपान्तरकारी आयोजनाहरूमा नयाँ प्रविधि समेत आउने गरी वैदेशिक लगानी गर्न सक्रिय पहल गर्ने ।

## ३.६.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचक | इकाई | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| **प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान** | | | | | | |
| क. प्राथमिक | प्रतिशत | २९.३ | २९.५ | २८.५ | २७.८ | २७.१ |
| ख. द्धितीयक | प्रतिशत | १०.२ | ९.७ | ११.३ | १२.५ | १३.१ |
| ग. सेवा | प्रतिशत | ६०.५ | ६०.८ | ६०.२ | ५९.७ | ५९.८ |
| वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | १.९६ | ३.३९ | ५.८ | ६.२ | ६.८ |
| प्राथमिक क्षेत्रको औषत वृद्धिदर | प्रतिशत | ०.६ | २.२ | ३.४ | ३.९ | ४.५ |
| द्धितीयक क्षेत्रको औषत वृद्धिदर | प्रतिशत | ०.३ | ०.३ | ३.५ | ४.१ | ५.३ |
| सेवा क्षेत्रको औषत वृद्धिदर | | ४.५ | ४.७ | ५.१ | ६.४ | ६.९ |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | १०३१ | १०६६ | ११५० | १२३० | १४५० |
| राष्ट्रिय कुल ग्रार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश | प्रतिशत | ४.२८ | ४.२८ | ४.८ | ५.२ | ५.९ |
| पुँजीगत बजेट खर्च | प्रतिशत | ६५.५३ | ६८ | ७० | ७५ | ७७ |
| चालु बजेट खर्च | प्रतिशत | ७२.३६ | ७६ | ७७ | ८० | ८५ |
| कुल बजेट खर्च | प्रतिशत | ६८.२७ | ७२ | ७४ | ७६ | ८० |
| आन्तरिक राजस्व सङ्कलन | रु करोड | ५७.१७ | ८३ | १०० | ११० | १२५ |

### ३.६.८ त्रि -वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत तथा वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ | १७५३५५ | १६२२०६ | १३१४९ | १७५३५५ | - | - |
| २०८२/८३ | २००००० | १८०००० | २०००० | २००००० | - | - |
| २०८३/८४ | २१२००० | १९०००० | २२००० | २१२००० | - | - |

### ३.६.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको बजेट उपशिर्षक नम्बर, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| बजेट उपशीर्षक | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | आर्थिक मामिला तथा योजना मन्त्रालय | | प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन | सालबसाली | असार १ | • प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण<br>• पुँजीगत खर्च वृद्धि<br>• आन्तरिक स्रोत परिचालन<br>• विनियोजन दक्षता अभिवृद्धि |
| | प्रदेश लेखा नियन्त्रक कार्यालय र लेखा इकाई कार्यालयहरू समेत | | प्रदेश सरकारको लेखा प्रणालीको व्यवस्थापन र खर्चप्रणाली व्यवस्थित गरी आर्थिक अनुशासन कायम गर्ने। | सालबसाली | | • व्यवस्थित लेखा प्रणालीको माध्यमबाट आर्थिक अनुशासन कायम भएको हुने।<br>• सूचना प्रणालीमा आधारित लेखा प्रणालीको विकास। |
| | अर्थ विविध/वित्तिय व्यवस्थापन | | भैपरी आउने सम्भावित दायित्वको स्रोत व्यवस्थापन गर्ने। | सालबसाली | | • सम्भाव्य दायित्वको विषयमा स्रोत व्यवस्थापन भएको हुने।<br>• सह-वित्तीय लगानी अभिवृद्धि हुने। |

| बजेट उपशीर्षक | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | स्थानीय तहलाई हस्तान्तरण हुने। | सालबसाली | | • प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको हुने। |
| | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन | | सालबसाली | | • प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण<br>• पुँजीगत खर्च वृद्धि<br>• आन्तरिक स्रोत परिचालन<br>• विनियोजन दक्षता अभिवृद्धि |
| | प्रदेश लेखा नियन्त्रक कार्यालय र लेखा इकाई कार्यालयहरू समेत | प्रदेश सरकारको लेखाप्रणाली को व्यवस्थापन र खर्च प्रणाली व्यवस्थित गरि आर्थिक अनुशासन कायम गर्ने। | | सालबसाली | | • व्यवस्थित लेखा प्रणालीको माध्यमबाट आर्थिक अनुशासन कायम भएको हुने।<br>• सूचना प्रणालीमा आधारित लेखा प्रणालीको विकास। |
| | अर्थ विविध/वित्तिय व्यवस्थापन | भैपरी आउने सम्भावित दायित्वको स्रोत व्यवस्थापन गर्ने। | | सालबसाली | | • सम्भाव्य दायित्वको विषयमा स्रोत व्यवस्थापन भएको हुने।<br>• सह-वित्तीय लगानी अभिवृद्धि हुने। |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | स्थानीय तहलाई हस्तान्तरण हुने। | | सालबसाली | | • प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको हुने। |

### ३.६.१० जोखिम पक्ष तथा अनुमान

आन्तरिक राजस्व सङ्कलन प्रदेशको स्रोतको आवश्यकताको तुलनामा न्यून हुने, वर्षान्तको अन्त्यमा खर्च हुने प्रवृत्ति, न्यून पुँजीगत खर्च, प्रभावकारी विनियोजन दक्षताको अभाव, सीमित स्रोत र बढ्दो जनअपेक्षा, अन्तरतह समन्वयमा अभाव, आवश्यकतामा आधारित योजना तर्जुमा नहुने, सीमित राजस्व अधिकार जस्ता कारणहरू जोखिमको रूपम रहेका छन्।

## ३.७ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

### ३.७.१ पृष्ठभूमि

प्रदेश शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो। प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सम्बन्धी प्रशासकीय निकायको रूपमा कार्य गर्दैआएको छ ।

प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरू बीच समन्वय, निर्देशन र सुपरीवेक्षण, अन्तर-सरकार समन्वय, प्रदेश सरकारको नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यजिम्मेवारी यस कार्यालयमा रहेको छ।

नेपालको संविधान, सोह्रौ आवधिक योजना, दिगो विकासको लक्ष्यहरुको कार्यान्वयन, प्रदेशको प्रथम आवधिक योजना तथा दोस्रो आवधिक योजनाको अवधारणा पत्र बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न यो मध्यमकालीन खर्च संरचना (आर्थिक २०८१/०८२-२०८३/०८४) यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

### ३.७.२ समस्या र चुनौती

नीतिगत अस्थिरता हुनु, तर्जुमा भएका नीतिको प्रभावकारी कार्यान्वयनको अभाव हुनु, नीति प्रभावकारिता अध्ययन नहुनु, अन्तरसरकार समन्वयलाई प्रभावकारी बनाउन नसकिनु, भ्रष्टाचार तथा अनियमितता, प्रदेश र स्थानीय तहको क्षमता विकास अपेक्षित रुपमा गर्न नसिकनु, संघीय निजामती सेवा सम्बन्धी कानूनको अभावमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सञ्चालनमा द्विविधा भइ समायोजित कर्मचारीको मनोवल न्यून हुनु, कार्यजिम्मेवारी अनुसारको संगठन संरचना नहुनु र व्यवस्थापन परीक्षण लगायतका व्यवस्थापकीय औजारलाई नतिजामूलक बनाउन नसिकनु लगायतका प्रमुख समस्याहरु रहेका छन्।

सार्वजनिक नीति निर्माणलाई तथ्यपरक बनाउनु र यसको प्रभावकारी कार्यान्वयन गर्नु, प्रदेशको एकल र साझा अधिकारका विषयमा कानून निर्माण गर्नु, रिक्त दरवन्दीको माथिल्ला पद पूर्ति गर्नु, कर्मचारीको कार्यसम्पादन व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउनु, संगठन संरचना र दरवन्दीलाई समसामयिक बनाउनु, भ्रष्टाचार र अनियमितता हटाइ सुशासन कायम गर्नु, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको

क्षमता अभिवृद्धि गर्नु, अन्तरसकार समन्वयलाई प्रभावकारी बनाउनु प्रमुख चुनौति रहेका छन्।

## ३.७.३ सोच

- सबै क्षेत्रमा सुशासन (शासकीय सुधार र सुशासन)
- मानव अधिकारमैत्री कर्णाली (मानव अधिकार)
- भ्रष्टाचारमुक्त कर्णाली (भ्रष्टाचार नियन्त्रण)
- सक्षम प्रदेश र स्थानीय तहहरू (प्रदेश तथा स्थानीय तहको क्षमता विकास)

## ३.७.४ लक्ष्य

- कानूनी शासनको प्रत्याभूत हुने गरी चुस्त दुरुस्त सेवा प्रवाह गर्ने। **(शासकीय सुधार र सुशासन**
- संविधान प्रदत्त राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको प्रत्याभूति गर्ने। **(मानव अधिकार)**
- भ्रष्टाचारलाई न्यूनीकरण गर्दै स्वच्छ र सदाचारयुक्त समाज निर्माण गर्दै जाने। **(भ्रष्टाचार नियन्त्रण)**
- प्रदेशको विकास र समृद्धिको यात्रामा प्रभावशाली योगदान दिन सक्ने गरी प्रदेश तथा स्थानीय तहहरूको क्षमता विकास गर्ने । **(प्रदेश तथा स्थानीय तहको क्षमता विकास)**

## ३.७.५ उद्देश्य

- पारदर्शी, जवाफदेही, उत्तरदायी, सदाचारयुक्त र प्रविधिमैत्री सेवा प्रवाहबाट सुशासन कायम गर्नु ।
- मानव अधिकारमैत्री सरकार, समाज र शासन पद्धतिको विस्तार र विकास गर्नु।
- भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासन कायम गर्नु।
- नैतिकवान जनशक्तिको परिचालन र सदाचारयुक्त समाज निर्माण गर्नु।
- सबै स्थानीय तहहरूलाई मानवीय, भौतिक तथा वित्तीय श्रोतसाधन सम्पन्न बनाउनु।
- शासन, विकास निर्माण तथा सेवा प्रवाहमा प्रदेश तथा स्थानीय तहहरूलाई सक्षम तथा प्रभावशाली बनाउनु ।

## ३.७.६ रणनीति

### क. शासकीय सुधार र सुशासन

- सुशासन प्रवर्द्धनका लागि कानूनी, संरचनात्मक र प्रक्रियागत सुधार गर्ने।
- सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित गर्ने।

### ख. मानव अधिकार

- मानव अधिकारमैत्री संस्कारको विकास गर्ने।
- सबै खाले दण्डहिनताको अन्त्य गर्ने।

### ग. भ्रष्टाचार नियन्त्रण

- भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी नीति तथा कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्ने।
- सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवं पारदर्शी बनाउने।

### घ. प्रदेश तथा स्थानीय क्षमता विकास

- प्रदेश तथा स्थानीय तहहरूको क्षमता विकासका लागि कार्ययोजना तयार गर्ने ।
- प्रदेश र स्थानीय तहको कुशल श्रोत परिचालन क्षमता अभिवृद्धि गर्ने ।
- क्षमता विकासका लागि स्थानीय तहसँग आपसी सहकार्य र साझेदारी सुदृढ गर्ने।

## ३.७.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

| क्र. सं. | प्रमुख सूचक | इकाई | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १. | सेवाग्राही सन्तुष्टि सर्वेक्षण | संख्या | - | - | ४ | १० | १५ |
| २. | प्रदेशको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | २.५९ | २.२० | १.९० | १.६० | १.४० |
| ३. | हाम्रा कुरा हाम्रा मुख्यमन्त्री कक्षमा प्राप्त गुनासो फछ्यौंट | प्रतिशत | ६९.३६ | ७५ | ७८ | ८० | ८५ |
| ४. | मानव अधिकार तथा कानूनी सचेतना कार्यक्रम | संख्या | १० | ११ | १२ | १५ | २० |
| ५. | भ्रष्टाचारका | सङ्ख्या | १८१८ | १६०० | १५०० | १४०० | १२०० |

| क्र. सं. | प्रमुख सूचक | इकाई | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | घटनाहरू | | | | | | |
| ६. | सेवाकालीन तालीम लिने कर्मचारी (अधिकृत तथा सहायकस्तर) थप प्रतिवर्ष | संख्या | ० | १९० | ९० | १२० | १५० |
| ७. | राजश्व सुधार योजना निर्माण गर्ने स्थानीय तह | संख्या | ३२ | ४२ | ६० | ७० | ७९ |
| ८. | आवधिक योजना निर्माण गर्ने स्थानीय तह | संख्या | १० | १६ | ३० | ४० | ५० |
| ९. | क्षमता विकास योजना तयार गर्ने स्थानीय तह | संख्या | २४ | ३४ | ५५ | ६५ | ७९ |
| १०. | एकीकृत सेवा प्रवह सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन गर्ने स्थानीय तह | संख्या | - | ३ | ५ | १० | २० |
| ११. | तालिम प्राप्त गर्ने जनप्रतिनिधि संख्या (प्रतिवर्ष थप) | संख्या | २६२३ | २८४० | २९०० | ३००० | ३२०० |
| १२. | मध्यमकालीन खर्च संरचना तयार गर्ने स्थानीय तह | संख्या | - | ४० | ५० | ६० | ७९ |
| १३. | व्यवस्थापन परीक्षण गरिएका निकाय (प्रतिवर्ष) | संख्या | २० | १० | ३० | ३५ | ४० |
| १४. | रोजगारी सिर्जना (लाख) वार्षिक | कार्यदिन | १.१० | १.३० | १.५० | १.६० | १.८० |

### ३.७.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत तथा वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ को अनुमान | १५०३१७५ | १४५८१७५ | ४५००० | १३४८१७५ | १५५००० | |
| २०८२/८३ को प्रक्षेपण | १४८५७४९ | १४७९६७० | ६०७९ | १३२२१७० | १६३५७९ | |
| २०८३/८४ को प्रक्षेपण | १५३४५१५ | १५०४५१५ | ३०००० | १३३७५६५ | १९६९५० | |

### ३.७.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको बजेट उपशिर्षक नम्बर, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | नीतिगत समन्वय र सुशासन कायम गर्ने | - | ५४०००० | सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा सुधार भएको हुनेछ। |
| ३०१००१०२ | मुख्यमन्त्री रोजगार कार्यक्रम | | स्थानीय पूर्वाधार विकास मार्फत बेरोजगार युवालाई | सालबसाली | ३५१०००० | आगामी तीन आर्थिक वर्षमा ३५ हजार बेरोजगार युवाले न्यूनतम १०० कार्यदिन |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|
| | | | रोजगारीको अवसर सिर्जना गर्ने। | | | बराबरको रोजगारी प्राप्त गरेको हुनेछन्। |
| | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | | प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्ने | - | ३२०००० | कम्तीमा ६० प्रतिशत जनप्रतिनिधिले क्षमता विकास सम्बन्धी तालीम प्राप्त गरेको हुनेछन्। |
| ३०१९११२१४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | | प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीह्रुको क्षमता विकास गर्ने । | २०७७/०७८ देखि २०८३/०८४ सम्मा | २४०००० | १. जनप्रतिनिधि तथा कर्मचारीहरूमा विद्यमान कानून कार्यविधिको विषयमा सशक्तिकरण भएको हुने ।<br>२. प्रदेश तथा स्थानीय तहले आफ्ना क्षेत्राधिकारभित्रका विषयवस्तुहरू सम्बन्धी आवश्यक दस्तावेजहरू तर्जुमा गर्ने क्षमता अभिवृद्धि भएको हुने । |

*उल्लिखित कार्यक्रम तथा आयोजनाक हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धी सूचक र आर्थिक वर्ष २०८१।०८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेको छन ।*

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आ.व.२०८१।०८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १. प्रदेश निजामती सेवा ऐन तथा नियमावली लगायतका महत्वपूर्ण कानून तर्जुमा गरी कार्यान्वयन गरिएको।<br>२. कर्मचारीको बढुवा सम्बन्धी कार्य अगाडि बढाइएको, प्रदेश कर्मचारीको व्यक्तिगत सूचना प्रणाली (PIS) तयार गरी अभिलेखलाई व्यवस्थित गरिएको।<br>३. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन पुनसंरचनाको कार्य अन्तिम चरणमा रहेको।<br>४. प्रदेश समन्वय परिषद्को बैठक बसेको। | १. प्रदेश कर्मचारी अभिलेखालय स्थापना भएको हुनेछ।<br>२. प्रदेश तथा स्थानीय तहका सबै कर्मचारीको क्षमता विकास सम्बन्धी योजना तथा नीति बनाइ सबैका लागि कम्तीमा एक तालिम प्रदान गरिनेछ।<br>३. प्रदेश सकरकारका निकाय तथा कर्मचारीको कार्यसम्पादन व्यवस्थापन प्रणाली लागू भइ कार्यसम्पादनलाई वस्तुपरक बनाइनेछ।<br>४. कम्तीमा ८० वटा सरकारी निकायको व्यवस्थापन परीक्षणको गरिनेछ। | व्यवस्थापन परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, कार्यसम्पादन व्यवस्थापन प्रणाली कार्यान्वयन, मानव अधिकार तथा कानूनी सचेतना कार्यक्रम, प्रदेश तथा स्थानीय तहको क्षमता विकास गर्ने। |
| ३०१००१०२ | मुख्यमन्त्री रोजगार कार्यक्रम | ७१८ वटामा योजना कार्यान्वयन भइ १० हजार बेरोजगार युवाले आंशिक रोजगारी प्राप्त गरेको। | स्थानीय पूर्वाधार विकास मार्फत वार्षिक १५ हजार व्यक्तिले प्रत्यक्ष रोजगारीको अवसर प्रास गर्नेछन्। | रोजगार, उद्यमशिलता र उत्पालनमूलक क्षेत्रमा सबै (७१८) वडामा योजना कार्यान्वय गर्ने |

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आ.व.२०८१।०८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | १. ३२ वटा स्थानीय तहको राजश्व सुधार योजना, १० वटा स्थानीय तहको आवधिक योजना, २४ वटा स्थानीय तहको क्षमता विकास योजना र ७९ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण भएको।<br>२. प्रदेश तथा स्थानीय तहका ६४१५ जना कर्मचारी र २६२३ जना जनप्रतिनिधलाई तालिम प्रदान गरिएको।<br>३. मध्यमकालीन खर्च संरचना लगायतका कार्यमा सहयोग पुग्ने गरी अनलाइन तथा डिजिटल अध्ययन सामग्री सामग्री तयार गरिएको। | १. प्रदेश तथा स्थानीय तहका सबै कर्मचारीलाई कुनै न कुनै तालिम प्रदान भएको हुनेछ, अध्ययन अनुसन्धान तथा परामर्श सेवा वापत प्रतिष्ठानलाई क्रमशः स्वनिर्भर बनाउँदै प्रतिष्ठानको कुल बजेटमा आन्तरिक आयमा हिस्सा कम्तीमा १०%, पुगेको हुनेछ। निजी तथा अन्य क्षेत्रको लागि आवश्यक प्रशिक्षण मोड्युल तयार गरिनेछ।<br>२. ५० वटा स्थानीय तहको आवधिक योजना र सबै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयार भएको हुनेछ। | आवधिक योजना, राजश्व सुधार योजना, क्षमता विकास योजना मा प्रशिक्षण गर्ने, व्यावसायिक योजना निर्माण र कार्यान्वयन गर्ने, अधिकृत तथा सहायक स्तरका कर्मचारीलाई छोटो र लामव अवधिको तालिम प्रदान गर्ने, प्रतिष्ठानको प्रशिक्षण भवन सम्पन्न गरी प्रयोगमा लयाउने, तालिम सम्बन्धी पाठ्यक्रम तथा मोड्युल निर्माण गर्ने, एकीकृत सेवा प्रवाह सञ्चालन केन्द्र स्थापना गर्न प्रोत्साहन गर्ने। |

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आ.व.२०८१।०८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३०१९११२१ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | प्रदेश तथा स्थानीय तहको बेरुजु व्यवस्थापन प्रणालीको विकास गरी सो को सञ्चालन सम्बन्धी तालिम दिइएको, विभिन्न क्षेत्रमा प्रशिक्षक प्रशिक्षण तालिम दिइएको, प्रदेश कानून निर्माणमा सहयोग र सहजीकरण भएको, नवप्रवर्तन साझेदारी कोष अन्तर्गत विभिन्न आयोजना कार्यान्वयन गरिएको। | १. १० वटा स्थानीय तहको स्थानगत एकीकृत योजना निर्माण भएको हुनेछ।<br>२. स्थानीय तहको असल अभ्यासको आदानप्रदान भएको हुनेछ। | बेरुजु व्यवस्थापन, कानून निर्माणमा सहजीकरण, नविन परियोजना बैङ्क स्थापना सहयोग, स्थानीय नप्रवर्तन र आर्थिक विकासको कार्य गर्ने |

### ३.७.१० जोखिम पक्ष तथा अनुमान

अन्तरसरकार तथा अन्तरनिकाय समन्वयको अभाव, प्रदेशको नीतिगत अस्थिरता, स्रोतसाधनको अभाव, कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको अभाव लगायतको कारण अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। नीतिगत सामञ्जस्यता र समन्वय, जवाफदेहीताको प्रवर्द्धन, क्षमता विकास, स्रोत साधनको रणनीतिक प्रयोग, तथ्यमा आधारित नीति निर्माण र कार्यान्वयनबाट माथि उल्लेखित जोखिम न्यूनीकरण गरी अपेक्षित नतिजा हासिल गर्न सकिने अनुमान गर्न सकिन्छ।

# ३.८ आन्तरिक मामिला तथा कानून

## ३.८.१ पृष्ठभूमिः

नेपालको संविधानले अंगीकार गरेको तीन तहको शासन प्रणाली अनुरूप प्रदेश सरकार गठन भएको हो । त्यसै अनुरूप प्रदेशमा शान्ति सुरक्षा अमनचैन कायम गर्न आवश्यक पर्ने कानून निर्माण गर्ने, प्रदेशको क्षेत्राधिकार भित्र रहेर यस प्रदेशलाई व्यवस्थित रूपमा सञ्चालन गर्न यस मन्त्रालयको स्थापना भएको हो । समग्र प्रदेशको शान्ति, सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सम्बन्धी कार्यजिम्मेवारी रहेको छ । यसका अतिरिक्त विपद् व्यवस्थापन, कानून तर्जुमा, सञ्चार क्षेत्रका कार्य समेत यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेको छ ।

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै समग्र प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, नेपालको संविधान द्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन ब्यवस्था संचालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरूको तर्जुमा, समसामयिक संशोधन, फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउने यस मन्त्रालयको मूलभूत उद्देश्यहरू रहेका छन् ।

## ३.८.२ समस्या र चुनौतीः

समग्र प्रदेशको शान्ति, सुरक्षा तथा सुव्यवस्थाको जिम्मेवारी रहेको सन्दर्भमा प्रदेश प्रहरी परिचालनमा समन्वयकारी भुमिका मात्र रहनु, विपद प्रतिकार्यको लागि आवश्यक दक्ष जनशक्ति एवम् प्रविधिको अभाव तथा संघीय कानुनसँग सामञ्जस्यता हुने गरी प्रदेश कानून तर्जुमा गर्नु पर्ने समस्या रहेका छन् ।

## ३.८.३ सोच

- शान्तिपूर्ण र सुरक्षित कर्णाली प्रदेश (शान्ति सुरक्षा र सुव्यवस्था)
- विपद् जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश (विपद व्यवस्थापन)
- सूचना र सञ्चार प्रविधियुक्त कर्णाली (सूचना तथा सञ्चार प्रविधि)

## ३.८.४ लक्ष्य

### क. शान्ति सुरक्षा र सुव्यवस्था

- जनजीवन, जनजीविका, लगानी प्रवर्द्धन र दिगो विकासका लागि शान्ति सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति दिनु।

### ख. विपद् व्यवस्थापन

- विपद्का जोखिम तथा प्रभावहरूलाई न्यूनीकरण गर्ने।

### ग. सूचना र सञ्चार प्रविधि

- नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्ने।

## ३.८.५ उद्देश्य

### क. शान्ति सुरक्षा र सुव्यवस्था

- सबै सुरक्षा निकाय र सम्बद्ध पक्षबिच आपसी सहयोग र समन्वय कायम गरी प्रभावकारी र विश्वसनीय सुरक्षा प्रणाली स्थापित गर्नु।
- सुरक्षा निकायलाई समयानुकूल सबल, सुदृढ र जनउत्तरदायी बनाउनु।

### ख. विपद् व्यवस्थापन

- प्रभावकारी पूर्वतयारी गरी विपदबाट हुने क्षतिलाई न्यून गर्नु।
- विपद्को प्रभाव न्यूनीकरण, सामना र द्रुत प्रतिकार्यको क्षमता विकास गर्नु।

### ग. सूचना र सञ्चार प्रविधि

- नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरि डिजिटल कर्णाली निर्माण गर्नु।

## ३.८.६ रणनीति

### क. शान्ति सुरक्षा र सुव्यवस्था

- सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।
- नागरिक मैत्री सुरक्षा व्यवस्था सुदृढ बनाउने।

### ख. विपद् व्यवस्थापन

- उच्च जोखिममा रहेका समुदाय, क्षेत्र र निराकरणका उपायहरू पहिचान गर्ने।
- जोखिम न्यूनीकरण गर्न नीतिगत, संस्थागत र बन्दोबस्ती सम्बन्धी व्यवस्था गर्ने।

### ग. सूचना तथा सञ्चार प्रविधि

- डिजिटल कर्णाली प्रदेशको निर्माण गर्ने।
- सूचना तथा सञ्चार पूर्वाधारको विकास र विस्तार गर्ने।

## ३.८.७ विषय क्षेत्रगत त्रिवर्षीय नतिजा सूचक र लक्ष्य

| प्रमुख सूचक | इकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रति सुरक्षाकर्मी जनसंख्याको अनुपात | अनुपात | १:२४५ | १:२४२ | १:२४० | १:२४० | १:२४० |
| विपद्का घटनामा उद्धार गरिएको | प्रतिशत | १३४ | १२५० | १००० | १००० | १००० |
| इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | - | ४२ | ५८ | ६५ | ८० |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ९६ | १०० | २०० | ३०० | ३०० |
| विपद् घटनाबाट प्रभावित मध्ये पुनर्स्थापित घर परिवार | सङ्ख्या | १६५ | ६२००० | ३४१६ | ३००० | १००० |
| बाढी पूर्व सूचना प्रणाली जडान | सङ्ख्या | - | - | ३ | ५ | १० |
| शान्ती, सुरक्षा र सुव्यवस्था भंग भएका घटनाहरू | संख्या | - | ५४ | ४० | ३० | ३० |
| सुरक्षा निकायका चौकीहरू विस्तार | संख्या | - | - | - | - | - |
| अपराध सर्वेक्षण | संख्या | - | - | - | - | - |
| लागु औषध नियन्त्रण कार्यक्रम लागु गर्ने स्थानीय तह | संख्या | - | ४७ | ७९ | ७९ | ७९ |
| विपद् उद्धारको पूर्व तयारी गरेका स्थानीय तह | संख्या | ७९ | ७९ | ७९ | ७९ | ७९ |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी पूर्वतयारी कार्यक्रम | संख्या | १७ | १९ | २१ | २५ | २५ |
| विपद् घटनाबाट प्रभावितमध्ये राहत प्राप्त गर्ने घरपरिवार | संख्या | ४१६ | ६२००० | ३००० | ३००० | ३००० |
| टेलिफोन (सबै प्रकारको) प्रयोग गर्ने जनसंख्या | प्रतिशत | २.२ | २.८ | ३ | ३.२ | ४ |

| प्रमुख सूचक | इकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| टेलिभिजनमा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ५१ | ५८ | ६० | ६५ | ७० |
| अप्टिकल फाइबर विस्तार | कि.मि. | - | - | ३५० | ३६० | ३६० |
| दुरसञ्चार टावर विस्तार | संख्या | - | - | ४० | ५० | ५० |
| दुरसञ्चार सेवा प्रदायक कम्पनी | संख्या | ४ | ४ | ४ | ४ | ४ |
| केवल टिभि प्रसारण कम्पनी | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| एफ एम च्यानल | संख्या | ४१ | ४७ | ४८ | ५० | ५० |
| दैनिक पत्रपत्रिका | संख्या | १६ | १७ | २४ | २५ | २५ |
| साप्ताहिक पत्रिका | संख्या | ४ | ६ | १२ | १२ | १२ |
| अनलाइन पत्रिका | संख्या | २६ | ४२ | ५८ | ६० | ६० |

श्रोत:आन्तरिक मामिला तथा कानून मन्त्राल

### ३.८.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | | संघ | बैदेशिक |
| २०८१/८२ | २९६४९५ | २५२३५५ | ४४१४० | | २५३३५५ | ४३१४० | - |
| २०८२/८३ | ३११४८५ | २६४९७३ | ४६५१३ | | २६६१८८ | ४५२९७ | |
| २०८३/८४ | ३२९८८६ | २८०८७१ | ४९०१५ | | २८१८७१ | ४८०१५ | |

### ३.८.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | प्रदेश सुरक्षा गोष्ठी कार्यक्रम | प्रदेशको सुरक्षा व्यवस्थापन गर्ने | | ८०० | प्रदेशको सुरक्षा व्यवस्था मजबुद भएको हुने |
| ३१४०००११३ | कर्णाली प्रदेशका पत्रकारहरुको व्यवसायिक क्षमता अभिवृद्धि कार्यक्रम | कर्णाली प्रदेशका पत्रकारहरुको क्षमता अभिबृद्धि गर्ने | | १००० | कर्णाली प्रदेशका पत्रकारहरुको क्षमता अभिबृद्धि भएको हुने |
| ३१४०००११३ | प्राथमिक उपचार तथा खोज उद्धार तालिम | प्राथमिक उपचार तथा खोज उद्धार तालिम सञ्चालन गर्ने | | १००० | प्राथमिक उपचार तथा खोज उद्धार तालिम प्रभावकारी हुने |
| ३१४०००११३ | विपद् जोखिम विरुद्ध सामुहिक दूर्घटना बीमा कार्यक्रम | विपद् जोखिम विरुद्ध सामुहिक दूर्घटना बीमा कार्यक्रम गर्ने | | १७५०० | विपद् जोखिम विरुद्ध सामुहिक दूर्घटना बीमा भएको हुने |
| ३१४०००११३ | संचार उपकरणको बीमा कार्यक्रम | कर्णाली प्रदेशभित्र भएका संचार उपकरणको बीमा गर्ने | | १००० | कर्णाली प्रदेशभित्र भएका संचार उपकरणको बीमा भएको हुने |
| ३१४०००११३ | पत्रकार स्वास्थ्य बीमा कार्यक्रम | प्रदेश भित्रका पत्रकारहरुको स्वास्थ्य बीमा गर्ने | | १५०० | प्रदेश भित्रका पत्रकारहरुको स्वास्थ्य बीमा भएको हुने |
| ३१४०००११३ | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रम | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने | | १००० | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी अभिमुखीकरण भएको हुने |
| ३१४०००११३ | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी सेमुलेसन अभ्यास | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी सेमुलेसन अभ्यास गर्ने | | १००० | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी सेमुलेसन अभ्यास संचालन भएको हुने |
| ३१४०००११३ | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साँकन | कर्णाली प्रदेशमा विपद् जोखिम क्षेत्रको नक्साँकन गर्ने | | २००० | कर्णाली प्रदेशमा विपद् जोखिम क्षेत्रको नक्साँकन भएको हुने |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | विपद् शाहसिक पुरस्कार र वितरण कार्यक्रम | विपद् शाहसिक पुरस्कार र वितरण कार्यक्रम गर्ने | | १५० | विपद् शाहसिक पुरस्कार र वितरण भएको हुने |
| ३१४०००११३ | प्रदेश आपतकालिन कार्यसंचालन केन्द्र व्यवस्थापन | प्रदेश आपतकालिन कार्यसंचालन केन्द्रको व्यवस्थापन गर्ने | | १००० | विपद् व्यवस्थापनमा सहजता हुने |
| ३१४०००११३ | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रका लागि सामाग्री खरिद तथा वितरण | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रका लागि सामाग्री खरिद तथा वितरण गर्ने | | १००० | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रका लागि सामाग्री खरिद तथा वितरण भएको हुने |
| ३१४०००११३ | विपद्संग सम्बन्धीत पूर्व सूचना प्रणाली ब्यवस्थापन कार्यक्रम | विपद्संग सम्बन्धीत पूर्व सूचना प्रणाली स्थापना भई विपद् व्यवस्थापन प्रभावकारी गर्ने | | १००० | विपद्संग सम्बन्धीत पूर्व सूचना प्रणाली स्थापना भई विपद् व्यवस्थापन प्रभावकारी भएको हुने |
| ३१४०००११३ | कर्णाली प्रदेशको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्यक्रम | कर्णाली प्रदेशको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | | ५०० | कर्णाली प्रदेशको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक भएको हुने |
| ३१४०००११३ | ऐन कानून कार्यविधि मापदण्डको मस्यौदा तयारी, परिमार्जन तथा राजपत्र प्रकाशन सम्बन्धी कार्यक्रम | कानुनको निर्माण र प्रकाशन कार्यलाई प्रभावकारी बनाउने | | १००० | कानून निर्माण र प्रकाशन कार्य प्रभावकारी भएको हुने |
| ३१४०००११३ | प्रदेश मन्त्रालय र स्थानिय तहका प्रवक्ता, सूचना अधिकारी बीच अन्तरक्रिया कार्यक्रम | प्रदेश मन्त्रालय र स्थानीय तहका प्रवक्ता, सूचना अधिकारी बीच अन्तरक्रिया गर्ने | | ४०० | प्रदेश मन्त्रालय र स्थानीय तहका प्रवक्ता, सूचना अधिकारी बीच अन्तरक्रिया भएको हुने |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | घरेलु हिंसा न्यूनिकरण र लागु औषद मदिरा एबं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रम | घरेलु हिंसा न्यूनिकरण र लागु औषध मदिरा एबं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने | | १००० | लागु औषध तथा घरेलु हिंसा लगायत सबै किसिमका घटनाहरुको न्यूनिकरण भएको हुने |
| ३१४०००११३ | सीमा क्षेत्रमा हुने आवागमनलाइ व्यवस्थित गर्न डिजिटल प्रविधि जडान | सीमा क्षेत्रमा हुने यातायातको आवागमन सम्बन्धी विवरण व्यवस्थित गर्ने | | १००० | प्रदेशभित्र यातायातको आवागमन सम्बन्धी विवरणबाट अपराध अनुसन्धानमा सहयोग पुग्ने |
| ३१४०००११३ | साइवर अपराध न्युनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | साइवर अपराध सम्बन्धी घटनाहरुको न्यनिकरण गर्ने | | १००० | साइवर अपराध न्यूनिकरण भएको हुने |
| ३१४०००११३ | रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम संचालन | रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम संचालन गर्ने | | ५०० | रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रमबाट प्रदेश सरकारको गतिविधि प्रसार भएको हुने |
| ३१४०००११३ | प्रदेश सरकारका विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाई पदक वितरण तथा सम्मान कार्यक्रम | प्रदेश सरकारका विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाइ पदक वितरण तथा सम्मान कार्यक्रम गर्ने | | ५०० | प्रदेश सरकारका विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाइ पदक वितरण तथा सम्मान भएको हुने |
| ३१४०००११३ | गणतन्त्र दिवस, संविधान दिवस, कानुन दिवस, शहिद दिवस , प्रदेश स्थापना दिवस लगायतका दिवस मनाउने कार्यक्रम | गणतन्त्र दिवस, संविधान दिवस, कानुन दिवस, शहिद दिवस, प्रदेश स्थापना दिवस लगायतका दिवस मनाउने कार्यक्रम गर्ने | | १००० | गणतन्त्र दिवस, संविधान दिवस, कानुन दिवस, शहिद दिवस , प्रदेश स्थापना दिवस लगायतका दिवस मनाउने कार्यक्रम भएको हुने |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | सडक सुशासनका लागि आवशयक साम्रगी खरिद( सन्देशमुलक चिन्ह, सुचना, पम्पलेट, स्टिकर, ब्रेथलाइजर लगायत अन्य)) | सडक सुशासनलाई प्रभावकारी बनाउन सामग्री खरिद गर्ने | | १००० | सडक सुशासनका गतिविधि प्रभावकारी भएको हुने |
| ३१४०००११३ | कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस्नको लागि स्टिकर छपाई | कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस गर्ने | | ३४५ | कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस्नको लागि स्टिकर छपाइ भएको हुने |
| ३१४०००११३ | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रम | लोककल्याणकारी विज्ञापन वितरणलाइ प्रभावकारी बनाउने | | ६००० | लोककल्याणकारी विज्ञापन वितरण मार्फत जनचेतना तथा सचेतना अभिवृद्धि भएको हुने |
| ३१४०००११३ | कारागार कार्यालयका लागी पुस्तक तथा अन्य सामाग्री खरिद | कारागार कार्यालयका लागी पुस्तक लगायत अन्य सामाग्री खरिद गर्ने | | २०० | कारागार कार्यालयका लागी पुस्तक तथा अन्य सामाग्री खरिद भएको हुने |
| ३१४०००११३ | सुरक्षित कर्णाली प्रदेश अभियान कार्यक्रम | सुरक्षित कर्णाली प्रदेश अभियान संचालन गर्ने | | ५०० | सुरक्षित कर्णाली प्रदेश अभियान भएको हुने |
| ३१४०००११३ | कानूनी सचेतना कार्यक्रम | कानूनी सचेतना कार्यक्रम आयोजना गर्ने | | ५०० | नागरिकमा कानूनी सचेतना आएको हुने |
| ३१४०००११३ | मिडिया अन्तरक्रिया कार्यक्रम | प्रदेश भित्रका मिडियाका सवालमा अन्तरक्रिया कार्यक्रम गर्ने | | ५०० | मिडिया सम्बन्धी सुझाव तथा गुनासो संकलन भई मन्त्रालयको कार्यक्रम कार्यान्वयनमा संवोधन भएको हुने |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | डिजिटल कर्णाली कन्क्लेभ कार्यक्रम | डिजिटल कर्णाली कन्क्लेभ कार्यक्रम गर्ने | | १००० | डिजिटल कर्णालीको अवधारणा अनुरुप कार्यक्रम सञ्चालन भएको हुने |
| ३१४०००११३ | संचारसंग सम्बन्धित संघ / संस्थाहरुको संस्थागत सुधार कार्यक्रम | संचारसंग सम्बन्धित संघ / संस्थाहरुको संस्थागत सुधार कार्यक्रम सञ्चालन गर्ने | | १००० | संचारसंग सम्बन्धित संघ / संस्थाहरुको संस्थागत सुधार भएको हुने |
| ३१४०००११३ | सुरक्षा निकायसंग अन्तरक्रिया कार्यक्रम | सुरक्षा निकायसंग अन्तरक्रिया कार्यक्रम गर्ने | | ३०० | सुरक्षा निकायसंग अन्तरक्रिया कार्यक्रम भएको हुने |
| ३१४०००११३ | जनप्रतिनिधीसंग कानूनी सचेतना/अन्तर्क्रिया कार्यक्रम | जनप्रतिनिधीसंग कानूनी सचेतना /अन्तर्क्रिया कार्यक्रम गर्ने | | ५०० | जनप्रतिनिधीसंग कानूनी सचेतना/अन्तर्क्रिया भएको हुने |
| ३१४०००११३ | कर्णाली प्रदेशका सबै घरहरूको विपद् जोखिम बीमा | कर्णाली प्रदेशका सबै घरहरूको विपद् जोखिम बीमा गर्ने | | ४५००० | कर्णाली प्रदेशका सबै घरहरूको विपद् जोखिम बीमा भएको हुने |
| ३१४०००११३ | आपतकालिन सञ्चार केन्द्र (स्याटलाईट ब्रोडव्याण्ड समेत) निर्माण | आपतकालिन सञ्चार केन्द्र (स्याटलाईट ब्रोडव्याण्ड समेत ) निर्माण गर्ने | | २००० | आपतकालिन सञ्चार केन्द्र (स्याटलाईट ब्रोडव्याण्ड समेत ) निर्माण भएको हुने |
| ३१४०००११३ | एकिकृत सुचना प्रणाली निर्माण | एकिकृत सुचना प्रणाली निर्माण गर्ने | | १००० | एकिकृत सुचना प्रणाली निर्माण भएको हुने |
| ३१४०००११३ | प्रादेशिक पत्रकारिता पुरस्कार | प्रादेशिक पत्रकारिता पुरस्कार वितरण गर्ने | | १५० | प्रादेशिक पत्रकारिता पुरस्कार मार्फत पत्रकारहरु प्रोत्साहित भएको हुने |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | मर्यादित यातायात सेवाका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम | मर्यादित यातायात सेवाका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने | | ५०० | यातायात सेवा थप प्रभावकारी भएको हुने |
| ३१४०००११३ | जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम | जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम गर्ने | | ६०० | जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम भएको हुने |
| ३१४०००११३ | पत्रकार कल्याण कोष अनुदान | पत्रकार कल्याण कोषका लागि अनुदान दिने | | ७०० | पत्रकार कल्याण कोष थप सवल भएको हुने |
| ३१४०००११३ | पत्रकारीता अध्ययन छात्रवृत्ति कार्यक्रम | पत्रकारीता अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने | | ८०० | पत्रकारीता अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको हुने |
| ३१४०००११३ | राहत सामग्री खरिद तथा वितरण | राहत सामग्री खरिद तथा वितरण गर्ने | | १५००० | राहत सामग्री खरिद तथा वितरण भएको हुने |
| ३१४०००११३ | जन युद्द जनआन्दोलन तथा प्रदेश प्रासिको आन्दोलनका कार्यक्रममा घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता | जन युद्द जनआन्दोलन तथा प्रदेश प्रासिको आन्दोलनका कार्यक्रममा घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता उपलब्ध गराउने | | ४०००० | जन युद्द जनआन्दोलन तथा प्रदेश प्रासिको आन्दोलनका कार्यक्रममा घाइते अपाङ्गता भएका व्यक्तिको जीवनयापनमा सहजता हुने |
| ३१४०००११३ | आपतकालिन राहत सामग्री खरिद तथा वितरण | आपतकालिन राहत सामग्री खरिद तथा वितरण गर्ने | | ५०० | आपतकालिन राहत सामग्री खरिद तथा वितरण भएको हुने |
| ३१४०००११३ | विपद् व्यवस्थापन कोषमा थप | विपद् व्यवस्थापन कोषमा रकम जम्मा गर्ने | | ५६१ | विपद् व्यवस्थापनमा सहजता आउने |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि सुरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३१४०००११३ | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारलाइ सहित स्मृति भत्ता | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारलाइ सहित स्मृति भत्ता वितरण गर्ने | | ४५००० | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारलाइ थप राहत पुगेको हुने |
| ३१४०००११४ | बिपद् वायर हाउस निर्माण | बिपद् वायर हाउस निर्माण गर्ने | | ५००० | बिपद् वायर हाउस निर्माण भएको हुने |
| ३१४०००११३ | द्वन्द्व पीडित घाईते उपचार कार्यक्रम | द्वन्द्व पीडितबाट भएका घाईतेहरुको उपचार गर्ने | | १५०० | द्वन्द्व पीडितबाट भएका घाईतेहरुको उपचार भएको हुने |
| ३१४०००११४ | कर्णाली प्रदेशभित्रका प्रहरी कार्यालयहरुको पूर्वाधार संरचना निर्माण | कर्णाली प्रदेशभित्रका प्रहरी कार्यालयहरुको पूर्वाधार संरचना निर्माण गर्ने | | २१२४० | कर्णाली प्रदेशभित्रका प्रहरी कार्यालयहरुको पूर्वाधार संरचना निर्माण भएको हुने |
| ३१४०००११४ | बाल सुधार गृह निर्माण | बाल सुधार गृह निर्माण गर्ने | | ३००० | बाल सुधार गृह निर्माण भएको हुने |
| ३१४०००११४ | सुरक्षित मुद्रण ईकाइ स्थापना | सुरक्षित मुद्रण ईकाइ स्थापना गर्ने | | ३००० | प्रदेश सरकारका संवेदनशिल दस्तावेज सुरक्षित मुद्रण इकाईबाट मुद्रण भएको हुने |
| ३१४०००११४ | विपद् सम्बन्धी पोर्टल तथा एप्लिकेसन निर्माण | विपद् सम्बन्धी पोर्टल तथा एप्लिकेसन निर्माण गर्ने | | ५०० | विपद् सम्बन्धी पोर्टल तथा एप्लिकेसन निर्माण भएको हुने |
| ३१४०००११४ | डिजिटल कर्णालीको गुरुयोजना (Masterplan) निर्माण | डिजिटल कर्णालीको गुरुयोजना (Masterplan) निर्माण गर्ने | | १५०० | डिजिटल कर्णालीको गुरुयोजना (Masterplan) निर्माण भएको हुने |

*उल्लिखित कार्यक्रम तथा आयोजनाको हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धी सूचक र* ***आर्थिक वर्ष २०८१।०८२*** *मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेको छन ।*

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११३ | कर्णाली प्रदेशका पत्रकारहरुको व्यवसायिक क्षमता अभिबृद्धि कार्यक्रम | ५०% काम सम्पन्न भएको | पत्रकारहरुको क्षमता अभिवृद्धि हुने | कर्णाली प्रदेशका पत्रकारहरुको व्यवसायिक क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | नेपाल टेलिभिजन कर्णाली ब्यूरो सञ्चालन तथा व्यवस्थापन | - | - | - |
| ३१४०००११३ | गणतन्त्र दिवस, संविधान दिवस, कानुन दिवस, शहिद दिवस, प्रदेश स्थापना दिवस लगायतका दिवस मनाउने कार्यक्रम | १००% काम सम्पन्न भएको | | गणतन्त्र दिवस, संविधान दिवस, कानुन दिवस, शहिद दिवस , प्रदेश स्थापना दिवस लगायतका दिवस मनाउने कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | सशस्त्र प्रहरी उद्दार सामाग्री खरिद, सुर्खेत | १००% काम सम्पन्न | उद्दार कार्य प्रभावकारी हुने | - |
| ३१४०००११३ | विपद्को कारण क्षतिग्रस्त घरहरुको लघुबिमा कार्यक्रम | बजेट समर्पण गरी रकमान्तर गरिएको | क्षतिग्रस्त घरहरुको बिमा हुने | विपद्को कारण क्षतिग्रस्त घरहरुको लघुबिमा कार्यक्रम कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | सडक सुशासनका लागि आवश्यक साम्रगी खरिद (सन्देशमुलक चिन्ह, सुचना, पम्पलेट, स्टिकर, ब्रेथलाइजर लगायत अन्य) | ७०% काम सम्पन्न | सडक सुशासनका कार्यक्रम प्रभावकारी भएको हुने | सडक सुशासनका लागि आवश्यक साम्रगी खरिद( सन्देशमुलक चिन्ह, सुचना, पम्पलेट, स्टिकर, ब्रेथलाइजर लगायत अन्य) कार्यक्रमलाइ निरन्तरता |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११३ | कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस्नको लागि स्टिकर छपाइ | प्रक्रियामा रहेको | शान्ति सुरक्षा प्रवर्द्धनमा सहयोग हुने | कर्णाली प्रदेशभित्रका प्रत्येक घरघरमा प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस्नको लागि स्टिकर छपाइ कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११४ | मन्त्रालयको परिसरमा प्रिफ्याबको भवन निर्माण | - | भौतीक संरचना निर्माण हुने | - |
| ३१४०००११४ | जिल्ला प्रहरी वा अन्तर्गतका कार्यालयहरुको भौतिक संरचना निर्माण | सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुलाइ रकम अख्तियारी प्रदान गरिएको | जिल्ला प्रहरी वा अन्तर्गतका कार्यालयहरुको भौतिक पूर्वाधारको निर्माण हुने | - |
| ३१४०००११४ | इलाका प्रहरी कार्यालय गर्खाकोट जाजरकोटको भवन निर्माण | जिल्ला प्रहरी कार्यालय जाजरकोटलाइ अख्तियारी प्रदान गरिएको | जिल्ला प्रहरी वा अन्तर्गतका कार्यालयहरुको भौतिक पूर्वाधारको निर्माण हुने | - |
| ३१४०००११४ | प्रहरी चौकी हाडाकोट दैलेखको प्रिफ्याब भवन निर्माण | जिल्ला प्रहरी कार्यालय दैलेखलाई रकम अख्तियारी प्रदान गरिएको | जिल्ला प्रहरी वा अन्तर्गतका कार्यालयहरुको भौतिक पूर्वाधारको निर्माण हुने | - |
| ३१४०००११४ | निर्माणाधीन प्रहरी संरचनाको भवन निर्माण सम्पन्न गर्ने कार्यक्रम | - | - | - |
| ३१४०००११४ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माण, जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिम | जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमलाई रकम अख्तियारी प्रदान गरिएको | जिल्ला प्रहरी वा अन्तर्गतका कार्यालयहरुको भौतिक पूर्वाधारको निर्माण हुने | - |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११४ | प्रहरी चौकी माथिल्लो डुङ्गेश्वर दैलेख भवन निर्माण | जिल्ला प्रहरी कार्यालय दैलेखलाई रकम अख्तियारी प्रदान गरिएको | जिल्ला प्रहरी वा अन्तर्गतका कार्यालयहरुको भौतिक पूर्वाधारको निर्माण हुने | - |
| ३१४०००११४ | डिजिटल कर्णाली पाइलट आयोजना | - | - | - |
| ३१४०००११३ | शिक्षाका लागि डिजिटल पूर्वाधार | - | - | - |
| ३१४०००११३ | आपतकालिन राहत सामग्री खरिद तथा वितरण | - | राहत तथा पुनस्थापना कार्यमा सहजता हुने | आपतकालिन राहत सामग्री खरिद तथा वितरणलाइ निरन्तरता |
| ३१४०००११४ | निर्मित भवनको संरचनात्मक सुधार | ३३% पूरा भएको | भवनहरुको संरचनागत सुधार हुने | निर्मित भवनको संरचनात्मक सुधारलाइ निरन्तरता |
| ३१४०००११३ | प्राथमिक उपचार तथा खोज उद्धार तालिम | ३५% पूरा भएको | विपद् स्वयमंसेवकहरुको क्षमता अभिवृद्धि हुने | प्राथमिक उपचार तथा खोज उद्धार तालिमलाइ निरन्तरता |
| ३१४०००११३ | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रम | १००% पूरा भएको | कर्णाली बासीहरुको विपद् दुर्घटना बिमा हुने | विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रमलाइ निरन्तरता |
| ३१४०००११३ | प्राकृतिक प्रकोप एवं विपत सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १००% पूरा भएको | प्राकृतिक प्रकोप सम्बन्धी नागरिकमा क्षमता अभिवृद्धि हुने | प्राकृतिक प्रकोप एवं विपत सम्बन्धी अभिमुखीकरण कार्यक्रम निरन्तरता |
| ३१४०००११३ | प्राकृतिक प्रकोप एवं विपद् सम्बन्धी सेमुलेसन अभ्यास | ३३% पूरा भएको | प्रकोप न्यूनिकरण सम्बन्धी अभ्यास कार्यक्रम संचालन हुने | प्राकृतिक प्रकोप एवं विपत सम्बन्धी सेमुलेसन अभ्यास निरन्तरता |
| ३१४०००११३ | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साङ्कन | प्रक्रियामा रहेको | विपद् सम्बन्धी घटनाहरुको न्यूनिकरण हुने | कर्णाली प्रदेश विपद् जोखिम क्षेत्रको नक्साङ्कन निरन्तरता |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११३ | मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक | १००% पूरा भएको | मनसुन सम्बन्धी पूर्वतयारी योजना निर्माण हुने | मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक निरन्तरता |
| ३१४०००११३ | विपद् शाहसिक पुरस्कार र वितरण कार्यक्रम | ५०% पूरा भएको | विपद्मा संलग्न व्यक्तिहरुको मनोबल उच्च पार्ने | विपद् शाहसिक पुरस्कार र वितरण कार्यक्रम निरन्तरता |
| ३१४०००११३ | विपद व्यवस्थापन कोषमा थप | १००% पूरा भएको | विपद् सम्बन्धी कार्यमा सहजता ल्याउने | विपद व्यवस्थापन कोषमा थप निरन्तरता |
| ३१४०००११३ | विभिन्न सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७०% पूरा भएको | विद्युतिय शासनको अवधारणा कार्यान्वयनमा सहयोग पुग्ने | विभिन्न सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च निरन्तरता |
| ३१४०००११३ | प्रादेशिक पत्रकारिता पुरस्कार | ७०% पूरा भएको | पत्रकारहरु प्रोत्सहित भएको हुने | प्रादेशिक पत्रकारिता पुरस्कार निरन्तरता |
| ३१४०००११३ | प्रदेश सरकारका विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाइ पदक वितरण तथा सम्मान कार्यक्रम | - | प्रदेश सरकारका विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाइ सम्मान गर्ने | प्रदेश सरकारका विभिन्न क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाइ पदक वितरण तथा सम्मान कार्यक्रमलाइ निरन्तरता |
| ३१४०००११३ | प्रदेश आपतकालिन कार्यसंचालन केन्द्र व्यवस्थापन | कार्यान्वयनको चरणमा | प्रदेश आपतकालिन कार्यसंचालनलाइ व्यवस्थित गर्ने | प्रदेश आपतकालिन कार्यसंचालन केन्द्र व्यवस्थापन निरन्तरता |
| ३१४०००११३ | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रका लागि सामाग्री खरिद तथा वितरण | कार्यान्वयनको चरणमा | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रलाइ व्यवस्थित गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रका लागि सामाग्री खरिद तथा वितरण निरन्तरता |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११३ | विपद्संग सम्बन्धीत पूर्व सूचना प्रणाली व्यवस्थापन कार्यक्रम | कार्यान्वयनको चरणमा | विपद्संग सम्बन्धीत पूर्व सूचनाहरुको जानकारी प्राप्त हुने | विपद्संग सम्बन्धीत पूर्व सूचना प्रणाली व्यवस्थापन कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | कर्णाली प्रदेशको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्यक्रम | कार्यान्वयनको चरणमा | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण हुने | कर्णाली प्रदेशको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | विपद् उद्धार सामाग्री खरिद तथा वितरण | कार्यान्वयनको चरणमा | विपद् उद्धार कार्यमा सहजता ल्याउने | विपद् उद्धार सामाग्री खरिद तथा वितरणलाइ निरन्तरता |
| ३१४०००११३ | विपद् व्यवस्थापन सूचना सम्बन्धी डिजिटल डिस्प्ले | कार्यान्वयनको चरणमा | विपद्का सूचनाहरुलाइ प्रशारण गर्ने | - |
| ३१४०००११३ | विपद सम्बन्धी पोर्टल तथा एप्लिकेसन निर्माण | कार्यान्वयनको चरणमा | विपद् सम्बन्धी जानकारी लिन एप्लिकेसन निर्माण भएको हुने | विपद सम्बन्धी पोर्टल तथा एप्लिकेसन निर्माण निरन्तरता |
| ३१४०००११३ | प्रदेश सुरक्षा गोष्ठी कार्यक्रम | कार्यान्वयनको चरणमा | प्रदेशस्तरीय सुरक्षा गतिविधि प्रभावकारी हुने | प्रदेशसुरक्षा गोष्ठी कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | सुरक्षित कर्णाली प्रदेश सुरक्षा योजना कार्यक्रम | कार्यान्वयनको चरणमा | सुरक्षित कर्णाली प्रदेश अभियान कार्य संचालन हुने | सुरक्षित कर्णाली प्रदेश अभियान कार्यक्रमलाई निरन्तरता दिइएको |
| ३१४०००११३ | घरेलु हिंसा न्यूनिकरण र लागु औषध मदिरा एबं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रम | ५ वटा जिल्लामा कार्यक्रम सम्पन्न | घरेलु हिंसा लगायतका सामाजिक हिंसा न्यूनिकरणमा नागरिकमा सचेतना अभिवृद्धि हुने | घरेलु हिंसा न्यूनिकरण र लागु औषध मदिरा एबं सुर्तिजन्य पदार्थको सेवन सम्बन्धी चेतनामूलक कार्यक्रमलाई निरन्तरता |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११३ | सीमा क्षेत्रमा हुने आवागमनलाइ व्यवस्थित गर्न डिजिटल प्रविधि जडान | कार्यान्वयनको चरणमा | सीमा क्षेत्रको आवागमन व्यवस्थित भई अपराध अनुसन्धानमा सहयोग पुग्ने | सीमा क्षेत्रमा हुने आवागमनलाइ व्यवस्थित गर्न डिजिटल प्रविधि जडानलाइ निरन्तरता |
| ३१४०००११३ | साइवर अपराध न्युनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ६०% सम्पन्न भएको | साइवर अपराध न्युनिकरण भएको हुने | साइवर अपराध न्युनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइएको |
| ३१४०००११३ | मर्यादित यातायात सेवाका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम | ९५ प्रतिशत सम्पन्न | यातायात सेवा थप प्रभावकारी हुने | मर्यादित यातायात सेवाका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता |
| ३१४०००११३ | जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम | कार्यान्वयनको चरणमा | कैदी बन्दीको मानसिक अवस्थामा थप सुधार आउने | जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम निरन्तरता |
| ३१४०००११३ | जन युद्द जनआन्दोलन तथा प्रदेश प्रासिको आन्दोलनका कार्यक्रममा घाइते अपाँगता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता | पालिकाहरुबाट विवरण संकलन गरी सम्बन्धीत स्थानीय तहमा अख्तियारी प्रदान गर्ने कार्य अन्तिम चरणमा रहेको | जन युद्द जनआन्दोलन तथा प्रदेश प्रासिको आन्दोलनका कार्यक्रममा घाइते अपाँगता भएका व्यक्तिको जीवनमा सुधार आएको हुने | जन युद्द जनआन्दोलन तथा प्रदेश प्रासिको आन्दोलनका कार्यक्रममा घाइते अपाँगता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता निरन्तरता |
| ३१४०००११३ | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारलाइ सहित स्मृति भत्ता | पालिकाहरुबाट विवरण संकलन गरी सम्बन्धीत स्थानीय तहमा अख्तियारी प्रदान गर्ने कार्य अन्तिम चरणमा रहेको | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारमा थप सहजता हुने | जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका सहिद वा वेपत्ता परिवारलाइ सहित स्मृति भत्ता कार्यक्रमलाई निरन्तरता |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| ३१४०००११३ | द्वन्द्व पीडित घाईते उपचार कार्यक्रम | रु १५ लाख प्रदेश अस्पताल सुर्खेतलाई अख्तियारी प्रदान गरिएको र हालसम्म ९४ जना लाभग्राही लाभान्वीत भएका। | द्वन्द्व पीडितहरुको स्वास्थ अवस्थामा सुधार आएको हुने | द्वद्ध पीडित घाईते उपचार कार्यक्रम निरन्तरता |
| ३१४०००११४ | प्रदेश प्रहरी तालिम केन्द्रको संचरना निर्माण | रकम समर्पण गरिएको | - | - |
| ३१४०००११४ | प्रदेश प्रहरीको विधि विज्ञान प्रयोगशाला संरचना निर्माण | अख्तियारी प्रदान | प्रदेश प्रहरीको विधि विज्ञान प्रयोशाला निर्माण भई कार्यकुशलतामा प्रभावकारीता आउने | - |
| ३१४०००११४ | गैडावाज प्रहरी चौकी प्रिफ्याब भवन निर्माण दैलेख | अख्तियारी प्रदान गरिएको | भवन निर्माण पश्चात कार्यसम्पादनमा सहजता आउने | - |
| ३१४०००११४ | जिल्ला कारागार कार्यालय हुम्लाको भवन निर्माण | अख्तियारी प्रदान गरिएको | भवन निर्माण पश्चात कार्यसम्पादनमा सहजता आउने | - |
| ३१४०००११४ | शहिद पार्क, सुर्खेत, प्रहरी प्रिफ्याब भवन निर्माण | अख्तियारी प्रदान गरिएको | भवन निर्माण पश्चात कार्यसम्पादनमा सहजता आउने | - |
| ३१४०००११४ | जिल्ला कारागार कार्यालय हुम्लाको भवन निर्माण | अख्तियारी प्रदान गरिएको | भवन निर्माण पश्चात कार्यसम्पादनमा सहजता आउने | - |
| ३१४०००११४ | इलाका प्रहरी कार्यालय चौरजहारी, रुकुम पश्चिमको कम्पाण्ड वाल र शौचालय निर्माण | अख्तियारी प्रदान गरिएको | भवन निर्माण पश्चात कार्यसम्पादनमा सहजता आउने | - |
| ३१४०००११४ | जिल्ला प्रहरी कार्यालय, सुर्खेतको | अख्तियारी प्रदान गरिएको | भवन निर्माण पश्चात कार्यसम्पादनमा | - |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| | संरचनागत सुधार खर्च | | सहजता आउने | |
| ३१४०००११४ | मन्त्रालयको वेवसाइट स्तरवृद्धि | ५०% काम सम्पन्न भएको | मन्त्रालयको वेवसाइटको स्तरवृद्धि हुने | - |
| ३१४०००११३ | डिजिटल साक्षरता कार्यक्रम | ५०% काम सम्पन्न भएको | - | - |
| ३१४०००११३ | प्रदेश मन्त्रालय र स्थानिय तहका प्रवक्ता, सूचनाअधिकारी बीच अन्तरक्रिया कार्यक्रम | ५०% काम सम्पन्न भएको | प्रदेश मन्त्रालय र स्थानिय तहका प्रवक्ता, सूचनाअधिकारी बीच समन्वयात्मक सम्बन्ध स्थापना भएको हुने | प्रदेश मन्त्रालय र स्थानिय तहका प्रवक्ता, सूचनाअधिकारी बीच अन्तरक्रिया कार्यक्रमलाइ निरन्तरता |
| ३१४०००११३ | रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम संचालन | ८०% काम सम्पन्न भएको | प्रदेश सरकारका हरेक गतिविधि तथा क्रियाकलापबारे आम नागरिक सुसूचित हुने | रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्रमार्फत प्रदेश विशेष कार्यक्रम संचालनलाई निरन्तरता |
| ३१४०००११३ | पत्रकारहरुको स्वास्थ्य बीमा कार्यक्रम | - | पत्रकारहरुको स्वास्थ्य बीमा भएको हुने | पत्रकारहरुको स्वास्थ्य बीमा कार्यक्रमलाइ निरन्तरता |
| ३१४०००११३ | राष्ट्रिय सामाचार समितिलाइ प्रदेश कार्यालय व्यवस्थापन | ७५% काम सम्पन्न भएको | - | - |
| ३१४०००११३ | प्रदेशको सिनेमा क्षेत्रको विकासको लागि वृतचित्र निर्माण | -- | - | - |
| ३१४०००११३ | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रम | ७५% काम सम्पन्न भएको | जनचेतनामूलक विज्ञापन मार्फत् नागरिकमा चेतना अभिवृद्धि हुने | लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशन कार्यक्रम निरन्तरता |
| ३१४०००११३ | पत्रकार कल्याण कोष अनुदान | काम सम्पन्न | संचारकर्मीको हितकारी कार्यको लागि | पत्रकार कल्याण कोष |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्को प्रगति स्थिति | आगामी ३ आर्थिक वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| | | | कोष स्थापना भएको हुने | अनुदानलाइ निरन्तरता |
| ३१४०००११३ | मिडिया विकास कोष अनुदान | - | - | - |
| ३१४०००११३ | पत्रकारिता स्नातकोत्तर र पि.एच.डि छात्रवृत्ति कार्यक्रम | - | - | पत्रकारिता छात्रवृत्ति कार्यक्रमलाइ निरन्तरता |
| ३१४०००११३ | प्रदेश सरकारका वेवसाइट तथा एप्लिकेसन सुरक्षा जोखिम परिक्षण | - | - | - |
| ३१४०००११३ | विद्युतिय दैनिक जाहेरी सूचना प्रणाली निर्माण | कार्यान्वयनको चरणमा | विद्युतिय दैनिक जाहेरी सूचना प्रणाली व्यवस्थीत भएको हुने | - |
| ३१४०००११३ | डिजिटल तथ्याङ्क संकलन सूचना प्रणाली निर्माण | कार्यान्वयनको चरणमा | डिजिटल तथ्याङ्क संकलन सूचना प्रणाली व्यवस्थित भएको हुने | डिजिटल तथ्याङ्क संकलन सूचना प्रणाली निर्माणलाइ निरन्तरता |
| ३१४०००११३ | विज्ञापन अनुगमन सूचना प्रणाली | कार्यान्वयनको चरणमा | विज्ञापन अनुगमन व्यवस्थित भएको हुने | - |
| ३१४०००११४ | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) निर्माण | - | - | डिजिटल कर्णालीको गूरुयोजना (Masterplan) निर्माणलाइ निरन्तरता |

### *३.८.१० जोखिम पक्ष तथा अनुमान*

विपद् प्रतिकार्य, अपराध अनुसन्धान, सुचना आदानप्रदानमा अन्तरतह समन्वयको अभाव, प्रदेश प्रहरीको संरचना प्रदेश सरकार मातहत नहुनु, प्रदेश प्रहरीको दोहोरो उत्तरदायीत्व, तथ्यमा आधारीत कानून तर्जुमाको अभाव, सञ्चार क्षेत्रको प्रभावकारी नियमन जस्ता विषयहरू जोखिमको रूपमा रहेका छन् ।

## ३.९ प्रादेशिक आयोग तथा निकाय

### ३.९.१ प्रदेश सभा

### ३.९.१.१ पृष्ठभूमिः

नेपालको संविधानको धारा ५६ उपधारा (२) बमोजिम राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले कानून बमोजिम हुने व्यवस्था रहेको र धारा १७५ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम नेपालको संविधानको अनुसूची ४ मा उल्लेखित १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) का ४० जना माननीय सदस्यहरू रहने गरी कर्णाली प्रदेशसभाको गठन हुने प्रावधान छ। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कर्णाली प्रदेशको व्यवस्थापिकाको रुपमा कर्णाली प्रदेशसभाले प्रदेश कानून निर्माणको जिम्मेवारी पाएको छ । यसको प्रमुख कार्य संवैधानिक व्यवस्था बमोजिम प्रदेशमा कानून निर्माण गर्ने हो । यसका अतिरिक्त सरकार निर्माणसँग सम्बन्धित कार्यहरु गर्नु साथै प्रदेश सरकारलाई जनता र प्रदेशसभा प्रति जवाफदेही बनाउनु प्रदेशसभाको अभिन्न कार्यको रुपमा लिइन्छ । कर्णाली प्रदेशसभाअन्तर्गत चार वटा विषयगत समितिहरु रहेका छन् । विषयगत समितिमार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी रहेको छ । प्रदेशसभाको कामकारबाहीलाई प्रशासनिक एवं व्यवस्थापकीय रुपमा सहयोग गर्न प्रदेशसभा सचिवालय रहेको छ ।

### ३.९.१.२ समस्या र चुनौतीः

प्रदेशसभालाई निर्दिष्ट गरिएका काम कारवाहीहरु प्रदेश सरकारका विभिन्न मन्त्रालयसँग अन्तरसम्बन्धित हुने हुँदा समन्वय र सहजीकरण प्रभावकारी बनाउने विषय चुनौतीपूर्ण रहेको छ। कानून निर्माण प्रक्रियालाई अनुसन्धानमूलक बनाउन नसकिनु, सरकार परिवर्तनले कानून निर्माणको पक्ष ओझेलमा पर्नु, विषयगत समितिबीच समन्वयको अभाव रहनु, प्रदेशसभा सचिवालयमा कर्मचारीको अभाव एवं कर्मचारीको क्षमता अभिवृद्धि गर्न नसकिनु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

### *३.९.१.३* सोचः

- जनमुखी र जवाफदेही प्रदेश सभा

### *३.९.१.४ उद्देश्यः*

- जनप्रतिनिधिमूलक संस्थाको हैसियतले जनचाहना अनुरुपको कानून निर्माण गर्ने ।
- प्रदेश सरकारलाई पारदर्शी,जवाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्ने।

### *३.९.१.५ रणनीतिः*

- संविधानको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानून निर्माण गर्ने ।
- कानून तर्जुमा प्रक्रियालाई पारदर्शी र सहभागितामूलक बनाउने ।

### ३.९.१.६ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत तथा वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ | १४२५०० | १३५००० | ७५०० | ० | १४२५०० | |
| २०८२/८३ | १६०४९७ | १५२९२० | ७५७७ | ० | १६०४९७ | |
| २०८३/८४ | १८७१९३ | १७९६०९ | ७५८४ | ० | १८७१९३ | |

### ३.९.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि सूचक | आ.व.२०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| २०२०००१२ | पुँजिगत सुधार खर्च (सार्वजनिक निर्माण)<br>१. प्रदेश सभाको पर्खाल निर्माण क्रमागत<br>२. समिति तथा अन्य संरचनाहरुको छाना मर्मत सुधार | - प्रदेशसभाको अगाडि पट्टीको पर्खाल निर्माण सुचारु रहेको अझै करिब २३७ मी. ग्रिलको काम बाहेक अन्य निर्माण सम्पन्न हुने। | - प्रदेशसभाको वरिपरि पर्खाल निर्माण भै सुरक्षाको दृष्टिले सहज भएको हुने ।<br>- खोलाको किनारमा भू-क्षयले पर्खाल भत्किने जोखिम न्यून हुने ।<br>- प्रदेश सभाका विभिन्न भवनहरुको छाना मर्मत भई चुहिने समस्या समाधान हुने, नियमित मर्मत सुधार भै भवनको आयु बढेको हुने ।<br>- कर्मचारीहरुका लागि सवारी साधन सुरक्षित पार्किङ सम्भव हुने ।<br>- सचिवालयका गाडी धुन र बगैंचामा सिंचाई गरी पानीको बचत तथा सदुपयोग गर्न सहज हुने | - प्रदेश सभाको अगाडि पट्टीको भागमा बाँकी रहेको पर्खालमा बाँकी रहेको ग्रिलको कार्य,<br>- प्रदेश सभा परिसरका समितिका हल, पुस्तकालय, दलका कार्यालय आदिको छानो मर्मत एवं सुधार<br>- सचिवालयका कर्मचारीहरुका लागि मोटरसाइकल ग्यारेज निर्माण<br>- गाडी धुने र बगैंचा सिंचाई प्रयोजनका लागि रिजर्ब ट्याङ्की निर्माण।<br>- चालु तर्फका विविध कार्यक्रमहरु समेत यसै आ.व.मा सञ्चालन गरिने। |

### ३.९.१.९ जोखिम पक्ष तथा अनुमान

कानूनको शासन, विधि स्थापनालगायतका पक्षमा प्रदेश व्यवस्थापिकाको आवश्यकता र महत्त्वलाई जनस्तरमा पुऱ्याउन स्रोत साधन, क्षमता, व्यवस्थापकीय शैली एवं नवीनतम् प्रविधिको समुचित उपयोग गर्न नसकिएमा अपेक्षित लक्ष्य एवं उद्देश्य हासिल हुन नसक्ने मुख्य जोखिम रहेको छ ।

## ३.९.२ प्रदेश लोक सेवा आयोग

### ३.९.२.१ पृष्ठभुमी

नेपालको संविधानको धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गगठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरूको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रमुख जिम्मेवारी रहेको ।

लोक सेवा आयोगले आफ्नो स्थापनाकाल देखि नै कर्मचारी नियुक्ति गर्दा निष्पक्षता, योग्यता र स्वच्छताका सिद्धान्तहरूलाई अवलम्बन गर्दै आफ्नो गरिमामय निर्माण गरेको छ । सोही अनुसार नेपालको संविधानले व्यवस्था गरे बमोजिमको पहिलो पटक अभ्यासमा रहेको तीन तहको सरकारमध्ये प्रदेश र स्थानीय तहमा प्रदेश लोक सेवा आयोगको क्षेत्राधिकार भित्रका आवश्यक जनशक्ति छनौटका लागि पाठ्यक्रम निर्धारण गरी परीक्षा सञ्चालन गर्ने, योग्य उम्मेदवारहरू छनोट गरी स्थायी नियुक्तिका लागि सिफारीस गर्ने, प्रदेश निजामती सेवा र अन्य सेवामा योग्य उम्मेदवारहरू आकर्षित गर्ने, निजामती कर्मचारीको सेवा शर्त सम्बन्धी विषयमा परामर्श उपलब्ध गराउने, जनशक्ति व्यवस्थापनमा प्रचलित कानूनहरूको पालना भए नभएको अनुगमन गरी नियमन गर्ने लगायतका कामहरू आयोगले आगामी दिनहरूमा प्रभावकारी रूपमा सम्पन्न गर्नुपर्ने अवस्था छ।

### ३.९.२.२ समस्या र चुनौतीः

भर्खर स्थापना भएको आयोगको सामु सानो संगठन संरचना, सीमित जनशक्ति तथा अन्य भौतिक कठिनाइहरू चुनौतीपूर्ण रहेका छन् । आयोगको केन्द्रीय कार्यालय सुर्खेतमा रहेको तर संघीयताको मर्म अनुरूप परीक्षामा सहभागी हुने अन्य जिल्लाका परीक्षार्थीहरूलाई प्रदान गर्नुपर्ने सुबिधा, यस आयोग सामु सीमित श्रोत र साधनका कारण सोही मानक कायम गरी कुनै पनि प्रकारका दबाब र प्रभावसँग सम्झौता नगरी कार्यसञ्चालन गर्ने चुनौती पनि आयोग सामु छ ।

### ३.९.२.३ सोचः

- प्रदेश निजामती सेवा, स्थानीय सेवा र संगठित संस्थाको कर्मचारी भर्ना प्रक्रियालाई निष्पक्ष, विश्वसनीय, पारदर्शी र योग्यतामा आधारित बनाउने ।

### ३.९.२.४ लक्ष्यः

प्रदेश लोकसेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई बनाई प्रदेश र स्थानीय सरकारी सेवामा उपयुक्त र सक्षम मानव संशाधन छनौट गर्ने ।

### ३.९.२.५ उद्देश्यः

- प्रदेश एवं स्थानीय सरकारी सेवालाई सुदृढ, विश्वसनीय, प्रतिस्पर्धि, उत्तरदायी तथा समावेशी बनाउने।
- प्रदेश तथा स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून तर्जुमा, नियुक्ति, सरुवा, बढुवा एवम् सजाय उपर परामर्श दिने ।

### ३.९.२.६ रणनीतिः

- निष्पक्ष तथा स्वत्त्ररूपमा कार्य सम्पादन गर्ने ।
- कानून बमोजिम समावेशीताको सिद्वान्त अवलम्वन गर्ने ।

### ३.९.२.७ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| आ.व. | बजेट अनुमान | | | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत तथा वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | राजस्व |
| २०८१/८२ | १०४००० | ९९००० | ५००० | | १०४००० | |
| २०८२/८३ | १०५०७४ | १०००२२ | ५०५२ | ० | १०५०७४ | |
| २०८३/८४ | १०५२०६ | १००१०६ | ५१०० | ० | १०५२०६ | |

### ३.९.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको बजेट उपशिर्षक नम्बर, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | हाल सम्मको प्रगतिको स्थिति | आगामी वर्षको उपलब्धि | आ.व. २०८१/८२ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| २१००००११३ | प्रदेश लोक सेवा आयोग प्रशासनिक खर्च समेत | ४९.७६ प्रतिशत | ८५ प्रतिशत | दरखास्त फाराम स्विकृति, प्रश्न निर्माण, परिक्षा संचालन, कोडिङ, डिकोडिङ, उत्तर पुस्तिका परिक्षण, नतिजा प्रकासन, लगायत परिक्षा सञ्चालन सम्बन्धी कार्य |
| | | | | प्रदेश लोक सेवा आयोगको दिर्घकालीन रणनीतिक योजना निर्माण, आयोगमा कार्यरत पदाधिकारी र कर्मचारीहरुलाई क्षामता अभिवृद्धि तालिम/ कार्यशाला गोष्ठी, प्रदेश तथा स्थानीय तहका सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम (माग संकलन, माग आकृति फाराम भर्ने तरिका, प्रतिशत (पदसंख्या) निर्धारण लगायत अन्य नीतिगत तथा कानूनी विषयमासमेत छलफल), आयोगको |

| व.उ.शि.नं. | कार्यक्रम/ आयोजना | हाल सम्मको प्रगतिको स्थिति | आगामी वर्षको उपलब्धि | आ.व. २०८१/८२ मा संचालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| | | | | परीक्षामा परिचालन हुने जनशक्तिलाई परीक्षा सञ्चालन सम्बन्धी कार्यको अभिमुखीकरण कार्यक्रम,प्रदेश लोक सेवा आयोगको स्थापना दिवस मनाउने तथा स्मारिका प्रकाशन खर्च,अन्तरप्रदेश लोक सेवा आयोगबीच सफल अभ्यास आदान प्रदान तथा अन्तर प्रदेश अवलोकन भ्रमण |
| २१०००००१३ | प्रदेश लोक सेवा आयोग प्रशासनिक खर्च समेत | ६४.२९ प्रतिशत | ८० प्रतिशत | आयोगका पदाधिकारीहरुको सेवा सुविधा र पारीश्रमिक |
| २१००००११४ | प्रदेश लोक सेवा आयोग प्रशासनिक खर्च समेत | ३२.७६ प्रतिशत | ९० प्रतिशत | आयोगको कार्यालय प्राङ्गणभित्र सेवाग्राही प्रतिक्षालय, सार्वजनिक शौचालय (अपाङ्गमैत्री), स्तनपान कक्ष, परीक्षा तथा बैठक हल निर्माण (फर्निचरसहित) र सवारी पार्किङ्ग व्यवस्थापनको लागि ग्यारेज निर्माण (दुई पाङ्ग्रे तथा चार पाङ्ग्रेसमेत) |

श्रोत: प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश।

### ३.९.२.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय निजामति सेवा ऐन समयमा तर्जुमा नहुँदा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सुबिधा तथा वृत्तीविकासमा असर पर्ने, उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्नु, पाठ्यक्रम सुधार, संस्थागत क्षमता अभिवृद्धि जस्ता जोखिम पक्ष रहेका छन् ।

## ३.९.३ मुख्य न्यायाधिवक्ताको कार्यालय

### ३.९.३.१ पृष्ठभुमी

नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था रहेको छ । प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धि कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने । प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यन्वयनको अनुगमन गर्ने । प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बानाउनु पर्ने वा भैरहेको कानुन संसोधन गर्नु परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने । प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने । प्रदेश भित्र रहेका हिरासत थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धि प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन् । मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराएका सरकारी वकिलहरु र प्रदेश सरकारबाट समायोजन भई आएको जनशक्तिबाट कार्यालयमा कार्यसम्पादन हुदै आएको छ । मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरू मातहतका अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

### ३.९.३.२ समस्या र चुनौती

- दरबन्दी बमोजिमको जनशक्ति उपलब्ध नहुदा कार्य सम्पादनमा जटिलता ।

- तहगत, निकायगत र कार्यगत समन्वय प्रभाबकारी हुन नसक्दा मुद्दाको प्रतिरक्षामा कठिनाई ।
- क्षमता बिकास सम्बन्धि तालिमको व्यबस्था नहुदा कार्य सम्पादनमा जटिलता।
- भौगोलिक विविधता, विकटता र मौसमि प्रतिकूलताका कारण समयमा कार्यक्रम सम्पन्न हुन नसक्नु कार्यालयको स्वामित्वमा आफ्नो जग्गा र भवन नहुनु ।
- सर्बोच्च अदालत काठमाण्डौं, उच्च अदालत पाटन ललितपुर लगायतका अदालतमा मुद्दाको पेशीको दिन अनिवार्य उपस्थित हुनुपर्ने तर मुद्दाको पालो नआउने/हेर्न नभ्याइने सोहि मुद्दाकौं हप्ता हप्तामा पेशि तोकिदा काठमाडौं जानु पर्ने हुदा बजेट रकमान्तर गरि काम गर्नु पर्ने बाध्यता ।

### ३.९.३.३ सोचः

संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई सम्बन्धित अदालतमा वहस पैरवी र प्रतिरक्षा गर्ने , मानव अधिकारको संरक्षण गर्दे कानुनी शासनको सुनिश्चतता कायम गर्नु समेत दिर्घकालिन सोच रहेको छ ।

### ३.९.३.४ ध्येय

संवैधानिक र कानुनी विषयमा अध्ययन अनुसन्धान, प्रशिक्षण, अन्तर्किया, छलफल गर्ने र प्रहरी हिरासत र कारागारमा रहेका थुनुवा तथा कैदीहरुको मानव अधिकारको अवस्था बारे जानकारी लिई सुधारका लागि संघ तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

### ३.९.३.५ रणनितिक उद्देश्यः

- रिट निवेदनको प्रभावकारी प्रतिरक्षा गर्ने ।
- संवैधानिक र कानुनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने ।
- संस्थागत सुदृढीकरण गर्ने ।
- मानव अधिकारको संरक्षण गर्ने ।
- कानुनी राय सल्लाह र परामर्श दिने ।

### ३.९.३.६ कार्यक्षेत्र

क. प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धि कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट सम्बन्धित अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने ।

ख. प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने ।

ग. प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने ।

घ. प्रदेश भित्र रहेका प्रहरी हिरासत तथा थुनुवा कक्ष र कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धि प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने ।

### ३.९.३.७ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्यः-

| सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ अवस्था (हजारमा) | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी हजारमा | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | आ.व. २०८३/०८४ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | १५८०० | १६००० | १७६२९ | २२०१७ | २२६९४ |
| | | | | | | |

### ३.९.३.८ त्रि-वर्षीय खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| आर्थिक वर्ष | बजेट | | | | श्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | | संघ | वैदेशिक |
| २०८१/८२ | १७६२९ | १७१७९ | ४५० | | १७६२९ | ० | |
| २०८२/८३ | २२०१७ | २०९१० | ११०८ | | २१५१७ | ५०० | |
| २०८३/८४ | २२६९४ | २२१६५ | ५३० | | २२१६४ | ५३० | |

### ३.९.३.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको बजेट उपशिर्षक नम्बर, आयोजना अवधि, लागत र अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| बजेट उपशीर्षक | कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना अवधि सूरु र समाप्ति मिति | लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २१६०००११ | मुख्य न्यायाधिवक्ताको कार्यालय | संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकारलाइ कानूनी राय उपलब्ध गराउने। प्रदेश सरकारको तर्फबाट न्यायिक निकायको प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने । | सालबसाली | २२०१७ | |

*उल्लिखित कार्यक्रम तथा आयोजनाक हालसम्मको प्रगति स्थिति, आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धी सूचक र आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप देहायबमोजिम रहेको छन ।*

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|
| २१६०००११ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ६०.८८% | | • प्रदेशभित्र कारागार तथा हिरासत कक्ष निरीक्षण।<br>• विभिन्न क्षमता विकास सम्बन्धी तालिम सञ्चालन।<br>• लिखित जवाफ एवं कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम्। |

### ३.९.३.१० जोखिम पक्ष तथा अनुमान

संघीय निजामती सेवा ऐन तर्जुमा नहुँदा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सुबिधा तथा वृत्ति विकासमा असर पर्ने, उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाइ प्रवर्धन गर्नु, पाठ्यक्रम सुधार ,संस्थागत क्षमता अभिवृद्धि जस्ता जोखिमका पक्ष रहेका छन्।

## ३.९.४ कर्णाली प्रदेश योजना आयोग

### ३.९.४.१ पृष्ठभूमि

